कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो


# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २४ ● अं... AY, 11 JANUARY 2019 ● काठमाडौं शुक्रबार, पुस २७, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-




तस्बिर सौजन्य : महेश्वर महर्जन



तस्बिर : प्रविण रानाभाट

## गायक स्वप्न सुमन भन्छन्

भविष्य त कसैलाई थाहा हुँदैन, तर अहिले मैले गायनबाहेक अरू केही पनि सोचेको छैन ।

पृष्ठ ५ मा

# विश्वविजेता


पृष्ठ २८ मा



## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | भद्रगोल-१९२ | च्यानल | मिडिया हब |
| २ | मिस्टर झोले | च्यानल | हाइटेक इन्टरटेन्मेन्ट |
| ३ | लालटीन | च्यानल | हाइलाइट्सनेपाल |
| ४ | पिरतीको मीठो | च्यानल | ओएसआर |
| ५ | बिहेको दिनकै भोलिपल्ट | च्यानल | नयाँ नयाँ न्युज नेपाल |
| ६ | सिलिसिला | च्यानल | कलर्स टिभी |
| ७ | अन्ततः मिडियामा बोल | च्यानल | अनलाइनटिभी नेपाल |
| ८ | कार्टुन्स क्रू जुनियर | च्यानल | द कार्टुन्ज क्रू |
| ९ | महाभारत | च्यानल | कलेजेज नेपाल |
| १० | शायद-२ | च्यानल | हाइलाइट्स मुभिज |

# फेसबुकमा निर्मल शर्माको यो साता



**पुस २० गते शुक्रबार** : मान्छेले जब सजिलै धेरै पैसा कमाउँछ, तब उसको घरमा नयाँ-नयाँ सामान मात्र आउँछ, तर मान्छेले जब असहाय, दुःखीहरूको आशीर्वाद कमाउँछ नि, तब उसको घर-परिवारमै खुसी, स्वस्थपन अनि माया आउँछ ।

**पुस २० गते शुक्रबार** : म एउटा स्पष्ट देशभक्त मान्छेको पक्षमा छु, जसलाई विगत २० वर्ष अघिदेखि नजिकबाट चिन्छु । पक्षमा हुनुको अर्थ कसैको विपक्षमा हुनु पनि होइन । मैले चिनेको रवि लामिछाने अत्यन्त स्वभिमानी अनि इमान्दार व्यक्ति हो ।

**पुस २१ गते शनिबार** : अलि बुझ्ने उमेर भएपछि बुद्धिजीवी वर्ग भन्ने शब्द सुनेको थिएँ । एकदम हेर्न अनि भेट्न उत्सुकता हुन्थ्यो । आजभोलि फेसबुक हेर्दा बुद्धिजीवी धेरै जन्मिएर होला, त्यतातिर पो प्रभावकारी परिवार नियोजनको विज्ञापनको आवश्यकता देखें मैले ।

**पुस २१ गते शनिबार** : छक्क परेको म पनि एउटा मपाईं बुद्धिजीवी ।

**पुस २२ गते आइतबार** : म आफ्नो मुटुप्रति गर्व गर्छु । तपाईंलाई थाहा छ किन ? मानिसहरूले यसैलाई खेल्छन्, यसलाई दुख्छ, यो टुक्रिन्छ तर खै कसरी-कसरी, त्यति हुँदा पनि यसले उत्कृष्ट तरिकाले काम गरिरहन्छ ।

**पुस २३ गत सोमबार** : हिजो पिपुल टु पिपुलका तर्फबाट वरिष्ठ गायक ओमविक्रम विष्टको सहयोगार्थ गरिएको कार्यक्रमबाट उठेको रकम १ लाख ६० हजार रुपैयाँ चेक र क्यास उहाँका छोरा शिखर विष्टमार्फत हस्तान्तरण गरियो । ओम दाइको शीघ्र स्वास्थलाभको कामनासहित कार्यक्रममा सहयोग गर्नुहुने सम्पूर्णलाई धन्यवाद ।


**पुस २४ गत मंगलबार** : गज्जब कथा, रहर लागेको रोल, मनपर्ने क्रिएटिभ लेखक/निर्देशक 'हृदयभरी' आभारी छु । लगानी गर्ने निर्माताज्यूहरू तथा सुरज सुब्बा सरसँग, मलाई निर्मल सुब्बा सम्झेरै सिकाउनु होला ।

**पुस २४ गते मंगलबार** : आज, लाजिम्पाटको दलिन रेस्टुरेन्टमा रायोको सागको मिक्स सुप र फापरको रोटी-आगो ।

**पुस २५ गते बुधबार** : म राष्ट्र निर्माताको जन्मदिन मनाउँछु ।



■ **हाम्रो जोडी** : अभिनेत्री प्रियंका कार्की र अभिनेता आयुष्मान देशराज जोशीको ठमेलमा खिचिएको यो तस्बिरले २४ घण्टाको अवधिमा ४८ हजार लाइक तथा १ सय ७५ वटा प्रतिक्रिया पाएको छ । यो तस्बिर गत मंगलबार इन्स्टाग्राममा अपलोड गरिएको हो ।



■ **नयाँ अनुहार** : चलचित्र सय कडा दशबाट अभिनेत्रीका रूपमा पदार्पण गर्न लागेकी अभिनेत्री करुणा श्रेष्ठ ।



■ **सप्तरंगी** : माघ १८ गते प्रारम्भ हुने सप्तरंगी शीर्षकको सांगीतिक कार्यक्रमको लागि तयार पारिएको प्रचार सामाग्रीमा गायकहरू रामकृष्ण ढकाल, प्रमोद खरेल, पशुपति शर्मा, गायिका ईन्दिरा जोशी, व्यंग्यकार सन्दीप क्षेत्री, खेलाडी दीपक विष्ट तथा नृत्यांगना अञ्जली अधिकारी ।



संगीतकार अम्बर गुरुङको घरमा फेरि शोक । गायक तथा संगीतकार अम्बर गुरुङको निधनपछि उहाँकी पत्नी वीणा गुरुङको निधन भएको छ महिना नबित्दै फेरि उहाँकी जेठी बुहारी गंगा गुरुङको निधन भएको छ । प्रसिद्ध संगीत संयोजक एवं संगीतका गुरु किशोर गुरुङकी जेठी श्रीमती गंगाको हृदयघातका कारण निधन भएको हो । शोकाकुल परिवारमा हार्दिक समवेदना । विशेष किशोरजी, भाइ तथा छोराहरूलाई ।

**प्रकाश सायमी**



विमान खरिद

भ्रष्टाचारको गहन राष्ट्रिय चर्चालाई राजनीतिक कित्ताकाट गरि अनुसन्धानलाई लछारपछार गर्ने जुन दुष्प्रयास गरिंदैछ, त्यसबाट केवल निर्दोषहरूको सफा छविमा हिलो लाग्ने र दोषी सबैलाई (दृष्य/अदृष्य) उन्मुक्ति दिलाउने बाहेक केही हुने छैन, बेलैमा सम्बन्धित सबैले आँट गरे राम्रो ।

**रियाक्ट** : १,१२६, **रिट्वीट** : १६०, **प्रतिक्रिया** : २४

Bhusan Dahal@DahalTbd

# अमेरिकामा नेपाली फिल्म एवार्ड




शिव शर्मा

अमेरिकाको कोलोराडोस्थित डेन्भरमा सम्पन्न तेस्रो ग्लोबल नेपाली फिल्म एवार्डमा रमेश बुढाथोकी र नीता ढुंगानाले सर्वोत्कृष्ट अभिनेता तथा अभिनेत्रीको एवार्ड हात पारेका छन् । बुढाथोकीले भुइँमान्छेबाट र ढुंगानाले पञ्चायतबाट एवार्ड प्राप्त गरेका हुन् ।

उक्त अवसरमा स्टार अफ द इयरको एवार्ड अभिनेता प्रदीप खड्काले पाए भने सर्वोत्कृष्ट फिल्मको एवार्ड छक्कापञ्जा-२ ले प्राप्त गर्‍यो । सर्वोत्कृष्ट निर्देशकको एवार्ड दीपाश्री निरौला तथा सहअभिनेताको एवार्ड जितु नेपालले जितेको ग्लोबल नेपाली फिल्म्स एवार्डमा केदार घिमिरे (मागने बूढा) सर्वोत्कृष्ट हास्यअभिनेता एवं पुरुषोत्तम प्रधान सर्वोत्कृष्ट छायाँकार घोषित भए ।



संगीततर्फ ऐश्वर्यको तिमी रोएको पलले सर्वोत्कृष्ट गीतको एवार्ड प्राप्त गरेको छ भने सर्वोत्कृष्ट सिने संगीतकारको एवार्ड अर्जुन पोखरेल, गायकको एवार्ड सुगम पोखरेल तथा गायिकाको एवार्ड मीना निरौलाले हात पारे ।

ग्लोबल नेपाली फिल्म एवार्ड तथा नेपाल फिल्म सोसाइटीद्वारा आयोजित उक्त कार्यक्रममा अभियानश्री एवार्ड हास्यअभिनेता नारायण त्रिपाठी, निर्देशक सुरेश दर्पण पोखरेल, सूर्य बोहोरा तथा खेलाडी यज्ञलाल श्रेष्ठले प्राप्त गरे । दिवंगत स्रष्टाको नाममा स्थापना गरिएको रामेश्वर बोगटी एवार्डमा विक्रान्त बस्नेतले कब्जा जमाए । ग्लोबल नेपाली सिनेमा विशिष्ट सम्मान निर्देशक सैलेश आचार्य, गायक प्रेमराजा महत एवं चलचित्र वितरक मुकुन्द ढुंगानालाई प्रदान गरियो ।

नेपाली फिल्म डायस्पोरा एवार्ड चलचित्र निर्देशक श्याम भट्टराई, अभिनेता सुशील क्षेत्री, अभिनेत्री सारंगा श्रेष्ठ, निर्माता प्रेम पौडेल एवं वितरक रायन रेजलाई प्रदान गरियो भने नेपाली चलचित्रमा योगदान पुर्‍याउने भुटानी कलाकार हरि उप्रेती, दीपक गजमेर तथा केदार उप्रेतीलाई ग्लोबल नेपाली भुटानी एवार्ड प्रदान गरियो । सोही कार्यक्रममा नेपाली फिल्म स्पर्श एवार्ड जसवन्तदेव श्रेष्ठ, ईश्वरराज थापा, विक्रम जोशी, स्मृति पोखरेल तथा सुनिल रावललाई दिइयो ।

## तारुकामा १६ हल गोरु भिड्दै



विष्णु तारुके

माघे सङ्क्रान्ति अर्थात् मकर संक्रान्तिका अवसरमा नुवाकोटको तारुकामा लाग्ने ऐतिहासिक गोरुजात्राका लागि आवश्यक तयारी तीव्र बनाइएको छ । माघेसंक्रान्ति नजिकिँदै जाँदा स्थानीय किसानहरू जुधाइने गोरुलाई तयार पार्न जुटेका छन् । आफ्ना गोठमा पालिएका बहर गोरुलाई बारीका पाटामा रिहर्सल नै गराएर मेलाको तयारी भैरहेको मेला व्यवस्थापन समितिका सचिव केशव रिमाल बताउँछन् ।

मेलाको तयारीले तारुका यतिबेला बेहुलीझैं सिंगारिएको छ भने घर-घरमा जुधाइने गोरुको चर्चा-परिचर्चा सुरु भएको छ । माघे सङ्क्रान्ति गोरुजुधाइ संरक्षण संस्थाका अध्यक्ष शिवबहादुर अधिकारीका अनुसार यो वर्ष १६ हल गोरु जुधाइनेछ ।


सदिऔंदेखि चलिआएको गोरु जुधाईमा यो वर्ष पुरस्कार रकम वृद्धि गरिएको बताइएको छ । मेलामा स्थानीय संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले तामाङ तथा मगर जातिको झाँकी, पञ्चैबाजाका




साथै बालनसमेत प्रस्तुत गरिनेछ । मौलिक वेशभूषाका साथै राष्ट्रिय स्तरका कलाकारहरूको प्रस्तुतिले समेत मेलालाई थप मनोरञ्जक बनाउनेछन् ।

मल्लकालदेखिको इतिहास बोकेको तारुकाको चन्दनीपाटोमा गोरु जुधाउने परम्परा पुरानै हो । मल्लकालीन राजाहरूको बिर्ता रहेको तारुका क्षेत्रमा गोरुजुधाइको प्रचलन बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहको पालामा सुरु भएको बताइन्छ ।

## बुटवलमा टाटु फेस्टो







स्वस्तिक श्रेष्ठ

बुटवल अमरपथका विकल मल्ललाई टाटु मन पर्छ । बुटवलमा सञ्चालित दुईदिने टाटु फेस्टोमा दाहिने खुट्टामा इगलको चित्र कुँदाउने क्रममा उनी निकै खुसी देखिए । हात र शरीरका अन्य भागमा समेत टाटु बनाएका मल्ल यसलाई आफ्नो सोख मान्छन् । दायाँ हातमा उनले आफ्ना हजुरबुबाको तस्विर कुँदाएका छन् ।

बर्दघाटका मुकेश क्षेत्री दाहिने हातमा बुद्धको आकर्षक चित्र कुँदाइरहेका भेटिए । बुद्धभूमि लुम्बिनी निवासी भएकाले पनि भगवान बुद्धको चित्र कोरेको उनी बताउँछन् । 'म आज निकै खुसी छु,' क्षेत्रीले भने । शान्तिका प्रतीक बुद्धको चित्र कोर्दा निकै मज्जा लागेको उनले बताए ।

युवाहरूमाझ शरीरमा विभिन्न आकृतिका टाटु बनाउने प्रचलन छ । शारीरिक आकर्षण बढाउने उद्देश्यका साथ युवाहरूमा शरीरका विभिन्न भागमा भगवानका आकृतिदेखि लिएर आफन्तको चित्रसम्म कोर्ने प्रचलन फस्टाउँदो छ । टाटुका विषयमा जानकारी दिने र यसका सकारात्मक पाटालाई बुझाउने उद्देश्यका साथ रुपन्देहीमा पहिलो पटक दुईदिने टाटु फेस्टोको आयोजना गरिएको हो ।

रुपन्देहीमा रहेका टाटु स्टुडियोहरूले बुटवलमा आयोजना गरेको टाटुइङ फोर च्यारिटी फेस्टो-२०१९ मा टाटुका सम्बन्धमा बुझ्ने र टाटु खोपाउनेहरूको भीड लागेको थियो । टाटु बिजका सञ्चालक विशाल थापाले रुपन्देहीमा रहेका ११ वटै स्टुडियो हाइजेनिक रहेको बताए । टाटु डेफ्तका सञ्चालक कुलदिप थापामगरले उक्त क्षेत्रमा काम गर्ने टाटु आर्टिस्टहरूलाई संगठित गर्ने लक्ष्यका साथ यो कार्यक्रम आयोजित गरिएको बताए ।

समय सन्दर्भ

# अमान्डासँग यात्राको अर्को चरण



अधिकारी रवीन्द्र



त्यसपछि अमान्डा परपरसम्मको दृश्यभित्रै हराई । ऊ आन्दोलित छे । मनभित्र गुम्सिएका, थुनिएका कुण्ठाहरूको क्याथर्सिस थियो सायद त्यो भ्रमण उसका लागि । मैले पनि उसलाई डिस्टर्ब गर्न चाहिनँ । एक जम्बो कप मोचा कफी सुरुप-सुरुप आवाज निकाल्दै पिई । मार्लबोरो सल्काई । ऊ अरूभन्दा धेरैअघि हिंड्न तयार भैहाली । हामी नेपाली साथीभाइको ग्रुप एकातिर झुप्प बसेका थियौं । ३ सय रुपैयाँले एउटा मोबाइलमा पासवर्ड हालेर सबैले लग-इन गर्दै केही बेर चलाउँदै लग-आउट गर्दै फेरी अर्कोले चलाउँदै थियौ । आ-आफ्नो महत्व र व्यक्तित्वअनुसार कसैले फेसबुक, कसैले ट्विटर, कसैले इन्स्टाग्राम र एक जनाले टिकटक चलाए । बिहानको नौ बज्दैछ, तर हामीलाई भातको न्यास्रो लाग्न थालिसकेको थियो । कतै छाप्राछुप्री देख्यो कि पेटभरि भात बजाएर हिंड्न मन लाग्ने, किनभने त्यहाँबाट छुटिसकेपछि के भर खान पाइने हो कि होइन ? उजाड पहाड, सुनसान खोला, डरलाग्दो जङ्गल र चट्याङले चिरिएका भीमकाय रूखका ठुटाबाहेक देखिने केही छैनन्, तर यात्राका कुरा रसिक हुन्छन् । सम्झनामा यात्राका दुःख निकै सुन्दर लाग्छन् । अमान्डाहरूले यात्राको मजालाई अझ उचाइमा पुर्‍याइदिन्छन् । मानव बथानको अग्रता लिँदै अमान्डा लम्की । हामी उसलाई भेट्न हतारियौं । उसको रफ्तारमा हिँडिरहन ठूलै इच्छाशक्ति चाहिन्छ । उसकै संगतको लोभले मलाई त्यो शक्ति आएजस्तो भयो । उसको तौल मेरोभन्दा दुईगुना थियो, वेग मेरोभन्दा दुई पाइला अघि ।

अमान्डासँग पिठ्युमा एउटा ब्याकप्याक छ । ब्याकप्याकको पछाडि पोर्टेबल सोलार प्यानल छ । त्यसले ऊ दिउँसोभरि हिँड्दा उसको पिठ्युँमा पर्ने जत्तिको घामको शक्ति सञ्चय गरेर ब्याट्री चार्ज गर्छे । त्यो ब्याट्री ऊ बिहान र बेलुका टर्च बाल्न प्रयोग गर्छे । पहाडका माथिल्ला भागहरूमा बिजुली बत्तीको दुःख छ भन्ने उसलाई थाहा छ । त्यो ब्याकप्याकको साइडमा पानीको बोतल छ । ऊ अरू पर्यटकजस्तो मूल्य तिरेर मिनरल वाटर खान्न । ऊ पहाड र खोल्साकै पानी त्यो बोटलमा हाल्छे, जसमा पराबैजनी किरण प्रयोग गरेर कीटाणु मार्ने प्रविधि छ । कम्मरमा बेल्ट लगाएझैं एउटा दुईमुखे ब्याग छ । एउटा मुखभित्र ह्यान्ड स्यानिटाइजर, नेपकिन र चकलेटबारहरू छन् भने अर्कोमा कुन्नी के छ । एक ठाउँमा नाक ठोक्किने उकालो सकेपछि भरियाहरूले पुट्ठा अड्याएर भारी टेको लगाउने ठाउँ आइपुग्यो । एक ग्याङ भरिया पुनः उकालो लागे, त्यही ठाउँमा हामी फेरि पुट्ठा अड्याउन पुग्यौं । उसले निहुरिँदै वरिपरिका चुइङ्गम र चाउचाउका फ्याँकिएका खोल हातले टिपी र कम्मरको दुईमुखे ब्यागमा हाली ।

मैले निधार खुम्च्याएर फोहोर फाल्नेमाथि आक्रोश पोख्नुअगावै उसले भनी, 'रिसाउँदा हाम्रो मस्तिष्कले नकारात्मक हार्मोन निकाल्छ । त्यो हार्मोन शरीरभरि दगुर्छ । यसले हाम्रो शारीरिक एवं मानसिक दुवै अवस्थामा विचलन ल्याउँछ । फोहोर फालेर गल्ती अरू कसैले गरेको छ, सजाय किन तिम्रो मन र शरीरले भोग्ने ? त्यसका अतिरिक्त जसले फोहोर फालेको छ उसलाई तुरुन्त माफी दिने र उसको गल्ती सच्याउन प्रयास गर्ने ।' उसले भनेझैं मैले पनि त्यस दिन हिँड्दा बाटोमा फेला परेका प्लास्टिकका टुक्रा बटुलेर राखेँ । मलाई अगाध सुखानुभूति भयो र सकारात्मक सोचले मन पनि फुरुङ्ग, तर फेरि रिसले रन्का छुट्यो जब एउटा टी हाउसमा पुगेर त्यो फोहोर बिसर्जन गरेँ तब केही छिनमै पत्ता लाग्यो डोको भरिएपछि पर पहराबाट त्यो फोहोर गुल्टाइने रहेछ । सोचेँ बिचरी अमान्डाले यो कुरा थाहा नपाएकै राम्रो । कत्रो आशले उसले यहाँसम्म फोहोर ल्याइपुर्‍याएकी थिई ।

पानीको युभी बोतल देखाउँदै उसले भनी, 'सबै आगन्तुकले यस्तै भाडो प्रयोग गरे जताततै मिनरल वाटरका खाली बोतल फ्याँकिएको देख्नु पर्दैनथ्यो । एउटा फालिएको खोलले प्रकृतिमाथि गर्ने असर त अवर्णनीय छँदै नै छ, त्यसका अतिरिक्त त्यो फोहोर देख्ने कति मान्छेको दिमागमा त्यसले दिक्दारी पैदा गर्‍यो भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण छ । किन हामी आफू गल्ती गरेर प्रकृति र अरू धेरै जीवलाई सजाय दिँदैछौं ?' वास्तवमै हामी प्रकृतिबाट यति धेरै चिज लिन्छौं र बदलामा फोहोरबाहेक केही दिदैनौं । दिने र लिने हात दोहोरो भए सम्बन्ध बढी दिगो र बलियो हुन्छ । थाहा भएर पनि हामी बुझ पचाएर हिँड्छौं । हामी कालिज पोलेर खान्छौं, हिंड्नका लागि लौरा भन्दै सग्ला बिरुवा भाँच्छौं, माछा मार्छौं, कति चराका गुँड उगाल्छौं, निउरो र कुरिलोका मुन्टा निमोठ्छौं । हामी सबै आनन्द प्रकृतिबाट लुट्छौं अनि एउटा बिरुवा रोप्नुपरे टल्कने सुट वा साडी लगाएर सामाजिक सञ्जालमा वृक्षारोपण भन्दै चर्को प्रचार गर्छौं । त्यो कुनै पौरख होइन, प्रकृतिमाथिको हाम्रो कर्तव्य हो । त्यसलाई प्रचार होइन निरन्तरता दिनु राम्रो हुन्छ ।

एक्लेभट्टी भन्ने ठाउँबाट अमान्डाले हामीलाई उछिन्न थाली ।

raiv nems@iom .edu .np

## प्रतिक्रिया




**गत साता साप्ताहिकमा प्रकाशित कभर स्टोरीको अनलाइन संस्करणमा आएका केही प्रतिक्रिया :**

विष्णु माझीमाथि उनका कथित पति सुन्दरमणि अधिकारीबाट चरम श्रम शोषण भएको छ भन्ने अनुमान लगाउन सकिन्छ । जहिलेसम्म विष्णु माझीको स्वर बजारमा बिक्छ उनका कथित पतिले शोषण गरिरहनेछन् । जब स्वरले साथ छोड्छ उनलाई गलहत्याएर निकालिनेछ । यसमा विष्णु माझी लगायत उनका आफन्त बेलैमा सजग हुनुपर्छ ।

**शमशेर गुर्माछाने**

हरेक कुरालाई नराम्रो नजरले हेर्ने हाम्रो बानी । बिष्णु माझीको आफ्नै केही कारण वा समस्याले गर्दा जनमानसमा अगाडि नपरेको हुनसक्छ, यो विषयमा अन्यथा टीकाटिप्पणी गरेर गर्नु वा व्यक्तिगत जीवन खोतल्नु गलत हो ।

यो विष्णुको आफ्नै व्यक्तिगत चाहना पनि हुन सक्छ । विष्णु मिडिया र जनमानसमा देखिन चाहन्नन्, नेपालमा मात्र होइन संसारभर यस्ता थुप्रै कलाकार छन् जो आफ्नो नाम धेरै चर्चित भए पनि अनुहार पर्दा पछाडि राख्न नै रुचाउँछन् । विष्णुका श्रीमान्ले उनलाई शोषण गरेको भनेर कसले ठोकुवा गर्न सक्छ ? यस्तो चर्चित व्यक्तिको यदि कसैले शोषण गरेको भए विष्णुले पहिले नै मिडिया वा कानुनी सहायता लिन्थिन् होला । यदि यति चर्चित भएर पनि उनी शोषणकै सिकारमा छिन् भने यो उनको आफ्नै गल्ती हो । उनी लुकेर स्टुडियोमा पस्नुअगाडि कानुनको ढोका ढकढक्याउन जानुपर्थ्यो, तर मलाई लाग्छ आफ्नै इच्छाका कारण उनी गुपचुप छिन् । पत्रकार महोदयहरूसँग मेरो आग्रह छ- काम गरी खाइरहेकाहरूलाई गरिखान दिनुस्, अध्ययन-अनुसन्धान गर्न नेपालमा अन्य थुप्रै विषय छन त्यता ध्यान दिऊँ ।

**अरुण तिमिल्सिना**

विष्णु माझीको वास्तविक कुरा सञ्चार माध्यममा आउनैपर्छ । आजको जमानामा कुनै पनि नारी भूमिगत बस्न चाहँदैनन् । विष्णु माझी भूमिगत हुनुको कारण सुन्दमणि अधिकारी नै हुनुपर्छ ।

**सन्तोष निरंकारी**

विष्णु माझीले गाएका गीत सुन्दा कसको मन पग्लिँदैन र ? विष्णु माझीले गाएका गीतले लाखौंलाख भ्युज पाउँछन् । हामी उहाँले गाएका गीत सुन्छौं तर उहाँलाई देख्न नपाउँदा धेरै दुःख लाग्छ । देवी घर्ती, चन्द्रकला बिसी, बिमाकुमारी दुरा, लक्ष्मी न्यौपाने, राधिका हमाल, सन्ध्या बूढा, शान्तिश्री परियार, मीना लामा आदि धेरै गायिकालाई गाउने बेलामा देख्छौं, तर बिष्णु माझीलाई नदेख्दा दुःख लाग्छ । अब आउने दिनहरूमा विष्णु माझीलाई पनि देख्न पाउँ र सञ्चार मामध्यमले पनि उनलाई बाहिर ल्याउने प्रयास गरोस् ।

**लब्ली केसी**

विष्णु माझी बाहिरी वातावरण मन पराउँदिनन् जस्तो लाग्यो अन्यथा यति धेरै प्रशंसकले माया गर्दा बाहिर नआउने कुनै कारण छैन ।

**लीलानाथ पंगेनी**

यदि सुन्दरमणिले नै बन्धक बनाएको हो भने कलाकारहरूका संघ-संगठनले एक दशकसम्म के हेरेर बसिरहेका छन् त आवाज नउठाई ? अर्को कुरा विष्णु माझीलाई बन्धक बनाइएको हो भने र उनीमाथि त्यस्तो अमानवीय कार्य भैरहेको हो भने आफूले सहन नसक्ने अवस्थामा त आफैं कुनै न कुनै माध्यमबाट बाहिर आउनुहुन्थ्यो होला नि ? कुनै पनि कुराको सकारात्म-नकारात्मक टीकाटिप्पणी गर्नुअघि हामीले त्यसभित्रको वास्तविकता के छ, गहिरिएर बुझ्न जरुरी छ । सबै कुरामा उनका श्रीमान् सुन्दरमणिलाई मात्र दोष दिएर हुँदैन । किनभने विष्णु माझीलाई यसरी नै भूमिगत भएर बस्न अनि गीत मात्र बजारमा पठाउन मन लागेको हो कि ?

**कपिल भट्ट**

सबैलाई थाहा छ, वर्षौं भैसक्यो, फेरि यी सञ्चार मामध्यमहरू किन चुप ? अब खोज्न जरुरी छ, अहिले नभए कहिले खोज्ने ? जाग हाम्रा पत्रकार तथा मिडियाकर्मीहरू ।

**प्रदेशी ज्ञानु श्रीनेट**

विष्णु माझीलाई जसरी पनि बाहिर ल्याउनुपर्छ । सत्यतथ्य खोज्नुपर्छ विचरा बुवा-आमाले कति खोजिरहेका छन् ? यो सुन्दरमणि भन्ने व्यक्तिले उनको श्रमशोषण गरेको छ । किन बन्धन बनायो त विष्णु माझीलाई ? यसबाटै कुरा बुझिन्छ नि ।

**देव मंगोल**

सत्यतथ्य के हो ? वास्तविकता बाहिर आउनुपर्‍यो ।

**किशोर पुन**

विष्णु माझी देशकै गहना हुन् । उहाँको सत्यतथ्य खोजी हुनुपर्छ अनि माझीका दुलाहाविरुद्ध कारबाही गर्नुपर्छ, यो त अति भयो ।

**स्याङ्जाली देव**

जबसम्म स्वयं विष्णु माझी बोल्दिनन्, तबसम्म यो समस्या सामाधान हुँदैन ।

**पुन धन**

twitter follow us on twitter.com/saptahik

Like us on Facebook facebook.com/kantipursaptahik

# गहिरो प्रेममा परेको छैन

अहिलेका युट्युब सेन्सेसन हुन्– स्वप्न सुमन । स्वप्न प्रेमगीत लेख्छन् र गाउँछन् । गायनमा अहिलेसम्म चलेका धारभन्दा अलिकति फरकपन दिएका कारण उनी युवापुस्ताको मन जित्न सफल छन् । स्वप्नको उदय अलि फरक खालको छ । पहिलो सोलो गीत के साह्रो राम्री भा'की... बाट पाएको सफलताले उनलाई धेरै दर्शक/श्रोतामाझ चिनायो । उनको स्टारडम निर्माणको गतिवान उडान देखेर नेपाली संगीत क्षेत्रमा लामो समयदेखि आधिपत्य जमाइरहेकाहरूसमेत चकित भए । उनका कफी सङ, ए हेलो, कसरी भनूँ, म तिम्रो आदि गीत रेकर्डेड छन् । स्वप्न अहिले चलचित्रमा समेत स्वर दिन थालेका छन् । सञ्चारमाध्यमसँग खासै नबोल्ने, व्यक्तिगत जीवनलाई व्यक्तिगत ढंगबाटै चलाउन खोज्ने उनको स्वभावकै कारण हुनुपर्छ, उनी सञ्चारमाध्यममा त्यति देखिँदैनन् । गायक स्वप्न सुमनसँग साप्ताहिकका लागि रामजी ज्ञवालीको कुराकानी :



तस्बिर : राजाराम पौडेल

**मिडिया र फ्यानहरूले निरन्तर फलो गरिरहे पनि तपाईं त्यसको वास्तै गर्नुहुन्न भन्ने आरोप छ, कारण के होला ?**
म बाल्यकालदेखि नै अलिकति अन्तर्मुखी स्वभावको व्यक्ति हुँ, तर अन्तर्मुखी हुँदैमा सबै कुरा लुकाएको छैन । यात्राका क्रममा भेटिएका प्रशंसकहरूसँग गफ गर्ने, तस्बिरहरू खिचाउने आदि काम गरिरहेको हुन्छु । मौका र संयोग मिल्यो भने अन्तरवार्ता पनि दिने गरेको छु, कसैसँग नबोल्ने र नभेट्ने कुरा यथार्थ होइन ।

**तपाईंलाई मिडियामा आएर, अन्तर्वार्ता दिएर, पाठक अथवा आफ्ना प्रशंसकहरूको गुनासो मेटाइदिऊँ भन्ने हुँदैन ?**
हो, एउटा कलाकार भएपछि सञ्चारमाध्यमसँग नजिकिनुपर्छ । सञ्चारमाध्यमले पाठक एवं प्रशंसकहरूका प्रश्नहरू उठाइरहेका हुन्छन् भन्ने त बुझेको छु, तर नढाँटीकन भन्ने हो भने सञ्चारमाध्यममा बोल्नका लागि मसँग खासै केही छ जस्तो लाग्दैन ।

**अहिलेसम्म आफ्नै कम्पोजमा गीत गाउनुभएको थियो, पहिलो पटक अरू कसैको कम्पोजमा गीत गाउनुभएको छ । कस्तो लाग्दैछ ?**
म सबै कुरामा पर्फेक्ट छु भन्नु हरेक व्यक्तिका लागि घातक हुन्छ । अहिलेसम्म अरूको कम्पोजमा गीत गाउने संयोग मिलेको थिएन । मैले सुरुदेखिनै आफ्नै कम्पोज र आफ्नै शब्दमा गीत गाइरहेका कारण अरूतिर चासो पनि भएन, तर अहिले चलचित्र 'सय कडा दस'का निर्देशक रामशरण पाठकले गीतका लागि अफर गर्नुभयो र त्यसपछि मिटिङ बस्यौं । उहाँले एकपटक गीत सुन्नुहोस्, मन परे गाउनुहोस् नत्र नगाउनुहोस् भन्नुभयो । मलाई गीत राम्रो लागेपछि गाउन राजी भएको हुँ ।

**तपाईंको स्वर मात्र पर्फेक्ट छैन, आकर्षक र फिजिकल फिटसमेत हुनुहुन्छ । चलचित्रबाट प्रस्ताव आउँदैन ?**
नढाँटी भन्ने हो भने केही चलचित्रबाट अभिनयका लागि अफर आएको थियो, तर मेरो पेसा गायन हो । अहिलेसम्म आएका केही प्रस्तावमा मैले काम नगर्ने भन्दै पन्छिएको छु, तर अचम्मको कुरा के हो भने जति चलचित्रबाट प्रस्ताव आए, ती सबैमा मुख्य चरित्रका लागि प्रस्ताव गरिएको छ ।

**भविष्यमा चलचित्रमा अभिनय गर्ने सम्भावना कति छ ?**
भविष्य त कसैलाई थाहा हुँदैन, तर अहिले मैले गायनबाहेक अरू केही सोचेको छैन ।

**स्वप्न सुमनको सांगीतिक यात्रा कसरी अघि बढ्यो ?**
मेरो सांगीतिक यात्रा अचम्मको छ । मलाई गीत गुनगुनाउन त सानैदेखि मन लाग्थ्यो, तर कसरी गीत गाउने, कसरी दर्शकलाई सुनाउने, कसरी सेलिब्रेटी बन्ने आदि इत्यादि केही पनि थाहा थिएन । सुरु-सुरुमा फेसबुक चलाउने क्रममा गीत रेकर्ड गर्दै फेसबुकमा राख्न थालें । फेसबुकमा राख्दै जाँदा युट्युबका बारेमा जानकारी भयो । युट्युब र फेसबुकमा धेरैले मन पराएपछि अब गायक बनेर अघि बढ्नुपर्छ भन्ने सोचें । म सामाजिक सञ्जालमा प्राप्त प्रतिक्रियाबाट हौसिदै व्यवसायिक रूपमा गायन पेसामा लागेको हुँ ।

**यो किसिमको स्टारडम कमाउँछु भन्ने कहिल्यै कल्पना गर्नुभएको थियो ?**
म सैनिक पृष्ठभूमि भएको परिवारबाट आएको हुँ । म गायक बन्छु भन्ने कुरा आमा-बुबा र आफन्तले कसैले सोच्नुभएको थिएन । म आर्मी स्कुलमा पढ्थें । बुबाआमाले त्यहाँको सिस्टम सिक्छ, डिसिप्लेनमा रहन्छ र आर्मी बन्न आवश्यक जानकारीहरू राख्छ भन्ने सोच्नुभएको थियो, तर म उहाँहरूले सोचेजस्तो आर्मी भइनँ । एसएलसीपछि मैले उहाँहरूले अपेक्षा गरेजस्तो साइन्स पढ्नतिर नलागेर होटल म्यानेजमेन्ट पढें । उहाँहरूको सपना भताभुङ्ग भयो । म सानैदेखि गीत गाउँथें । ठूलो भएपछि नेपाली संगीतमा केही गर्छु भन्ने थियो । म एसएलसीपछि गायनमा लागेको हुँ, तर मैले यो सपना त्यतिबेला बुनेको थिइनँ ।

**उहाँहरूबाट गाली खानुभएन ?**
खाएँ नि ! मेरी आमाले गाली गरे पनि मेरो इच्छामा रोक लगाउनुभएन । बुबा नेपालमा खासै नबस्ने कारण उहाँले खासै गुनासो गर्नुभएन ।

**तपाईंलाई आफ्नै लोकप्रियताका बारेमा कत्तिको थाहा छ ?**
म अपटुडेट भएर बस्दिनँ । आफैं काम गरिरहेको हुन्छु । कसले के भनिरहेको छ भन्ने खासै मतलब राख्दिनँ । मलाई के लाग्छ भने मैले जुन स्तरमा काम गरिरहेको छु त्यो सुरुवात हो । नेपाली संगीतमा एकदमै राम्रो काम गरिरहनुभएका धेरै हुनुहुन्छ । उहाँहरूले मैले भन्दा धेरै काम गरिसक्नुभएको छ । उहाँहरूलाई देख्दा म सुरुवातको अवस्थामा छु भन्ने लाग्छ ।

**सानो छँदा कसका गीत धेरै गुनगुनाउनुहुन्थ्यो ?**
त्यतिबेला मलाई नारायणगोपालका गीत अति नै मन पर्थे । उहाँका गीत सुन्दै र गाउँदै धेरै समय बिताएको छु ।

**नेपालमा पछिल्लो पुस्ताका गायकहरूको निकै ठूलो चार्म देखिन्छ, पुराना कलाकारहरूलाई च्यालेन्ज भएको हो त ?**
होइन, नारायणगोपाल, गोपाल योन्जनजस्ता वरिष्ठ कलाकारका गीत कहिल्यै पुराना हुँदैनन् । संगीत भनेको संस्कृति हो, यो परिवर्तन हुँदै जाने विषय हो । म के भन्छु भने पुराना कलाकारको आफ्नै ठाउँ छ, तर नयाँसँग प्रतिभाको एकदमै ठूलो भकारी छ । यो प्रमाणित पनि भैरहेको छ ।

**जीवनप्रति कत्तिको खुसी हुनुहुन्छ ?**
एकदमै खुसी छु । मैले जे गरिरहेको छु, त्यसमा खुसी लाग्छ । परिवारको इच्छाविपरीत संगीतमा आए पनि परिवारको साथ सधैं रह्यो । फर्किएर हेर्दा म आफ्नो जीवनप्रति निकै सन्तुष्ट छु ।


**सामाजिक सञ्जालबाट उदाएर एकाएक चर्चामा आउनुभयो । यो स्थानसम्म आउन कति संघर्ष गर्नुपर्‍यो ?**
सबै मानिसका आ-आफ्नै किसिमका कथा हुन्छन् । मेरा पनि केही कथा-व्यथा छन् । जब म गायक बन्छु भनेर पूर्ण रूपमा यसमा केन्द्रित भएँ, संघर्षको समय त्यसपछि सुरु भयो ।

पृष्ठ ९ मा

> म आर्मी स्कुलमा पढ्थें । बुबाआमाले त्यहाँको सिस्टम सिक्छ, डिसिप्लेनमा रहन्छ र आर्मी बन्न आवश्यक जानकारीहरू राख्छ भन्ने सोच्नुभएको थियो, तर म उहाँहरूले सोचेजस्तो आर्मी भइनँ । एसएलसीपछि मैले उहाँहरूले अपेक्षा गरेजस्तो साइन्स पढ्नतिर नलागेर होटल म्यानेजमेन्ट पढें । उहाँहरूको सपना भताभुङ्ग भयो । म सानैदेखि गीत गाउँथें । ठूलो भएपछि नेपाली संगीतमा केही गर्छु भन्ने थियो । म एसएलसीपछि गायनमा लागेको हुँ, तर मैले यो सपना त्यतिबेला बुनेको थिइनँ

# सरकारी जागिरको मोह

युवराज गौतम



फाइल स्केच : कान्तिपुर

> देश संघीयतामा गैसकेर प्रदेश तथा स्थानीय सरकार बनिसकेपछि सरकारी सेवामा प्रशस्त अवसर खुलिरहेका छन् । सरकारी जागिरप्रतिको मोह र त्यसमा भविष्य देख्ने निर्मल, प्रकाश र ईश्वरजस्ता हजारौं युवा यतिबेला लोकसेवा परीक्षाको तयारी गरिरहेका छन् । काठमाडौं उपत्यका र बाहिरी जिल्लामा खुलेका लोकसेवा तयारी कक्षा चलाइरहेका इन्स्टिच्युटहरूमा विद्यार्थीको चाप हेर्दा सरकारी जागिरप्रतिको मोह अत्याधिक बढेर गएको पाइन्छ ।

गुल्मी तम्घासका निर्मल बस्नेत काठमाडौंमा बसेर लोकसेवा परीक्षाको तयारीमा छन् । अघिल्लो वर्ष प्रशासन सेवातर्फ अधिकृतको परीक्षा दिएका बस्नेत यो वर्ष पनि सोही पदका लागि मेहनतका साथ तयारी गरिरहेका छन् । 'दैनिक छ-सात घण्टा पढ्दैछु, सबै किसिमका विषयवस्तु खोजेर अध्ययन गरिरहेको छु,' उनले भने, 'निजामती सेवामा नाम निकाल्न सकियो भने जीवन सहज रूपमा चलाउन सकिने मात्र नभै सम्मान र व्यक्तिगत प्रतिष्ठा पनि राम्रो हुन्छ ।'

त्यस्तै सशस्त्र प्रहरी सहायक निरीक्षकको तयारी गरिरहेका सर्लाहीका प्रकाश रायक्षेत्री परीक्षाको तयारीका लागि भनेर अर्को जागिर छाडेर लागि परेका छन् । 'प्राइभेट जागिर खाँदा त्यति 'सेक्युयर' नहुने र लक्ष्य पनि देशका लागि केही गरौं भन्ने भएकाले यता मन लगाएको हुँ', रायले भने । निजामतीको तुलनामा सुरक्षा निकायमा फिजिकलको पनि तयारी गर्नुपर्ने भएकाले अलिक गाह्रो भएको उनी बताउँछन् । भर्खरै स्नातक तह अध्ययन गरिरहेका राय क्षेत्रीले पहिलो पटक लोकसेवाको तयारीमा जुटेको जानकारी दिँदै भने, 'यसैपटक उत्तीर्ण गरेर सरकारी जागिरे बन्छु भन्ने आशा छ ।'

हालसालै मात्र लोकसेवाको परीक्षा उत्तीर्ण गरेर जिल्ला अदालत धादिङमा खरिदार पदमा कार्यरत दैलेखका ईश्वर पाण्डेय चौथो पटकको प्रयासपछि लोकसेवा उत्तीर्ण भएका हुन् । उनी यसअघि साना तथा घरेलु उद्योगको सुब्बाको लिखित परीक्षामा उत्तीर्ण भए पनि अन्तर्वार्तामा असफल भएका थिए । पाण्डेय सम्झन्छन्- मेहनत गरेर पनि सफल नहुँदा कहिलेकाहीं हैरान भए पनि मैले त्यसलाई हैरानी मानिनँ, सफल भएरै छाडें ।

जनप्रशासनमा स्नातकोत्तर उत्तीर्ण गरिसकेका ईश्वर भन्छन्- शैक्षिक योग्यता पूरा गरेर बसेको छु, अहिले अधिकृतको समेत तयारी गरिरहेको छु । सरकारी जागिर खाने इच्छा हुनु भनेको पहिलो त स्थायित्वको कुरा नै हो, ईश्वर भन्छन्- प्राइभेटमा जस्तो सरकारीमा दमन एवं पेलान नहुने भएकाले नै सरकारी जागिर खाने इच्छा जागेको हो, सरकारी जागिरमा जीवन सहज रूपमा चलाउन सकिन्छ ।

देश संघीयतामा गैसकेर प्रदेश तथा स्थानीय सरकार बनिसकेपछि सरकारी सेवामा प्रशस्त अवसर खुलिरहेका छन् । सरकारी जागिरप्रतिको मोह र त्यसमा भविष्य देख्ने निर्मल, प्रकाश र ईश्वरजस्ता हजारौं युवा यतिबेला लोकसेवा परीक्षाको तयारी गरिरहेका छन् । काठमाडौं उपत्यका र बाहिरी जिल्लामा खुलेका लोकसेवा तयारी कक्षा चलाइरहेका इन्स्टिच्युटहरूमा विद्यार्थीको चाप हेर्दा सरकारी जागिरप्रतिको मोह अत्याधिक बढेर गएको पाइन्छ ।

'लङ लास्टिङ' अर्थात सुनिश्चित भविष्य, आकर्षक सेवासुविधा साथै राम्रो सामाजिक प्रतिष्ठा पाइने सरकारी जागिरमा युवाहरूको मोह बढ्दो छ । लोकसेवा आयोगले धमाधम नयाँ आवेदन खुलाइरहेको छ । बर्सेनि असोजदेखि फागुनसम्ममा निजामती पदहरूमा विज्ञापन खुल्ने गरेको छ । शिक्षा, जंगी, बैंक, कानुन आदि सेवामा समेत बर्सेनि सरकारी जागिर खुलिरहेका छन् ।

ट्युसन सेन्टरहरूमा तयारी कक्षा लिन आएका विद्यार्थीहरूको चाप थामिनसक्नु त छँदैछ कतिपय युवा घर छोडी डेरामा बसेर लोकसेवाको तयारी गरिरहेका छन् । एकपटक होइन, सात पटकसम्म परीक्षा दिएर लोकसेवा उत्तीर्ण गरी सरकारी जागिरमा प्रवेश गर्ने युवा प्रशस्तै भेटिन्छन् । कडा मेहनत, नियमित अध्ययन र हिम्मतका साथ तयारी गरियो भने लोकसेवा उत्तीर्ण हुन कठिन नहुँदो रहेछ, गत वर्ष दूध विकास संस्थानको अधिकृत पदमा नाम निकालेका इलामका रोशन आचार्य भन्छन्- मैले अधिकृतका लागि पाँच वर्ष निरन्तर तयारी गरें, छ-सात पटकसम्म विभिन्न निकायमा परीक्षा दिएँ, तर अनुत्तीर्ण भएँ । यद्यपि मैले हिम्मत हारिनँ र अन्ततः सफलता प्राप्त गरें ।

श्रम तथा रोजगार मन्त्रालयका सहसचिव प्रकाश दाहालका अनुसार यतिबेला सक्षम र क्षमतावान युवाहरूको आकर्षण सरकारी सेवामा छ । वार्षिक १० लाखजति युवा लोकसेवा परीक्षाकै लागि तयारी गरिरहेको उनको बुझाइ छ । सहसचिव दाहाल भन्छन्- सामान्य जीवनयापन गर्न सरकारी सेवा उपयुक्त मानिन्छ ।'

## ट्युसन सेन्टर खचाखच

गाउँघरतिर 'तिहुन राम्रो तरकारी, जागिरमा राम्रो सरकारी' भन्ने भनाइ नै छ । यही थेगोले सरकारी जागिरप्रतिको मोह झल्काउँछ । कुनै बेला न्यून र मध्यमवर्गका नेपालीहरूले सरकारी जागिरका लागि आवेदन दिन्थे अहिले उच्च घरानाका सन्तानहरू पनि सरकारी जागिरप्रति आकर्षित छन् । लोकसेवाको तयारी कक्षा सञ्चालन गरिरहेका इन्स्टिच्युटमा पुगेर नियालियो भने सरकारी जागिरप्रति युवा क्रेज प्रष्ट देख्न सकिन्छ । काठमाडौं उपत्यकामा मात्र डेढ दर्जनभन्दा बढी इन्स्टिच्युटले लोकसेवाको तयारी कक्षा चलाइरहेका छन् ।

काठमाडौं न्यूप्लाजाको 'नेम बिल्डिङ'मा रहेको नेपाल सेन्टर फर डेभ्लपमेन्ट एन्ड पोलिसी स्टडिजका संयोजक माधव पाण्डे भन्छन्- निजी क्षेत्रमा श्रम धेरै गर्नुपर्ने र भविष्य सुरक्षित नहुने भएकाले निजामती सेवामा सबै वर्गका विद्यार्थीको आकर्षण विगतको तुलनामा बढ्दै गएको छ, विश्व विद्यालयका टपरदेखि उच्च घरानाका विद्यार्थीहरू लोकसेवाको तयारीका लागि आइरहेका छन् ।'

### सरकारी सेवा प्रवेशका क्षेत्र

**निजामती सेवा** : सह-सचिव, उप-सचिव, शाखा अधिकृत, नायब सुब्बा, खरिदार ।

**स्वास्थ्य सेवा** : एचए, स्टाफ नर्स, सिएमए, एनएम, ल्याब टेक्निसियन, फार्मेसी, मेडिकल अफिसर, नर्सिङ अफसर, पब्लिक हेल्थ अफिसर ।

**शिक्षा सेवा** : विद्यालय निरीक्षक, प्राविधिक सहायक आदि ।

**शिक्षक सेवा** : माध्यमिक विद्यालय तह, निम्न माध्यमिक विद्यालय तह, प्राथमिक विद्यालय तह ।

**बैंकिङ सेवा** : नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड ।

**सुरक्षा निकाय** : प्रहरी निरिक्षक, सहायक प्रहरी निरीक्षक, अधिकृत क्याडेट, जवान ।

**संस्थानतर्फ** : वायु सेवा निगम, खाद्य संस्थान, नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष, विद्युत् प्राधिकरण, नेपाल टेलिकम, नेपाल आयल निगम, खानेपानी संस्थान ।

नेम बिल्डिङमा मात्र करिब ४५ सय विद्यार्थीले सरकारी सेवाका विभिन्न पदका लागि परीक्षाको तयारी गरिरहेका छन् । सरकारी जागिर प्रवेश गरिसकेपछि छात्रवृत्तिमा विदेश अध्ययनका लागि अवसर प्राप्त हुनेदेखि अन्य सेवा सुविधाका साथै भविष्य सुरक्षित हुने भएकाले यस्तो आकर्षण देखिएको संयोजक पाण्डेको बुझाइ छ ।

निजामतीतर्फका अधिकृत तहका ८ सय विद्यार्थीका लागि तयारी कक्षा चलाइरहेको बागबजारको मल्टीप्रोफेसनल एकेडेमी(एमपीए)का म्यानेजिङ डाइरेक्टर दिपेन्द्र ढुंगाना भन्छन्, 'निजी क्षेत्रमा श्रम शोषण धेरै हुने तथा तलबको ग्यारेन्टी नहुने आम मानिसको बुझाइ छ, त्यसैले जीवनको सुरक्षाका लागि पनि सरकारी सेवाप्रति मोह बढेको हो ।' ढुंगाना आबद्ध रहेको एमपीएमा मात्र यो वर्ष ३ सयजति विद्यार्थी बढ्नुका साथै शिक्षक सेवातर्फ मात्र यो वर्ष चार हजार विद्यार्थीले कक्षा लिएका थिए ।

## तयारी कक्षामा के हुन्छ ?

तयारी कक्षा लिएका विद्यार्थीहरूले सरकारी जागिरमा नाम निकाल्न सकिन्छ भन्ने आत्मविश्वास बटुल्छन् । त्यहाँ लोकसेवा आयोगले तयार पारेको एकीकृत पाठ्यक्रमका आधारमा कक्षाहरू सञ्चालन हुनुका साथै संयुक्त परीक्षा प्रणालीका आधारमा विद्यार्थीको मूल्यांकन गरिन्छ ।

त्यतिमात्र होइन तीनदेखि चार महिना कक्षा लिइसकेपछि कोर्स पूरा हुने र परीक्षाका लागि विद्यार्थी पूर्ण तयारी भैसक्ने एमपिएका म्यानेजिङ डाइरेक्टर ढुंगानाको दाबी छ । ट्युसन सेन्टरमा साप्ताहिक तथा दैनिक परीक्षा, फिडब्याक कक्षा, लेखन शैली सिकाउने काम गरिनुका साथै हेन्सआउट पनि वितरण गरिन्छ । त्यसबाहेक आपसी छलफल र पढ्ने बानीको विकास तयारी कक्षाले गराइदिन्छ । अधिकृत तहको तयारी कक्षाको न्यूनतम २० हजारदेखि २५ हजारसम्म लाग्छ । प्रथम, दोस्रो, तेस्रो र चौथो पत्रको पनि फरक-फरक कक्षा लिन पाइन्छ । त्यसमा आफूलाई इच्छा लागेको तह पढेर तोकिएको शुल्क बुझाए पुग्छ ।

## कुन-कुन सेवामा आकर्षण

नेपाल संघीय संरचनामा भर्खरै मात्र गएकाले स्थानीय तह, प्रदेश तथा केन्द्रमा फरक-फरक अवसरहरू खुलिरहेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७ सय ५३ वटै स्थानीय तह, सातवटा प्रदेशमा गरी १४ हजार रिक्त दरबन्दी रहेको आँकलन गर्दै नयाँ विज्ञापन खोल्ने तयारी गरिरहेको छ । निजामति, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, न्याय सेवा, सरकारी संस्थान, बैंक, विद्यालय तथा विश्वविद्यालय शिक्षक-कर्मचारी आदिमा वर्षभरि नै विज्ञापन खुलिरहेका छन् । स्थानीय तहमा करारमा समेत विज्ञापन आह्वान गर्ने गरिएको छ ।

## आवेदन दिनेको संख्या पाँच गुणा

बढ्दो बेरोजगारीका कारण सरकारी सेवाका सबै समूहमा खुलेका विज्ञापनमा दरखास्त दिने विद्यार्थीको चाप बर्सेनि हजारौंको संख्या बढिरहेको तथ्यांकले देखाउँछ । लोक सेवा आयोगले दस वर्षको अवधिमा आयोगमा दर्खास्त दिनेहरूको संख्या पाँच गुणा बढेको तथ्यांक सार्वजनिक गरिसकेको छ ।

आर्थिक वर्ष ०६४/६५ देखि आर्थिक वर्ष ०७३/७४ सम्म लोकसेवा आयोगमा दर्खास्त दिनेहरूको संख्या पाँच गुणाले बढेको हो । आयोगका अनुसार गत आर्थिक वर्ष २०७४/७५ मा मागभन्दा ९५ गुणा बढीले परीक्षाका लागि आवेदन दिएका छन् । ५ हजार ९ सय ७० सिटका लागि खुलेको विज्ञापनमा ५ लाख ७१ हजार ३२२ जनाले दरखास्त दिएका थिए ।

सरकारी सेवामा युवाको आकर्षण बढ्नु भनेको सुरक्षित जीवनयापन र निष्पक्ष परीक्षा प्रणाली नै हो । नेपाल सरकारका सहसचिव प्रकाश दाहालका अनुसार देशमा बढ्दो बेरोजगारी पनि त्यस्तो आकर्षणको कारण हुनसक्छ । दाहाल भन्छन्, 'सेवा, सुविधा, प्रतिष्ठा र सामान्य जीवनयापन गर्न सहज हुने बुझेकाहरू यतातिर आएका हुनसक्छन् ।'


## आकर्षक तलब-सुविधा

सरकारले कर्मचारीको तलब र सेवा सुविधा बर्सेनि वृद्धि गरिरहन्छ । तलब नै वृद्धि नगरे पनि महँगी भत्ताका साथै अन्य सेवा सुविधा वृद्धि हुन्छ । आवश्यकताअनुसार सरकारले विशेष निर्णय र ऐनमार्फत पनि सेवा सुविधा बढाइरहन्छ । बैंक, वित्त, राजस्व, संसद सचिवालय, प्रधानमन्त्री कार्यालय, निगम, आयोगतिर अतिरिक्त भत्ता पनि उपलब्ध हुन्छ । चाडपर्व खर्चदेखि उपचार खर्च, अशक्त, शिशु स्याहार, सुत्केरीलगायतका भत्तासमेत प्राप्त गर्न सकिन्छ । शैक्षिक भत्ता, सञ्चय कोष, नागरिक लगानी कोष, बिमा कोषलगायत अन्य प्रशस्त सुविधा सरकारी जागिरेलाई हुन्छ ।


KMG
IT DOESN'T GET ANY
LOUDER
THAN THIS !
DishHome True HD
खुसीONगरौं!
PRESENTS
Radio Kantipur
NATIONAL MUSIC AWARDS 2075
POWERED BY
सानिमा बैंक
सबल अनि विश्वसनीय बैंक
अम्बे स्टील्स्
and the
CATEGORIES are...
उत्कृष्ट ३ एजेन्सी
उत्कृष्ट नव कलाकार
उत्कृष्ट गीतकार
उत्कृष्ट संगीतकार
उत्कृष्ट लोक गायक
उत्कृष्ट लोक गायिका
लाइफटाइम अचीभमेन्ट अवार्ड
पिपल्स च्वाईस अवार्ड
उत्कृष्ट राष्ट्रिय गीत
उत्कृष्ट पार्श्व गायक
उत्कृष्ट पप गायिका
उत्कृष्ट पप गायक
उत्कृष्ट पार्श्व गायिका
उत्कृष्ट सांगीतिक समूह
उत्कृष्ट आधुनिक गायक
उत्कृष्ट आधुनिक गायिका
उत्कृष्ट आधुनिक गायिका
उत्कृष्ट युगल गीत
पिपल्स च्वाइस अवार्ड
QUANTUM/RK/0119
JANUARY 19TH, 2019
LIVE ON
KANTIPUR
Radio Kantipur
CODE गीत गायक
१ माया लुकी लुकी टीका प्रसाईं
२ गोजीमा दाम छैन राजनराज शिवाकोटी, मेलिना राई, ग्रीष्मा शिवाकोटी
३ रुपै मोहनी टंक बुढाथोकी / मीना निरौला
४ हाम्रो नेपालमा नितेशजंग कुँवर
५ पर्ख पर्ख मायालु कृष्ण काफ्ले / बिन्दु परियार
TYPE NMA <SPACE> SONG CODE & SEND IT TO 33001
EXAMPLE : TYPE NMA <SPACE> 1 FOR MAYA LUKILUKI
TYPE NMA <SPACE> 4 FOR HAMRO NEPALMA
MARKETED BY
A.D. RELEASE
CELEBRATION PARTNERS
CITY EXPRESS MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर
Xtraa! Cloth Care
प्रिती भोक
CBIL Capital Ltd.
JEWELLERY PARTNER
लक्की ज्वेलर्स
काठमाडौं हेटौंडा, नारायणगढ
PAINTS PARTNER
apollo paints
INSURANCE PARTNER
नेको इन्सुरेन्स लि.
NECO INSURANCE LTD.
MAKE A VISIBLE DIFFERENCE
BEVERAGE PARTNER
Warsteiner
PREMIUM GERMAN BEER

# अन्तरिक्ष अभियानमा नयाँ सफलता

नयाँ वर्ष २०१९ को पहिलो दिनमै अमेरिकी अन्तरिक्ष एजेन्सी नासाका दुई यानले ऐतिहासिक महत्वको कार्य सम्पन्न गरेका छन् । एक यानले सबैभन्दा सानो क्षुद्रग्रहको कक्षमा प्रवेश गर्न सफलता प्राप्त गरेको छ भने अर्को यानले सबैभन्दा टाढा रहेको अब्जेक्ट नजिक पुग्न सफल भएको छ । त्यसैगरी जनवरी ३ मा चन्द्रमाको डार्क साइडमा चीनको अन्तरिक्ष यान प्रवेश गरेको छ । यसबाट यो वर्षको प्रारम्भमै अन्तरिक्ष अभियानमा उल्लेखनीय सफलताका संकेत देखिएका छन् ।



### सानो क्षुद्रग्रहमा नासाको यान

पृथ्वीबाट लगभग ११ करोड किलोमिटर टाढा रहेको क्षुद्रग्रह बेनु अन्तरिक्षकै सबैभन्दा सानो अब्जेक्ट मानिन्छ । यही क्षुद्रग्रहको अध्ययन गरिरहेको नासाको अन्तरिक्ष यान ओएसआईआरआईएस-आरईएक्स सफलतापूर्वक यसको कक्षमा प्रवेश गरेको छ । यसभन्दा पहिले गत नोभेम्बरमा यही यानले त्यहाँ पानी भएको प्रमाण पृथ्वीमा पठाएको थियो । उक्त यानले आगामी दिनमा अन्य विभिन्न अध्ययन गर्ने बताइएको छ ।

### अल्टिमा थुलेमा न्यू होराइजन

नासाको अन्तरिक्ष यान न्यू होराइजनले अल्टिमा थुले नामक अन्तरिक्षमा सबैभन्दा टाढा रहेको वस्तुसम्म पहिलो उडान गरेको छ । अल्टिमा थुलेदेखि ३ हजार ५ सय किलोमिटरको दूरीसम्म न्यू होराइजनले उडान भरेको हो । सौर्य मण्डलभन्दा बाहिरको कुनै वस्तुलाई यति धेरै नजिकबाट अवलोकन गर्न सम्भव भएको यो पहिलो पटक हो । नासाका अनुसार अल्टिमा थुले सबैभन्दा प्राचीन अर्थात ४ अर्ब ६० करोड वर्ष पुरानो अब्जेक्ट हो र यो प्लुटोभन्दा सय गुना सानो छ ।

### डार्क साइडमा अन्तरिक्ष यान

चीनले चन्द्रमाको नदेखिने भाग अर्थात डार्क साइडमा पहिलो पटक अन्तरिक्ष यान पठाएर नयाँ सफलता हात पारेको छ । चन्द्रमाको उक्त भागका बारेमा हालसम्म केही जानकारी प्राप्त भएको थिएन । यसलाई चन्द्रमाको अँध्यारो हिस्सा अर्थात डार्क साइड पनि भनिन्छ । चीनद्वारा प्रक्षेपित चाङ ई ४ का साथमा एक रोभर अर्थात स्पेस एक्सप्लोरेसन भेइकल पनि छ । यसले उक्त हिस्साको संरचना र त्यहाँ उपलब्ध खनिज पनि पत्ता लगाउने छ । गत डिसेम्बर ८ मा उक्त यान चन्द्रमाका लागि प्रक्षेपण गरिएको थियो ।


चीनले २०१३ मा चाङ ई ३ चन्द्रमामा पठाएको थियो । सन् १९७६ मा सोभियत संघले लुना २४ पठाएपश्चात पहिलो पटक चन्द्रमामा उत्रिएको पहिलो स्पेसक्राफ्ट नै त्यही थियो । त्यसपछि बल्ल चीनको नयाँ अन्तरिक्ष यान फेरि चन्द्रमाको अध्ययनका लागि पुगेको छ । यसले अन्तरिक्ष अभियानमा चीनको बढ्दो महत्वाकांक्षालाई दर्साउँछ ।

## विराटनगरमा रोबोटको भिडन्त




१ नम्बर प्रदेशस्तरीय रोबोट प्रतियोगिताको उपाधि काठमाडौंको कसमस कलेज अफ टेक्नोलोजी एन्ड म्यानेजमेन्टले जितेको छ । विराटनगरस्थित जैन भवनमा सोमबार सम्पन्न उक्त प्रतियोगितामा विराटनगरको डिस्ट्रक्सनलाई २-१ अंकले पराजित गरी कसमसले उपाधि जितेको हो । क्यान महासंघ मोरङ शाखाद्वारा आयोजित उक्त प्रतियोगितामा काठमाडौं तथा १ नम्बर प्रदेशका विभिन्न जिल्लाका १५ टिमले भाग लिएको अध्यक्ष राजन यादवले जानकारी दिए । इन्जिनिरिङ अध्ययनरत विद्यार्थीहरूले आफैंले रोबोट बनाएर यो प्रतियोगितामा सहभागिता जनाएका हुन् ।

अनिल श्रेष्ठ



## मोबाइलमै उपचार


मोबाइलबिनाको जीवन कल्पना गर्न नसकिने भएको छ । हरमानिसको हातमा हुने मोबाइल बहुउपयोगीसमेत बन्दैछ । प्रत्यक्ष कुराकानी गर्नदेखि लिएर मोबाइलमा एप तयार गरी त्यहींबाट बिरामी र चिकित्सकबीच सेवा आदान-प्रदान हुन थालेका छन् । अस्पतालहरूको विवरण, अस्पतालमा उपलब्ध चिकित्सक, चिकित्सक उपलब्ध हुने समय त सामान्य नै भए । नेपालमै कतिपय संस्था तथा अस्पतालले अनलाइनबाट परामर्श उपलब्ध गराउन थालेका छन् । ई-पेइङको सहायताले बिरामी र चिकित्सकको प्रत्यक्ष भेटघाटबिना नै त्यस्तो सेवा सम्भव भएको हो । चिकित्सक-बिरामी परामर्श मात्र नभएर औषधीहरूका बारेमा जानकारी दिने, रोग विशेष चिकित्सकको जानकारी तथा सम्पर्क गराउने एवं अस्पतालहरूको विवरण उपलब्ध गराउने काममा समेत मोबाइल एपको प्रयोग बढ्दो छ । अहिले चलनचल्तीमा आएका स्वास्थ्य सेवा र जानकारीसम्बन्धी एपमा हाम्रो डाक्टर, हस्पिटल्स नेपाल, मेडिकल रेकर्ड, नेपाल मेडिकल एसोसिएसन, ड्रिम्स नेपाल, हेल्थकेयर प्रोफेसनल्स, डक्टर्स नेपाल, बेस्ट मेडिकल एप्लिकेसन अग्रणी छन् ।

## साबधान, सेल्फी रिस्ट हुन सक्छ

सेल्फी धेरै खिच्नेहरूको हातमा समस्या आएर सेल्फी रिस्ट नामक समस्या सिर्जना हुनसक्ने सम्भावना देखिएको छ । हात माथि उठाएर मोबाइल फोनमार्फत सेल्फी खिच्दा यस प्रकारको समस्या देखिने गरेको छ । आइरिस मेडिकल जर्नलमा प्रकाशित अनुसन्धान प्रतिवेदनअनुसार सन् २०११ अक्टोबर देखि २०१७ नोभेम्बरको बीचमा संसारभर २ सय ५० भन्दा बढी मानिसको सेल्फी लिने क्रममा मृत्यु भएको थियो । तीमध्ये सबैभन्दा बढी भारत र त्यस पछि रूस र अमेरिकामा मृत्यु भएको थियो । त्यसबाहेक सेल्फी लिने क्रममा हातमा विभिन्न समस्या आउने गरेको छ । सान फ्रान्सिस्कोस्थित अर्थोपेडिक सर्जन डा. लेबी ह्यारिसनले फोटो एडिटिङ प्रविधि र एप्सको बढ्दो प्रयोगका कारण यस प्रकारको समस्या बढिरहेको बताएका छन् । डा. ह्यारिसनका अनुसार धेरै सेल्फी प्रयोग गर्नेहरूमा कुइनाको नसा दाबिने र यसका कारण झन्झनाहट हुने हुन्छ । त्यसपछि दुख्न थाल्छ । यसलाई कार्पल टनल सिन्ड्रोम भनिन्छ । सेल्फी स्टिक प्रयोग गर्दा यस्तो समस्यामा केही कमी आउने समेत डा. ह्यारिसनले बताएका छन् ।



## प्लेटलेट्सबाट बाँझोपनको उपचार



रगतमा हुने प्लेटलेट्सको सहयोगले बाँझोपनको उपचार सम्भव भएको छ । एक महिलाको गर्भाशयको लाइनिङ एकदमै कमजोर र पातलो भएकाले आमा बन्न सकेकी थिइनन् । डाक्टरहरूले प्लेटलेट्स रिच प्लाज्मा (पीआरपी) प्रविधि अपनाएर ती महिलाको इन्फर्टिलिटी हटाउने कार्यमा सफलता पाएका छन् । गर्भाशयको मोटाई ७ देखि १२ मिलिमिटर हुनु आवश्यक छ, तर ती बिरामी महिलाको गर्भाशयको मोटाइ करिब ६ मिलिमिटर मात्र थियो । पीआरपी थेरापीको सहयोगले गरिएको आईभीएफ पनि सफल भएको छ र ती महिला हाल एक शिशुको आमा बनेकी छिन् । यो प्रविधि हाल परीक्षणकै क्रममा रहेको र सार्वजनिक नगरिएको बताइएको छ । पीआरपी थेरापीले आईभीएफको सफलताको दर पनि बढाएको छ ।

केवल एक प्रश्न

# माघे संक्रान्तिको रमाइलो पक्ष के हो ?



● ऋचा शर्मा, अभिनेत्री

माघे संक्रान्तिको सबैभन्दा राम्रो पक्ष भनेको यो १ गते पर्छ । कर्मचारीहरूको तलब आउँछ अनि घिउ चाकु किन्नका लागि पैसा हुन्छ । प्रायः चाड महिनाको बीचमा पर्छ र पैसा सकिँदै जाने हुनाले अलि गाह्रो पर्छ । अनि अर्को कुरा जाडोले चिसिएको शरीरमा घिउ-चाकु खाएर तात्दाको रमाइलो छुट्टै हुन्छ ।

**दीपकराज गिरी, अभिनेता**

मेरो घर गाउँ नजिकै रहेको कालिगण्डकी नदीको विभिन्न ठाउँहरू जस्तै राम्दी, रिडीमा ठूलो धार्मिक मेला लाग्छ । त्यहाँ नुहाउन गइन्थ्यो । साथै घरमा त्यो दिन आमाले पकाएको खिचडी र घिउ-चाकु खाइन्थ्यो । ती दिनहरू सम्झँदा रमाइलो लाग्छ ।

**शिरीष देवकोटा, गायक**

माघे संक्रान्तिको रमाइलो पक्ष भनेको तरुल, घिउ-चाकु किसिम-किसिमका तिलका लड्डु खाने अनि आगो ताप्ने हो । म हरेक माघे संक्रान्तिमा बिहान चाँडै उठेर नुहाउँछु र आगो ताप्छु । अघिल्लो दिन पुस महिनामै पकाएको तरुल घिउ-चाकु मस्त भुँडी फुट्ने गरी खान्छु । झापा गौरादहमा हुँदा माई मेला गएको पनि सम्झना छ ।

**घनश्याम गौतम, हास्यकलाकार**

कक्षा ६ मा अध्ययनरत छँदा माघे संक्रान्तिको दिन झापाको माइ खोलामा नुहाउने क्रममा डुबेको थिएँ । त्यो कुरा माघे संक्रान्ति आएपछि सम्झना आइहाल्छ । अनि माघे संक्रान्तिमा लड्डु, तरुल खाँदाको आनन्दको त कुरै नगरौं ।

**कुवेर खड्का, अभिनेता**

आफन्तजनसँग बसेर तिलौरा, तरुल, सेलरोटी खान एकदमै रमाइलो लाग्छ । बाल्यकालमा तिलको दाउरा बालेर तापेको, हजुरबुबा-हजुरआमाले तिलक लगाइदिएको अनि मिठो कुरा खान दिएको सम्झना अझै पनि ताजा छ । घरमा माघे संक्रान्ति मनाउन नपाएको धेरै भयो । त्यसैले यसपटक त्यो रहर पूरा गर्न सिन्धुली जाँदै छु ।

**महेश काफ्ले, गायक**

पुसमा पकाएर माघमा खाने चलन माघे संक्रान्तिको एकदमै रमाइलो पक्ष हो । गाउँमा हुँदा माघे संक्रान्तिमा तरुल खानुपर्छ भनेर बारीमा चार घण्टा लगाएर दुई किलोको तरुल खनेको सम्झना अहिले पनि ताजा छ ।

**धिताल चिरिच्याट्ट, हास्यकलाकार**

माघे संक्रान्तिमा विशेषगरी तिलको लड्डु खाँदाको रमाइलो अनि मासको दाल, घिउ, अदुवा मिसाएको खिचडी खान पाउँदाको मज्जा नै छुट्टै ।

**नवीन पौडेल, गायक**

माघे संक्रान्तिको रमाइलो त तराईमा रहँदा हुन्थ्यो । तराईमा थारु समुदायले मनाउने माघी एकदमै रमाइलो लाग्थ्यो । अझ ढिक्री र घुँगीको मज्जा छुट्टै हुन्थ्यो ।

**ऋचा शर्मा, अभिनेत्री**

मलाई त माघे संक्रान्तिमा हजुरआमाले बनाएको तिलको लड्डु खान निकै रमाइलो लाग्छ ।

**पुजन घिमिरे, मोडल**

माघे संक्रान्तिमा घिउ सँग खिचो, तिलको लड्डु तथा चाकु खाँदाको आनन्द बेग्लै छ । साथै, पश्चिम जाँदा रिडीको तीर्थ अनि तराई झर्दा घुँगी असाध्यै मनपर्छ ।

**केदार घिमिरे, हास्य अभिनेता**

घिउ-चाकु र तिलको लड्डु अरुबेला भन्दा यो माघे संक्रान्तिको दिन खान मज्जा आउँछ । जाडोमा घिउ-चाकु र तिलको लड्डुले शरीर तताउँछ । त्यसैले पनि हाम्रा पुर्खाहरूले यो पर्व माघमै पारेका हुन सक्छन् । माघे संक्रान्तिमा कतिपयले मासु भात पनि खान्छन्, तर मलाई चाहिँ मासु मन पर्दैन । विस्तारै मासु छाड्ने कोसिस गर्दैछु । अर्को कुरा माघे संक्रान्ति आएपछि मलाई गाउँको यादले छोपिहाल्छ, किनभने जुनसुकै चाडपर्व पनि सहरभन्दा गाउँमा धेरै रमाइलो हुन्छ ।

**शिवहरि पौडेल, हास्य अभिनेता**

माघे संक्रान्तिमा परिवारसँग बसेर विभिन्न परिकार बनाएर खानुको आनन्द बेग्लै हुन्छ । त्यो दिन नुवाइधुवाइ गऱ्यो अनि घाममा बसेर तेल लगायो । आफैले बनाएर तिलको लड्डु खाने, पुसमा उसिनेको तरुल माघमा खाने चलन छ । आहा कति रमाइलो हुन्छ त्यो दिन ।

**रञ्जु सुनम, मोडल**

माघे संक्रान्तिमा घिउ-चाकु तरुल खाएर घर परिवारसँगै बस्नुको आनन्द छुट्टै छ । म चाहिँ हरेक वर्षको माघे संक्रान्ति मामाघरमा मनाउँछु, त्यहाँ सबैसँग भेटघाट हुने भएकाले धेरै रमाइलो हुन्छ ।

**जेबिका कार्की, अभिनेत्री**

प्रस्तुति : महेश तिमल्सिना



तस्बिर : प्रवीण रानाभाट

पृष्ठ ५ बाट

## गहिरो प्रेममा...

गीत गाउन थालेपछि मलाई तनाव, स्ट्रेस, एन्जाइटी सबै भयो । ११ कक्षा पढ्दा डिप्रेसनको सिकारसमेत भएँ ।

**डिप्रेसन भएको कसरी थाहा पाउनुभयो ?**

केही शंका लागेका कारण म डाक्टरलाई देखाउन गएँ । उहाँहरूले समस्या र समाधानको बाटो देखाउनुभयो । अन्ततः मेडिटेसन र विभिन्न उपचार गरेपछि निको भएँ ।

**नेपालमा धेरै युवा डिप्रेसनमा परेका छन्, यो समस्या कसरी समाधान गर्न सकिन्छ ?**

म जुन बेला डिप्रेसनमा थिएँ त्यतिबेला हप्तामा ६ दिन नै चौबीसै घण्टा स्टुडियोमा व्यस्त हुन्थें । नराम्रो कुरा सोच्ने समय नै थिएन । गीत रचना भए पनि, नभए पनि म केही न केही लेखिरहन्थें । केही न केही गाइरहन्थें । चलचित्र हेर्ने र मन पर्ने काममा ध्यान दिएपछि निको भयो । यदि यस्तो समस्या जो कसैलाई छ भने तुरुन्त डाक्टरको सल्लाह लिनुपर्छ । कुनै पनि कुरामा फोकस हुनुपर्छ । दिनदिनै राम्रो र सधैं नराम्रो भन्ने हुँदैन, सकेसम्म आफूलाई व्यस्त राख्न सक्नुपर्छ ।

**गीत गायनका सुरुवातका के-के कुरा सम्झनुहुन्छ ?**

म मध्यमवर्गीय परिवारको सदस्य हुँ । सुरुमा गीत गाउँदा पैसाको समस्या हुन्थ्यो । गीत रेकर्ड गर्नुपऱ्यो भने मसँग पैसा हुँदैनथ्यो । आमाले सहयोग गर्छु भने पनि मलाई चाहिएजति पैसा उहाँसँग हुँदैनथ्यो । आर्थिक समस्यासँगै के गरौं, कसो गरौं, कसरी अघि बढौं जस्ता विभिन्न समस्या बेहोरें । गीत गाएर पनि जीवन चल्छ भन्ने कुरा परिवारलाई बुझाउन समय लाग्यो । मैले गिटार बोकेर हिँड्दा ट्याप्पे भयो, बिग्रियो भनेर गाउँभरि हल्ला हुन्थ्यो । गाउँमा कसैले यो कुरा भन्दा आमाको चित्त एकदमै दुख्थ्यो । मैले संघर्ष गर्न थालेको थिएँ, मलाई थाहा थियो, मेरो सपना सहजै पूरा हुन्छ भन्ने निश्चित थिएन । मेरो इच्छा र रहरकै कारण परिवार, समाज, कलेज र आफैसँग द्वन्द्व सिर्जना हुन थाल्यो । परिवारको इच्छाविपरीत काम गरेको थाहा हुँदा परिवारलाई रिझाउन सहज भएन । म के गर्दैछु, आफैलाई थाहा हुँदैनथ्यो । गायक बन्ने भन्ने थियो तर कहाँसम्म पुग्छु, कसरी निरन्तरता दिने भन्ने कुरामा अन्यौल थियो ।

**युवतीहरूलाई कत्तिको जिस्क्याउनुहुन्छ ?**

म त खासै त्यस्तो काम गर्दिनँ, तर साथीहरूचाहिँ जिस्क्याइरहन्छन् ।

**एउटा कुरा नढाँटी भनिदिनुस् न । जिन्दगीमा कति युवतीसँग प्रेममा पर्नुभयो ?**

सायद दुई जना थिए विगतमा, त्यो क्षणिक आकर्षण थियो कि जस्तो लाग्छ । गहिरो प्रेममा भने आजसम्म परेको छैन ।

**अहिले प्रेममा हुनुहुन्छ कि हुनुहुन्न ?**

छैन । अहिले म आफ्नो करिअर स्थापित गर्न खोजिरहेको छु ।

**खानामा कत्तिको चुजी हुनुहुन्छ ?**

छैन, सामान्य हो । दाल, भात तरकारी भए खासै केही चाहिँदैन ।

**बिहान कतिबेला उठ्नुहुन्छ ?**

५ देखि ६ बजेसम्म उठिसकेको हुन्छु ।

**उठेपछि के गर्नुहुन्छ ?**

सामाजिक सन्जालहरू चेक गर्छु । फोन चेक गर्छु, कसैको मिसकल छ भने अथवा कसलाई रिप्लाई गर्नुपऱ्यो भने कलब्याक गर्छु ।

**पहिरनमा कत्तिको सचेत हुनुहुन्छ ?**

ड्रेसअपका बारेमा खासै सोच्दिनँ । मलाई मनपर्ने पहिरन भए जुनसुकै पनि लगाउँछु ।

**सवारी कुन चढ्नुहुन्छ ?**

मलाई स्कुटरनै सजिलो लाग्छ, चलाउन सजिलो, कुनै महत्वपूर्ण सामान राख्न पनि मिल्ने भएकाले स्कुटर नै चढ्छु । यद्यपि पछि एउटा कार किन्नुपर्छ भन्ने सोचचाहिँ पलाएको छ ।

**लामो केश छ, स्याहार्न कत्तिको गाह्रो हुन्छ ?**

गाह्रो त भैहाल्छ नि ! यसलाई राम्रोसँग केयर गर्न सकिएन भने बिग्रने सम्भावना हुन्छ । जाडो अथवा गर्मी, जहिले पनि यसलाई धुनुपर्छ । नियमित रुपमा केशमा स्याम्पु प्रयोग गर्दै आएको छु ।

पब्लिक ओपिनियन

# युट्युबमा भाइरल भएका दुई गीत

कृष्ण भट्टराई

## पिरिम नलाउने...

केही महिनाअघि सार्वजनिक भएको एउटा आधुनिक शैलीको युगल गीतले युट्युब तथा टिकटकमा मात्र होइन, सार्वजनिक जीवनमा समेत लोकप्रियता हासिल गरेको कुरा सुनेर उक्त गीतका गायक आशिष गौतम सचिन दंग छन् । आफ्नो सांगीतिक जीवनकै दोस्रो गीत विवाह भोजदेखि पिकनिकसम्म बजाएर नाचिरहेको देख्दा यी युवा गायक दंग नपर्ने कुरै भएन ।

हुन पनि, 'पिरिम नलाउने...' गीत आजको मितिसम्म युट्युबमा १ करोड ९५ लाखभन्दा बढी पटक हेरिएको छ । टिकटकमा यही गीतमा हजारौंले अभिनय तथा नृत्य गरेका छन् । टिकटकमा त सर्वसाधारण मात्र होइन, नेपाली सेलिब्रेटीहरूले समेत यही गीतमा आधारित भएर भिडियो बनाएका छन् ।

दीपक शर्माको शब्द तथा संगीतको उक्त गीतमा गायक आशिष सचिनलाई गायिका मेलिना राईले साथ दिएकी छिन् । सुब्रतराज आचार्यद्वारा निर्देशित म्युजिक भिडियोमा गायक आशिष सचिनसँगै अभिनेत्री वर्षा राउत तथा तीन दर्जनभन्दा बढीले नृत्य गरेका छन् ।

लोकधुनसमेत मिश्रण गरिएको यो गीतको भिडियोले युट्युबमा अपलोड भएको डेढ महिनामै १ करोड भ्युज पाइसकेको थियो । गायक सचिनले उक्त गीतको सफलतापछि



संगीतकार दीपक शर्माकै संगीत निर्देशनमा उक्त गीतको सिक्वेल समेत गाउने घोषणा गरेका छन् । यसअघि मेरो हरपल शीर्षकको गीत गाएका गायक सचिनको तेस्रो गीत दिन पनि भेरी गुड चाँडै दर्शकमाझ आउँदैछ ।

**यसबीच युट्युबमा ८५ हजार लाइक तथा २ हजार ८ सय ३० वटा प्रतिक्रिया पाउने उक्त गीतको भिडियोले प्राप्त गरेका केही महत्वपूर्ण प्रतिक्रिया :**

तीन वर्षसम्म पनि विदेशबाट घर नजाने, हल्का दाह्री फुलेकाहरूले यता हाजिर गरौं त । त्यसका बाजे, कस्तो राम्रो सिर्जना हो ।

**रत्न कार्की**

यो गीत टिकटकका लागि नै बनेको हो ।

**मानव बस्याल शर्मा**

दिनमा एक न एकचोटि यो गीत नहेरी मनै मान्दैन ।

**अमर चौधरी**

तीन महिनामा एक महिना नि गाउँमा नआउने, क्यारी होला यस्तासँग माया पलाउने, भैगो भैगो तिमीसँग पिरिम नलाउने । साह्रै उत्कृष्ट गीत ।

**एचआरके इन्टरटेनमेन्ट**

मौलिक गीत-संगीतलाई सबैले प्रोत्साहन गर्नुहोस् है । यस्तै सुमधुर छ यो गीत । एक पटक सुन्न नभुल्नुहोला ।

**अर्जुन तिवारी अविरल**

साथी हो, पासपोर्ट जोगाएर राख्नु है । घर जाँदा श्रीमतीले च्यात्न बेर छैन यो गीत हेरेपछि । राम्रो छ, गीत मन पर्‍यो ।

**सुरज र सागर**

सलाई बिना आगो बल्ने भए, पैसाबिना संसार चल्ने भए, ल्हासा किन जान्थे र मदन, मायाले नै संसार चल्ने भए । असाध्यै सुन्दर गीत र भिडियो ।

**शान्तिको खोजीमा**

लिन आउँछु घर तिम्लाई बाजा बजाइ, नमानेमा जबर्जस्ती लान्छु भगाइ ।

**बाबु राजा**

आँखाबाट आँसु नै झर्‍यो भिडियोको अन्तिम दृश्यले ।

**चन्द्रकला डल्लाकोटी**

कति राम्रो स्वर छ हजुरहरू दुवै जनाको ।

**भीष्म न्यौपाने**

गजब प्रस्तुति अनि राम्रो गीत र नृत्य ।

**खेमानन्द पाण्डे**

यो गीतले मेरो घरबार बिगार्ला जस्तो लाग्यो यार ! घर नगा'को पनि चार वर्ष हुन लाग्यो । अब यो तालले भएन । घर त जसरी पनि जानुपर्छ । एक वर्ष थप गरेर पाँच वर्षमा घर जानुपर्ला भन्ने सोच गरेको थिएँ, अहँ हुँदैन । अब घर जानुपर्छ । पैसा भन्ने यस्तै हो । अब थप नगर्ने, चार महिना बाँकी छ । अब जानुपर्छ ।

**राज बुढाथोकी**

समसामयिक विषयमा आधारित यो गीत उत्कृष्ट छ ।

**राज कुमार**

## सालको पातको टपरी हुने....

पछिल्ला केही वर्षयता कुनै पनि नयाँ गीत कति लोकप्रिय छ भन्ने कुराको मापन गर्ने सजिलो माध्यम बनेको छ युट्युब । नेपाली गीत-संगीतमात्र होइन, हिन्दी तथा अंग्रेजी गीतको लोकप्रियताको मापन पनि अचेल यूट्युबको भ्युजबाटै हुन थालेको छ । यही मेसोमा यतिबेला नेपाली सांगीतिक बजारमा एउटा लोकदोहोरी गीत भाइरल भएको छ । करिब तीन महिनाअघि वसन्त थापाको यूट्युब च्यानलमा अपलोड भएको 'सालको पात टपरी हुने...' गीत यतिबेला हरेक दर्शकको मनमा बस्न सफल भएको छ । अहिलेको पिकनिकको मौसममा यो गीतको महत्व अझ बढेको छ ।

कुलेन्द्र विक तथा विष्णु माझीको स्वरको यो गीतको म्युजिक भिडियो हालसम्म २ करोड ७१ हजारभन्दा बढी पटक हेरिएको छ । हरेक उमेरका दर्शकले मन पराएको यो गीतको म्युजिक भिडियोमा गायक कुलेन्द्र विकसंगै अभिनेत्री मरिष्का पोखरेल तथा अभिनेता वसन्त थापाले कोरससँगै आकर्षक नृत्य प्रस्तुत गरेका छन् । १४ मिनेट २३ सेकेन्ड लामो उक्त गीतमा समावेश धुन, प्रयोग गरिएका शब्द तथा बाजाले गीतको सौन्दर्य त बढाएकै छ, भिडियोमा पनि मौलिकता पाइन्छ ।

गीतका सर्जक कुलेन्द्र विक समेत अहिले दंग छन् । 'गीत राम्रै बने जस्तो लागेको थियो, गायक विकको भनाइ छ- तर यति धेरै लोकप्रियता पाउला भन्ने थिएन । यो गीतका शब्द नवराज पन्तले रचना गरेका हुन् भने वसन्त थापाले त्यसलाई संगीतबद्ध गरेका हुन् । मौलिक शब्द तथा आधुनिक शैलीको संगीतले यो गीतलाई लोकप्रिय बनाएको उनको कथन छ । आशिष अविरलद्वारा संगीत संयोजन गरिएको यो गीतको भिडियो शिव विकले निर्देशन गरेका हुन् ।



**यूट्युबमा आएका केही प्रतिक्रिया :**

जोडी पन्छी देखे पनि घरमुनिको बोटमा, तारा खस्दा तिम्रै नाम आउँछ मेरो ओठमा...वा क्या शब्द छ, अनि संगीतको दम भन्नु नै वसन्त दादाको नाम हो र त्यो नाम आफैंमा काफी छ । कुलेन्द्र दा र विष्णु दिको गायकीको बयान गर्न मेरो क्षमताले भ्याउँदैन । निकै उत्कृष्ट गीत, आफैंमा बलियो छ । भिडियोको मेहनतका लागि सलाम छ शिव दाजु ।

**भूमिका गिरी**

मलाई लोक गीत खासै मन पर्दैनथ्यो, तर जुन दिन यो गीत सुनें, म लोक गीतको फ्यान भएँ ।

**बुद्धराज राई**

बिरामीलाई औषधि जस्तै बिहान, दिउँसो, बेलुका, राति कम्तीमा एक-एक पटक सेवन नगरी नहुने, कस्तो गीत हो यो ?

**रमेश सिग्देल**

नेपाली गीत-संगीत जगतमा यस्तै सिर्जना हुँदै जाने हो भने विदेशी गीत-संगीतको प्रकोप कम हुनेछ ।

**देव श्रेष्ठ**

मौलिकता झल्किएको छ । नेपाली लोकदोहोरीको इतिहासमा सबैभन्दा बढी मन परेको गीत यही हो ।

**चेतन बोहोरा**

हैट, जिन्दगीमा पहिलो पटक लोकदोहोरी गीत मन परेको र धेरै पटक सुनेको यही हो ल ।

**केशव केसी**

लोक गीतमा सबैभन्दा धेरै दर्शक पाएको गीत १.सालको पात टपरी, २.उही खोलाको पानी, ३. बोल माया ।

**एसके मिडिया**

मलाई सबैभन्दा खुसी लागेको नेपाल आइडलले पनि यो गीतलाई सम्मान गर्‍यो, जसले लोक तथा दोहोरी गीतको प्रचार-प्रसार अनि सम्बर्द्धनमा सहयोग पुर्‍याउनेछ ।

**रामहरी अर्याल**

लोक गीतको इतिहासमा लेखिनु पर्छ यो सिर्जना । कस्तो मीठो स्वर अनि लय, म त हेरेको हेर्‍या भएँ ।

**नीलिमा थापामगर**


विष्णु माझीको गीतले एक किसिमको तरंग फैलाउँछ युवाहरूमा । उनको आवाज मै मोहनी छ । तपाईंको आवाज लता मंगेशकरभन्दा कम छैन । सधैं यस्तै आवाज सुन्न पाइरहियोस् ।

**गोविन्द अधिकार**

हाम्रो नेपालमा अब परिवर्तन आएछ । गायक,गायिका, कोरियोग्राफर सबैलाई धन्यवाद छ । साह्रै राम्रो गीतका साथै भिडियो पनि साह्रै राम्रो ।

**केशव खत्री**

बलिउड



# विश्वकै नम्बर वान अभिनेता


बलिउड अभिनेता ऋतिक रोशनले विश्वभरका अभिनेताहरूलाई पछि पार्दै सर्वाधिक ह्यान्डसम अभिनेताको उपाधि प्राप्त गरेका छन् । यो उपाधि अभिनेताहरूको लुक्स, उनीहरूको प्रोजेक्टले बक्सअफिसमा गरेको आम्दानी, ग्लोबल फ्यान फलोइङ तथा विभिन्न अनुमोदनबाट प्रदान गरिन्छ । ऋतिक चाँडै चलचित्र सुपर-३० मा देखिँदैछन् । यो चलचित्र निर्माणसँगै विभिन्न कारणले चर्चामा छ । ऋतिक टप वानमा परेसँगै उनी पुनः विश्वभर खोजिएका छन् । उनलाई युट्युब, फेसबुक, इन्स्टाग्राम, ट्विटर आदि सामाजिक सन्जालमा खोज्न थालिएको छ । ऋतिक टप वानमा पर्ने क्रममा बलिउडकै अर्का दवंग स्टार सलमान खान भने टप ५ मा परेका छन् । यो सूचीको टप-१० मा अन्य बलिउड अभिनेता छैनन् । ऋतिकले यसअघि एसियाका सर्वाधिक सेक्सिएस्ट अभिनेताको उपाधिसमेत प्राप्त गरेका थिए ।



# मोदीको जीवनीमा चलचित्र


बलिउडमा पछिल्ला केही वर्ष बायोपिक चलचित्र निर्माणको क्रम बढेको छ । भारतीय अभिनेता सञ्जय दत्तको जीवनीमा बनेको बायोपिकले धुमधाम राम्रो रिजल्ट दिएपछि बायोपिक निर्माणको क्रम अझ तीव्र भएको हो । बलिउडमा वर्ष २०१९ मा पनि केही बायोपिक चलचित्र प्रदर्शन हुँदैछन् । यस क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जीवनसँग नजिक रहेर चलचित्र निर्माण हुने खबर बाहिरिएको छ । मोदीको चिया पसलेदेखि प्रधानमन्त्रीसम्म बन्ने यात्राको यथार्थ घटनालाई चलचित्रमा उतार्ने तयारी गरिएको भारतीय मिडियाले जनाएका छन् । उक्त बायोपिकलाई उमंग कुमारले निर्देशन गर्दैछन् । चलचित्रमा विवेक ओवरायले मोदीको चरित्र निर्वाह गर्ने पक्का भैसकेको बताइन्छ । चलचित्रको शीर्षक 'पीएम नरेन्द्र मोदी' राखिएको छ, तर यो फाइनल नाम भने होइन । चलचित्रको छायांकन यही जनवरीको मध्यतिर सुरु गर्ने तयारी छ । अभिनेता विवेक ओवरायले यो बायोपिकमा काम गर्नु आफ्नो जीवनकै सबैभन्दा ठूलो चुनौती मानेका छन् । यो बायोपिकमा, पीएम मोदीको चिया पसलको यात्रा, गुजरातको रोड ट्रान्सपोर्ट कर्पोरेट क्यान्टिनमा काम गरेको अनुभव, राजनीतिक संघर्ष, गुजरातको मुख्यमन्त्री हुँदाका विभिन्न क्षण, प्रधानमन्त्री बन्दासम्मका विभिन्न आरोह-अवरोहहरू चित्रण गरिने निर्माण पक्षले जानकारी गराएको छ ।

# क-कसको हुँदैछ विवाह ?



अघिल्लो वर्ष बलिउड विवाहमय रह्यो । चर्चित अभिनेत्री प्रियंका चोपडा र अमेरिकी गायक निक जोन्स, रणवीर सिंह र दीपिका पादुकोण, सोनम कपुर र आनन्द आहुजा, हास्यकलाकार कपिल शर्मा र गिन्नी चतुरथ आदिले विवाह गरे । २०१९ मा पनि बलिउडका केही चर्चित सेलिब्रेटीको विवाह हुने प्रवल सम्भावना छ ।

यो वर्ष अभिनेता बरुण धवन तथा नताशा दलालको विवाह हुने आँकलन गरिएको छ । वरुण र नताशा केही वर्षदेखि प्रेममा छन् । त्यसो त वरुणले हालै एक म्यागजिनसँगको अन्तर्वार्ताका साथै करण जोहरको कफी विद करणमा आफ्नो विवाह हुने सम्भावना व्यक्त गरेका थिए । वरुण र नताशा स्कुल उमेरदेखि नै




एकअर्काको प्रेममा रहेको बताइन्छ ।

अघिल्लो वर्ष सर्वाधिक हिट चलचित्र दिएका अभिनेता रणवीर कपुर र आलिया भट्टले यो वर्ष विवाह गर्ने सम्भावना देखाएका छन् । आलियाका बुवा महेश भट्टले पनि उनीहरूलाई ग्रिन सिंग्नल दिइसकेका छन् । आलिया अहिले कपुरको परिवाससँग निकै नजिक भएको बताइन्छ । केही साताअघि मात्र आलिया रणवीरका बिमारी बुवा ऋषि कपुरसँग भेट्न न्युयोर्क पुगेकी थिइन् । बलिउडमा लभवर्डको उपमा पाएको यो जोडीले फुर्सदमा सँगै समय बिताउने कुरा बताइसकेका छन् ।

अली फजल र ऋचा चड्डाको विवाह पनि यसै वर्ष हुने प्रबल सम्भावना छ । द फुकुरेका अलि ऋचासँग एक वर्षदेखि गहिरो प्रेम सम्बन्धमा रहेको भारतीय सञ्चारमाध्यमले खुलासा गरेका छन् । उक्त चलचित्रको सेटमा भेट भएका उनीहरूको सम्बन्ध त्यसपछि निरन्तर झाँगिदै गएको छ ।

बलिउडमा पछिल्लो समय चर्चामा आएका अभिनेता राजकुमार राव र पत्रलेखा झन्डै ५ वर्षदेखि प्रेमसम्बन्धमा छन्, राजकुमार पत्रलेखाको सिउँदोमा सिन्दूर हालेर चाँडै आफ्नो बनाउन चाहन्छन् तर पत्रलेखाले केही समय कुर्न आग्रह गरेपछि उनी चुप थिए । उनीहरू पनि चाँडै वैवाहिक बन्धनमा बाँधिन चाहन्छन् । मिडियामा खुलेरै आफ्नो सम्बन्धका बारेमा बताउँदै आएका उनीहरूले सामाजिक सन्जालमा आफ्ना तस्बिर राख्नेदेखि फुर्सदमा सँगै समय बिताउने गरेका छन् ।

नरगिस फाखरी र मत एलोन्जो पनि वर्ष २०१९ मा विवाह बन्धनमा बाँधिने सम्भावना छ । उनीहरू एक म्युजिक भिडियोका क्रममा नजिक भएका थिए । अमेरिकी निर्देशक तथा भिडियो एडिटर एलोन्जो र नरगिस २०१७ देखि प्रेममा छन् । उनीहरू अमेरिकाको



लसएन्जलसमा सँगै बस्छन् ।

२०१८ मा सर्वाधिक चर्चामा रहेको जोडी हो, अर्जुन कपुर र मलाईका आरोरा । उनीहरू पनि यो वर्षदेखि एक्लो जीवनमा पूर्ण विराम लगाउँदै अघि बढ्न चाहन्छन् । केही महिनादेखि उनीहरू पारिवारिक हिसाबले समेत नजिकिएका छन् । मलाइका अर्जुनको घर जाने गरेकी छिन् भने अर्जुन मध्यरातमा पनि मलाइकाकै घरमा देखिन्छन् ।

त्यस्तै, अरबाज खान र जर्जिया अन्ड्रिईको पनि विवाह हुने सम्भावना छ । केही समयदेखि डेटमा रमाइरहेको



यो जोडी विवाह गर्ने सोचसम्म पुगिसकेको बताइन्छ । मलाइकाले डिभोर्स दिएपछि अरवाजले जर्जियाको मुटुमा सेफ ल्यान्डिङ गरेका हुन् । उनले आफ्नो यो सम्बन्धलाई जसरी पनि जोगाउन खोजेका छन् ।

भारतीय अभिनेत्री सुस्मिता सेन तथा रोहन सावल पनि प्रेम सम्बन्धमा परेको धेरै भैसकेको छ । भारतीय मिडियाको दाबीलाई मान्ने हो भने उनीहरूले यही वर्ष विवाह गर्ने सम्भावना छ । बलिउडमा आबद्ध सिवानी डन्डेकार र फरहान अख्तर, सिना बजाज र रोहित पुरोहित, यामी ज्याकसन र जर्ज, पूजा बनर्जी र कुनाल वर्मा, सुवुही जोशी र सिद्धार्थ सागर, अस्मित पटेल र मेहेक चावला, इलिजा डी क्रुज र अन्ड्रेउ नेवन पनि यही वर्ष विवाह-बन्धनमा बाँधिन सक्छन् ।

# ‘जीवन काँडा कि फूल’ बाट झमक खुसी

रमेशचन्द्र अधिकारी





बहुप्रतीक्षित चलचित्र ‘जीवन काँडा कि फूल’ मुलुकभर एकसाथ प्रदर्शन हुने खबरले झमक घिमिरे उत्साहित छिन् । साहित्यकार घिमिरेको धनकुटा-६, कचिडेस्थित निवासमा उनको बहुप्रसिद्ध कृति ‘जीवन काँडा कि फूल’मा आधारित चलचित्रसम्बन्धी जानकारी दिन आयोजित पत्रकार भेलामा सहभागी घिमिरेले आफ्नो लिखित प्रतिक्रियामा भनिन्, ‘आफ्नै जीवनीमा आधारित चलचित्र केही समयको प्रतीक्षापछि मुलुकभर एकै समयमा प्रदर्शन हुन लागेकोमा खुसी लागेको छ ।’

चलचित्रका निर्माता तथा निर्देशक विनोद विष्टले केही ठूला लगानीका चलचित्र सार्वजनिक हुने समयलाई टार्ने प्रयासमा यो चलचित्र प्रदर्शन गर्न केही ढिलाइ भएको बताए । आगामी चैत २२ गते मुलुकभरका चलचित्र हलमा झमक घिमिरेको ‘जीवन काँडा कि फूल’ प्रदर्शन गरिने विष्टले बताए । यद्यपि झमकको गृहनगर धनकुटामा भने यसै साता यो चलचित्रको च्यारिटी शो हुने भएको छ । यो बायोपिक चलचित्र जोकोहीले हेर्नै पर्ने उनको तर्क छ । विष्ट ब्रदर्शको ब्यानरमा निर्माण भएको यो चलचित्र एसईई परीक्षा दिएर बसेका विद्यार्थीले फुर्सदमा सहज रुपमा हेर्न सकिने गरी प्रदर्शन गर्ने तयारी गरिरहेको उनले बताए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्व राख्ने छुट्टै विशेषता बोकेको चलचित्र भएकाले यसलाई सहज रूपमा रुचाइने आशा छ, विष्टले भने, ‘सबै कलाकारले राम्रो अभिनय गरेका छन् ।’ घिमिरे सानो छँदाको पुरानो घर र पुस्तकमा वर्णन गरिए अनुसारको दृश्यका लागि कृत्रिम घर निर्माण गरिएको उनले बताए ।

साहित्यकार घिमिरेले आफूले पुस्तकमा उल्लेख गरेका सबै कथा चलचित्रमा नसमेटिएको बताइन् । ‘मेरी आमाले मलाई असाध्यै माया गर्नुहुन्छ, चलचित्रमा आमाको केही छुच्चो रोल भए पनि त्यसलाई फिल्मको कथाको रूपमा लिनु हुन आग्रह गर्छु ।’ उनको भनाइ छ ।

९० प्रतिशत धनकुटा र बाँकी धरान तथा राजधानीमा छायांकन भएको यो चलचित्रको सुरु र अन्त्यमा झमक स्वयंसमेत देखिनेछिन् । साहित्यकार घिमिरेको बाल्यकालदेखि पछिल्लो अवस्थासम्मको संघर्ष समेटिएको मदन पुरस्कार प्राप्त पुस्तक ‘जीवन काँडा कि फूल’ मा आधारित यो चलचित्रमा करिब ३० जना कलाकारले अभिनय गरेका छन् । चलचित्रमा झमकको भूमिकामा तीन जनाले अभिनय गरेका छन्, जसमा नवजात बालकसहित अवस्था थापा र रोजिता बुद्धाचार्यले झमकको अभिनय गरेको निर्देशक विष्टले बताए । यो चलचित्रमा स्वीकृति शर्मा, टीका सुवेदी, सारिका घिमिरे, किशन सुनार, उमा गिरी आदिले समेत अभिनय गरेका छन् ।

# कोलकाताकी श्रद्धाको डेब्यु



चलचित्र ‘हृदयभरि’ निर्माण गर्ने औपचारिक घोषणा गरिएको छ । सुरज सुब्बा नाल्बोको लेखन तथा निर्देशनमा तयार हुने यो चलचित्रमा पल शाह, नीर शाह, सुनिल थापा, काश बाबु, अनुराग कुँवर, निर्मल शर्मा, सलोन बस्नेत, रेखा लिम्बू, कविता रेग्मी, अभिदित खाती, बिके श्रेष्ठ, दीपक गजमेर, प्रेम श्रेष्ठ, हटीनटी अनुपम श्रेष्ठ, आयुषमान घिमिरे, सुमन श्री आदिले अभिनय गर्नेछन् । यही चलचित्रमार्फत श्रद्धा छेत्री नेपाली चलचित्रमा डेब्यु गर्दैछिन् । भारतको कोलकातामा बसोबास गर्दै आएकी श्रद्धा त्यहाँकी सुपरिचित मोडल हुन् । त्रिकोणात्मक प्रेमकथामा निर्माण हुने यो चलचित्रको फस्ट लुक्ससमेत सार्वजनिक गरिएको छ । हृदयभरिको छायांकन फागुनको तेस्रो साता प्रारम्भ हुनेछ ।

**को के भन्छन् ?**


**पल शाह** : कथा राम्रो लागेर नै मैले यसमा अभिनय गर्न लागेको हुँ । यो चलचित्रले दर्शकलाई बाँध्छ, विषयवस्तु राम्रो छ । फिल्ममा मलाई चकलेटी ब्वाइकै रूपमा पाउनु हुनेछ तर अघिल्ला फिल्मभन्दा फरक रूपमा ।

**सुरज सुब्बा नाल्बो** : फिल्मले अहिलेको समयको युवापुस्ताको कथा भन्छ, त्यही अनुरुप नै हामीले कास्ट लिएका छौं । हामीलाई चकलेटी हिरो र फ्रेश अनुहार चाहिएको थियो, त्यसैले श्रद्धालाई प्रस्ताव राख्यौं । पलसँग जोडीसुहाउने भएकाले पनि उनलाई डेब्यु गराउन लागेका हौं । मेरो पछिल्लो फिल्मले पनि मनोरंजनसँगै कहीं कतै सन्देश दिएकै छ, यसमा पनि छ । राम्रो टिम पाएको छ, राम्रो फिल्म बनाउने आत्मविश्वास छ ।

**निकेश लिम्बू** : म विदेशमा भए पनि नेपाली फिल्मसँग जोडिएकै छु । मैले निर्माण गरेका चलचित्रले मनोरञ्जन पनि दिएका छन् भने केही सन्देश पनि । हँसिया, रातो घर, ब्लाइन्ड रक्सपछि अब हृदयभरि लिएर आउँदैछु । कथावस्तु राम्रो छ, त्यसैले यो टिममा म पनि छु ।

### यसो भन्छिन् श्रद्धा

मलाई फिल्ममा अभिनय गर्ने रहर थियो । त्यसै अनुरूप मोडलिङ हुँदै फिल्ममा आइपुगेकी छु । कोलकातामा काम गरे पनि मलाई नेपाली फिल्ममै आउन मन थियो । मलाई पहिले त कास्टले नै इम्प्रेस गरेको हो तर जब कथा सुने अझ प्रभावित भए । मेरा लागि राम्रो प्रवेश टाइम भएजस्तो लागेको छ, आशा छ दर्शकको माया पाउनेछु ।



# अघि-अघि सुन्दरमणि, पछि-पछि विष्णु माझी



प्रतीक्षा काफ्ले

सेतो र रातै कलरको गलबन्दी अनि खैरो कोट र जिन्स पाइन्ट लगाएका एक पुरुष । उनीसँगै कालो रंगको लामो लुङ्गी, कालै कलरको ओभर कोट अनी पूरै टाउको छोप्ने गरी बेरिएको कालो पछ्यौराका साथमा कालै मास्क लगाएकी महिला ।

आइतवार स्याङ्जा प्रहरी प्रमुखको कार्यकक्ष खोज्दै दुवै जना प्रहरी कार्यालय पसे । अनुहार लुकाउँदै प्रवेश गरेका ती अरू कोही थिएनन्, लोकदोहोरीकी सुपरस्टार गायिका विष्णु माझी तथा उनका श्रीमान् सुन्दरमणि अधिकारी थिए । विष्णुको भूमिगत जस्तै जीवनका बारेमा सोधीखोजी हुन थालेपछि प्रमुख जिल्ला अधिकारी कोशहरी निरौलाको निर्देशनमा जिल्ला प्रहरी प्रमुख एसपी राजकुमार लम्सालको खोजीपछि उनीहरू आइतबार अनौठो शैलीमा स्याङ्जा जिप्रकामा झुल्किएका हुन् । साप्ताहिकको गएको अंकमा यही विषयमा रहस्यमय गायिका शीर्षकमा कभर स्टोरी प्रकाशित भएको थियो ।

एसपी लम्सालले सुन्दरमणिलाई फोन गरेर विष्णुलाई स्याङ्जा जिप्रकामा ल्याउन र यदि नल्याए प्रहरी परिचालन गरेर भए पनि ल्याउँछु भनेपछि मात्र सुन्दरमणिले विष्णुलाई स्याङ्जा लिएर आएको बताइन्छ । उनीहरूसँगै विष्णुका दाइ बाबुराम, आमा धर्मकुमारी तथा पिता ताराबहादुर माझी पनि थिए ।

त्यसपछि विष्णु, सुन्दरमणि र विष्णुको परिवार एसपी लम्साल, प्रमुख जिल्ला अधिकारी कोशहरी निरौला, प्रशासकीय अधिकृत यादवराज शर्मासँग छलफलमा बसे । श्रीमान् सुन्दरमणिका साथमा प्रहरीकहाँ आएकी विष्णुले श्रीमान्कै आडमा बसेर छलफलमा भाग लिएकी थिइन् । छलफलमा विष्णु कमै मात्र बोल्थिन भने प्रजिअ तथा एसपीको प्रश्नमा सुन्दरमणिले नै जवाफ दिन्थे ।

छलफलमा सुन्दरमणिले आफ्नो छुट्टै एउटा लक्ष्य भएकाले सार्वजनिक नभएको जानकारी गराए । 'विष्णुजी त्यति खुल्नु भएन । गाउँले लवजमा केही जवाफ मात्र दिनुभयो,' छलफलमा सहभागी एसपी लम्सालले भने, 'सुन्दरमणिले अन्तरजातीय विवाहमा दुवै जनालाई छुटाउन खोजिएकाले गुमनाम जस्तै हुनुपरेको बताउनुभयो ।' यतिमात्र होइन, छलफलका क्रममा सुन्दरमणिले विष्णुबारेमा उठेका थुप्रै प्रश्नको जवाफ दिएका थिए । विष्णुको देश-विदेशमा हाइडिमाण्ड हुँदा पनि किन सार्वजनिक कार्यक्रमहरूमा सहभागी हुन नदिएको भन्ने प्रश्नमा सुन्दमणिले कतिपयले विष्णुलाई मात्र विदेश लान्छौं भनेको तर विष्णुसँगै आफू पनि जान खोजेको तर नलगेपछि नगएको दाबी गरेका थिए । 'मलाई कसैले लान मानेनन्, उनी सामान्य लेखपढ गरेकी केटी हुन् । बोल्न जान्दिनन्, लेख्न-पढ्न पनि जान्दिनन्,' सुन्दरमणिको भनाइ उदृत गर्दै स्रोतले भन्यो, 'बाहिरी दुनियाँसँग फेस गर्न नसक्ने भएकाले म सँगै जान खोजेको थिए त्यसैले उनलाई एक्लै पठाइन् ।'

विष्णुले पनि सुन्दरमणिको तर्कलाई समर्थन गर्दै बाहिरी दुनियाँका बारेमा आफूलाई केही थाहा नभएकाले श्रीमान्को सहारा लिनुपरेको प्रष्टीकरण दिएकी थिइन् । मिडियालाई आफूहरूले जवाफ दिन कुनै बाध्यता नरहेको भन्दै सुन्दरमणि छलफलकै क्रममा चर्किएका थिए । विष्णुका बाबुआमा भने त्यति बोलेनन् । दाइ बाबुरामले चाहिँ बहिनी विष्णुसँग बेला-बेलामा सम्पर्क हुने कुरा बताएका थिए ।

प्रजिअ तथा एसपीसँग समेत विष्णुले माक्स लगाएर कुरा गरेकी थिइन् । एसपी लम्सालले अनुहारप्रति शंका लाग्यो भन्दै माक्स र पछ्यौरा हटाउन लगाएका थिए । सधैं मास्क लगाउने र आफ्नो फेस सार्वजनिक नगर्ने विष्णुको अनुहारमा कुनै चोट, खत नभएको लम्सालले बताए । भूमिगत सरहको विष्णुको जीवनशैलीका बारेमा राखिएको चासोका सम्बन्धमा सुन्दरमणि आफूहरूको इच्छा भन्दै पन्छिका थिए । छलफलमा गरिएका प्रत्येक प्रश्नको जवाफ सुन्दरमणिले मात्र दिएका थिए ।

विष्णु र सुन्दरमणि मिडियाबाट भागिरहन्थे । उनीहरूले फोटो खिच्नसमेत मानेका थिएनन् । पत्रकारहरू केही सोधपुछ गर्न नजिकिँदा सुन्दरमणि अघि-अघि र विष्णु पछि-पछि दौडन्थे ।

विष्णुकी आमा र बाबुलाई छोरा बाबुरामले ल्याएका थिए । काठमाडौंबाट बा२ज २०९२ नम्बरको ट्याक्सीमा आएका सुन्दरमणि-माझी दम्पती पत्रकारले प्रश्न सोध्न खोज्दा आफू आएको ट्याक्सी छोडेर स्याङ्जा- पोखरा चल्ने लु१ज ५३५२ नम्बरको कारमा हतार-हतार फर्किएका थिए ।

**एघार वर्षपछि बाबु छोरीको भेट**

सुन्दरमणि अधिकारीसँगको सम्बन्धपश्चात् गुमनाम भएकी लोक तथा दोहोरी गायिका विष्णु माझीको परिवारसँग ११ वर्ष पछिको भेटघाट पनि त्यही थियो । चापाकोट नगरपालिका-८ खोरियाघाट जन्मघर भएकी माझीले श्रीमान् सुन्दमणिसँग विवाह गरेपछि ५८ वर्षीय बाबु ताराबहादुर माझी, आमा धर्मकुमारी र दाइ बाबुरामलाई आक्कल-झुक्कल मात्र भेटेको बताइन्छ ।

आइतबार ताराबहादुरको छोरी भेट्ने सपना पनि पूरा भएको छ । प्रहरीले विष्णुको खोजी गरेर सम्पर्कमा आएपछि माइती पक्षलाई पनि बोलाएको थियो । प्रहरीको बीचमा छोरी भेटेका ताराबहादुर त्यतिबेला केही बोल्न सकेनन् । छोरीसँग भेट भए पनि उनले छुट्टै कुरा गर्न पाएनन् । आमा धर्मकुमारीले भने काठमाडौं नै गएर छोरी भेटेको कुरा बताएकी थिइन् । गाउँलेहरूका अनुसार विष्णुकी आमा दुई वर्ष पहिले काठमाडौं गएकी थिइन् । यद्यपि छलफलका क्रममा धर्मकुमारीले गत भदौमा काठमाडौं गएर छोरीसँग केही दिन बसेर फर्किएको बताइन् ।

विवाह अघि नै सुन्दरमणिले विष्णुलाई बन्धक बनाएको चर्चा चलेको थियो । चौतर्फी विरोध हुन थालेपछि उनीहरूले विवाह गरेको कुरा बाहिरियो ।

बिष्णुका दाइ बाबुरामले सुन्दरमणि र विष्णुको विवाहको टीका नफुकाएको स्वीकार गरेका छन् । प्रशासनसँगको छलफलका क्रममा विष्णुले आफूले हातमा मोबाइल लिए पनि आफ्नो नम्बर घरपरिवारभन्दा बाहिर कसैलाई जानकारी नभएको कुरा बताएकी थिइन् ।








विकेन्ड टक

# हरेक साता साइकलमा काठमाडौं घुम्न चाहन्छु

नेपाल र फ्रान्सको कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुग्यो । उक्त अवसरमा नेपालमा भव्य कार्यक्रम आयोजित गरियो । फ्रान्सेलीहरु खानपान, वाइन र घुमघाममा निकै सौखिन मानिन्छन् । नेपालका लागि फ्रान्सेली राजदूत फ्रन्सोआ जाविये लेजेले खानपान, घुमघाम तथा अध्ययनका बारेमा साप्ताहिकका नरेन्द्र रौलेसँग खुलेर कुराकानी गरे ।



**तपाईंको नेपालको बसाइ कस्तो छ ?**

राजदूत नियुक्त भएर आएको चार महिना भयो । म नेपालमा रमाइरहेको छु । सक्रिय रूपमा काम गरिरहेको छु, व्यस्त छु । चार महिना बितेको पत्तै भएन ।

**पहिलो पटक कहिले नेपाल आउनुभएको थियो ?**

पहिले म पर्यटकका रूपमा नेपाल आएको थिएँ । मलाई यहाँका मानिसहरूको मुस्कान लोभ्याउने खालको लाग्यो । यो सहर र देशका बारेमा त्यही बेला केही जानकारी बटुलें । त्यसो हुनाले भावनात्मक रूपमा त्यही बेलादेखि म नेपाल नजिक थिएँ ।

**फ्रान्स र नेपालबीच के भिन्नता पाउनुभयो ?**

मौसम एकदम फरक छ । त्यस्तै यहाँ पाइने फलफूल र तरकारीमा पनि एकदमै भिन्नता छ । यहाँको हावापानीले गर्दा त्यस्तो भएको होला ।

**तपाईंलाई नेपाली परिकारमा के-के मन पर्छन् ?**

परम्परागत नेवारी परिकार तथा अयला मनपर्‍यो । त्यस्तै म:मका साथै दाल, भात, तरकारी पनि मनपर्छ ।

**तपाईं प्रायः गैरहने कुनै रेस्टुराँ ?**

काठमाडौंमा भएका फ्रेन्च रेस्टुराँहरू गैरहन्छु । जानकारी पाएसम्म प्रायः सबैमा जाने गरेको छु ।

**फ्रान्सको वाइन कल्चरका बारेमा केही बताइदिनुहोस् न ?**

फ्रान्समा धेरै प्रकारका वाइन पाइन्छन् । जस्तो जुरा, बर्गुन्डी, रोज, बेउजुलस आदि । कतिको त नेपालमा नामसम्म सुनिँदैन । वाइन फ्रेन्चहरूको जीवनशैली नै हो । यो बिना हाम्रो संस्कृति अपुरो हुन्छ । कति त अर्गानिक वाइन पनि पाइन्छन् ।

**घुमघाममा कत्तिको रुचि राख्नुहुन्छ ?**

एकदमै रुचि राख्छु । म आफ्नो साइकल लिएर काठमाडौं उपत्यका घुम्छु । म चाहन्छु, हरेक साता साइकलमा काठमाडौं घुमौं । यो मेरो रहर र बाचा पनि हो ।

**नेपाली युवाहरूलाई के सन्देश दिन चाहनुहुन्छ ?**

एकदम पूर्ण आत्मविश्वासका साथ अघि बढ्नुहोस् । तपाईंहरूमा धेरै नै सम्भावना छन् । प्रशस्त अध्ययन गर्नुहोस् । जब तपाई काम गर्नुहुन्छ, काम गर्नुहोस्, जब पढ्नुहुन्छ, पढ्नुहोस् । आशावादी बन्नुहोस् । चुनौतीहरूको सामना गर्दै अघि बढ्नुहोस् ।

राजदूत फ्रन्सोआ जाविये लेजे, नेपालका लागि फ्रान्सका राजदूत

विकेन्ड रेस्टुराँ

## खुल्यो कालिज रेस्टुराँ

पहिले-पहिले नेपालमा कालिज पाल्न पाइने तर बेच्न नमिल्ने नियम थियो । ०७३ देखि भने उक्त नियम फेरियो । कालिज पाल्न र बेच्न दुवै फुकुवा भयो । जनमानसमा एउटा मान्यता छ, कालिज उच्च वर्गका मानिसहरूले पाल्ने र खाने चरा हो । यद्यपि अहिले समय फेरिएको छ । रहर हुनेहरूले कालिज पाल्न सक्छन् र यसबाट बनेका बिभिन्न परिकारको स्वाद लिन सक्छन् । एक महिनाअघि बागबजारमा खुलेको कालिज रेस्टुराँले सर्वसाधारणको ध्यान तान्दै गएको छ । श्रेष्ठ टेलरिङ सेन्टर अघि खुलेको यो रेस्टुराँमा कालिजबाट तयार पारिएका थरीथरीका परिकार उपलब्ध छन् । कालिजको मासुमा बोसो हुँदैन । रातो मासु खान नहुने, युरिक एसिड भएका तथा सुत्केरीलाई कालिजको मासु फाइदाजनक मानिन्छ । एक वर्षदेखि एभरेस्ट वाइल्ड लाइफ एग्रोले दक्षिणकालीमा कालिज फार्म सञ्चालन गरिरहेको छ जहाँ ३ हजार ५ सय कालिज छन् । एउटा कालिजको मूल्य ३ हजार ५ सय रुपैयाँ पर्छ । ६ जनाको समूहले सञ्चालनमा ल्याएको उक्त फार्मले नै यो रेस्टुराँ सञ्चालनमा ल्याएको हो । एग्रोका अध्यक्ष सुशिल भट्टराईका अनुसार रेस्टुराँमा एकपटकमा ७० जना बस्न सक्ने क्षमता छ । ०६८ मा इटली घुम्न जाँदा नरेश शाहीले त्यहाँ कालिज फार्म हेर्ने अवसर पाए । नेपालमा पनि त्यस्तै फार्म सुरु गर्ने मनसाय बोकेर उनले त्यसको अध्ययन गरे । कानुनी प्रक्रिया पूरा गर्न नै झन्डै आठ-नौ महिना लाग्यो । 'इटलीबाट १० हजार २ सय ७५ वटा अण्डा ल्यायौं ।' नरेशले भने- 'अण्डालाई ह्याचरीमा लगेर चल्ला उत्पादन गरियो । तिनै चल्ला हुर्काउँदै हामी व्यवसाय सञ्चालन गरिरहेका छौं ।'



**कालिजको स्पेसल परिकार**

कालिज खाना : ५ सय ५० रुपैयाँ
कालिज सेकुवा : ५ सय रुपैयाँ
कालिज ढिंडो : ४ सय ७५ रुपैयाँ
कालिज सुप : ३ सय ७५ रुपैयाँ
कालिज साधेको : ४ सय ९५ रुपैयाँ
कालिज फ्राई : ५ सय ५० रुपैयाँ
कालिज तास : ६ सय ५० रुपैयाँ





विकेन्ड फेस्टिभल

## मेलामा लाहुरे

भोलि शनिबार पोखरेली र्‍यापर्स आशिष राना लाहुरे पोखरामा प्रस्तुत हुँदैछ । पोखराको अमरसिंह चौरमा आयोजित नवौं संस्करणको पोखरा महोत्सवमा लाहुरेले आफ्नो ब्यान्डका साथ मनोरञ्जन प्रदान गर्नेछन् । साँझ ६ बजे सुरु हुने कार्यक्रममा उनले आफ्ना नयाँ तथा पुराना गीत सुनाउँदै नेपहपको स्वाद चखाउनेछन् । भोलि दिउँसो रामजी खाँडको प्रस्तुति समेत हेर्न पाइनेछ ।

आज शुक्रबार लोकदोहोरीतर्फ प्रजापति पराजुली, जीवन दाहाल, शिवहरि ढुङ्गाना आदि कलाकारको प्रस्तुतिमा रम्न पाइनेछ । साँझ हुने कन्सर्टमा डिर्मज ब्यान्डले वातावरण तताउनेछ । युनाइटेड क्लब पोखराको आयोजनामा आज शुक्रबार प्रारम्भ हुने यो महोत्सव माघ ८ गतेसम्म चल्नेछ ।

**समय** : दिउँसो १ बजेदेखि बेलुका ९ बजेसम्म
**स्थान : अमरसिंह चौर, पोखरा**
**प्रवेश शुल्क** : दिउँसो– विद्यार्थीका लागि ६० तथा सर्वसाधारणका लागि ८०, साँझ– १ सय ५० रुपैयाँ ।

राजाराम पौडेल

विकेन्ड लाइभ

## डेजाभुमा युक्रेनी डिजे




आज शुक्रबार युक्रेनका डिजेले काठमाडौं तताउँदै छन् । संसारका विभिन्न देश पुगेर आफ्नो प्रस्तुति दिइसकेका दुई जना युक्रेनी डिजे काठमाडौंमा प्रस्तुत हुन लागेका हुन् । डिजे डियो हस्कीका नामले परिचित यी युक्रेनीको प्रस्तुति हेर्न ठूलो भीड लाग्छ । यो कार्यक्रममा सहभागी हुन १ हजार तथा १ हजार ५ सय रुपैयाँका टिकट उपलब्ध छन् ।

........

आज शुक्रबार ठमेलस्थित क्लब फरेनहाइटमा इटालिका डिजे लाउरेनले प्रस्तुति दिँदैछिन् । आरएनबी र कमर्सियल म्यासप संगीतको तालमा उनले दर्शकहरूलाई झुमाउनेछन् । यो लाइभ शो साँझ ८ बजे प्रारम्भ हुनेछ ।

विकेन्ड राइड

**होन्डा बिग बाइक नेपालको आयोजनामा भोलि शनिबार अफ रोड राइड हुँदैछ । होन्डा अफ रोड क्लब नेपालले आयोजना गर्ने उक्त राइडमा सहभागी हुन कुनै शुल्क तिर्नु पर्दैन । शनिबार ८ बजे त्रिपुरेश्वरबाट प्रारम्भ भै शिवपुरीसम्म पुग्ने यो राइडका लागि त्रिपुरेश्वरस्थित होन्डा बिग बाइकको अफिसमा आफ्नो नाम रजिस्टर गर्न सकिन्छ । यो कार्यक्रममा कम्प्लिमेन्टी लन्चको व्यवस्थासमेत छ ।**



विकेन्ड कन्सर्ट



## ट्रिब्युट कन्सर्ट

भोलि शनिबार झम्सिखेलस्थित मोक्ष, ज्ञानमण्डलामा ट्रिब्युट कन्सर्ट हुँदैछ । साँझ ७ बजे प्रारम्भ हुने उक्त कन्सर्टका लागि प्रतिव्यक्ति ३ सय रुपैयाँको टिकट काट्नुपर्नेछ भने ५ सय रुपैयाँ तिर्दा एउटा ड्रिंक्स पनि उपलब्ध हुनेछ । उक्त अवसरमा क्विन र रेड हट चिल्ली पेप्पर्सका कलाकारहरूले समेत प्रस्तुति दिने बताइएको छ ।

विकेन्ड ब्यान्ड



## पोखरा स्काई स्पोर्ट्समा कुटुम्ब

भोलि शनिबार कुटुम्ब ब्यान्डको प्रस्तुति पोखरामा हुँदैछ । पोखरा, न्युरोडस्थित भाटभटेनी सुपरमार्केटको माथिल्लो तल्लामा अवस्थित पोखरा स्काई स्पोर्ट्समा हुने कार्यक्रममा कुटुम्बले आफ्ना धुनमार्फत मनोरञ्जन प्रदान गर्नेछ । साथमा श्यामसुङ तामाङ तथा ब्यान्डको प्रस्तुति पनि रहनेछ । यो कार्यक्रमको आयोजना नेपाल इभेन्ट्सले गर्न लागेको हो ।

**स्थान** : पोखरा स्काई स्पोर्ट्स, न्युरोड, भाटभटेनीको मथिल्लो तल्ला **समय** : साँझ ५ बजेदेखि राति १० बजेसम्म **प्रवेश शुल्क** : १ हजार तथा १ हजार ५ सय रुपैयाँ

चलचित्र

# चौका दाउसँग भिलेनको भिडन्त

आज शुक्रबार नेपाली चलचित्र हलहरूमा दुईवटा चलचित्र प्रदर्शन हुँदैछन्, चौका दाउ र भिलेन । यी दुवै चलचित्रले आ-आफ्नै किसिमले प्रचारप्रसार गरिरहेका छन् । चौका दाउ देशव्यापी रूपमा अन्तक्रिया गर्दै हिंडेको छ भने भिलेनको प्रचार त्यति देखिंदैन ।





## चौका दाउ

काठमाडौंपछि देशका प्रमुख सहर नारायणगढ, हेटौंडा, बुटवल, पोखरा आदि पुगेको चौका दाउ निर्माण युनिट काठमाडौं फर्कंदा सकारात्मक प्रतिक्रिया बोकेर फर्किएको बताउँछ । चलचित्रका प्रमुख पात्र सन्तोष पन्तले यो चलचित्र निकै राम्रो बनेको प्रतिक्रिया दिएका छन् । उमेर अन्तर ठूलो भए पनि यो चलचित्रमा उनी वर्षा राउतका प्रेमी भएका छन् । न जोडी मिल्छ केही, कसरी प्रेमी भन्ने प्रश्नमा पन्तको जवाफ छ- 'यही कुरा त हो चलचित्रको रमाइलो पक्ष ।' उनि आफ्नी छोरी उमेरकी युवती वर्षाको प्रेमी बनेर चलचित्रमा देखिनु रहर होइन, कथाको माग भएको बताउँछन् । आफू लामो समयको अन्तरालपछि चलचित्रमा फर्किएको जानकारी गराउँदै पन्तले 'किस्मत-२' पछि फेरि दुई वर्ष बिश्राम गरेर चौका दाउमा काम गरेको बताए ।

हास्य विधाको चौका दाउका निर्देशक पुर्णेन्दु झा यो चलचित्रले दर्शकलाई दुई घन्टासम्म बाँधेर राख्न सक्ने दाबी गर्छन् । यो पूर्ण मनोरञ्जन प्रधान सिनेमा हो, यसले केही न केही सन्देश पनि दिनेछ, उनले भने, 'अलिकति बढी मेहनत गरेका छौं, विगतका प्रोजेक्टको तुलनामा राम्रो बनेको छ ।' निर्देशक झाले चौका दाउमा चार चौकाका रूपमा सन्तोष पन्त, रवीन्द्र झा, विल्सन विक्रम राई, तैयव शाह र पाँचौ चौकाका रूपमा अजश्र ढुंगाना रहेको बताए । यो पूर्णतयाः सामाजिक कथामा आधारित चलचित्र भएको पनि उनले जानकारी दिए । चलचित्रको कथाले दर्शकलाई प्रभाव पार्ने र यसले पूरा मनोरञ्जन समेत दिने उनले जिकिर गरे । चलचित्रकी अभिनेत्री वर्षा राउतले यो चलचित्र आफूले अभिनय गरेका विगतका चलचित्रभन्दा फरक रहेको बताइन् । मैले मुख्य नायिकाको भूमिका निर्वाह गरेको यो दोस्रो महत्वपूर्ण चलचित्र हो र यसमा कथा नै मेरै वरिपरि घुमेको छ, उनले चलचित्रको कथा खुलाउन खोजिन्, 'ट्रेलरमा पनि केही त आएको छ, तर ट्रेलरमा नआएका धेरैकुरा चलचित्रमा छन् । ती दृश्यले दर्शकलाई सक्दो रमाइलो प्रदान गर्ने कुरामा ढुक्क छु ।' चलचित्रमा आफू केटाहरूलाई फसाउने चलाख केटी भए पनि अन्त्यमा पूर्ण सकारात्मक रूपमा प्रस्तुत हुने पनि राउतले बताइन् । चलचित्रको सम्पूर्ण छायांकन काठमाडौंमा गरिएको हो र यसलाई सौर्यजित बास्कोटा र मनोज राजभण्डारीले निर्माण गरेका हुन् । झन्डै १ करोड रुपैयाँ लगानीको यो चलचित्रमा संगीतकार शम्भुजित बासकोटाले चलचित्रको परिकल्पना, कथा र संगीत दिएका छन् ।

## भिलेन

लामो समयपछि अभिनेता निखिल उप्रेती चलचित्र भिलेन मार्फत नेपाली चलचित्रमा फर्कंदैछन् । कुनै बेलाका यि हिट अभिनेताको पछिल्लो चलचित्र भिलेनको ट्रेलर तथा पोस्टर अनुसार यो चलचित्र एक्सन र कमेडी जनरामा निर्माण भएको कुरा बुझ्न खासै गाह्रो पर्दैन । यो चलचित्रमा चिरपरिचित कलाकार छन्, निखिल उप्रेती र शिल्पा पोखरेल । निखिल आफ्नो चलचित्र पिंजडा ब्याक अगेनलगत्तै यो चलचित्रको सुटिङमा व्यस्त थिए । भिलेनमा चलचित्रका ट्रेलर, पोस्टर आदिमा कहीँ पनि नदेखिएकी एक परिचित अभिनेत्री पनि छिन्- निशा अधिकारी । निखिलको जोडी शिल्पा पोखरेलसँग नभै निशा अधिकारीसँग बाँधिएको छ । निशा र निखिलले चलचित्रप्रति कुनै चासो नदेखाए पनि अभिनेत्री शिल्पाका साथै निर्देशक तथा निर्माताहरूले भने चलचित्रको प्रमोशनमा राम्रै समय दिइरहेका छन् । चलचित्रमा शिल्पा चौधरी परिवारकी छोरीका भूमिकामा देखिँदैछिन् । एक्सन भूमिकामा निकै रुचाइएकी शिल्पाले चलचित्र भिलेनबाट दर्शकले आफूलाई फरक हिसाबले चिन्नेमा आशावादी रहेको बताइन् । चलचित्रका निर्देशक देवेन्द्र पाण्डे कलाकारहरूको अभिनय तथा चलचित्रमा समावेश गरिएको विषयवस्तुले दर्शकलाई हलसम्म तान्ने बताउँछन् । यो चलचित्र रौतहटको चन्द्रनिगाहपुर र त्यसआसपास छायांकन गरिएको हो । ४० दिन लगाएर छायांकन गरिएको चलचित्र भिलेन निर्माण सम्पन्न भएको झन्डै डेढ वर्षपछि दर्शकमाझ आउन लागेको हो । निर्देशक पाण्डे भन्छन्- 'विभिन्न कारणले समयमै हामीले यो चलचित्र प्रदर्शनमा ल्याउन सकेनौं तर यस बीचको समय सम्पादन र अन्य विभिन्न काममा खर्चिएका छौं, यसले गर्दा पनि चलचित्र राम्रो बनेको छ ।' यो चलचित्र मौनता श्रेष्ठले लेखेका हुन । मदन कास्यप घिमिरे, सौरभ लामा आदिले खिचेको चलचित्र भिलेनको सम्पादन मिलन श्रेष्ठ तथा शाहिल खानले गरेका हुन् । यो चलचित्रको वितरण सुनिल मानन्धरले गर्दैछन् । कपिल खत्री, वालाबहादुर श्रेष्ठ, दीपक श्रेष्ठ, सुरज खड्का आदिको लगानीमा यो चलचित्रका लागि ८० लाख रुपैयाँ खर्च भएको छ ।

# गहन विषय, उत्ताउलो प्रस्तुति



नेपाली चलचित्र बजारमा भन्दै आएको, देख्दै आएको र सुन्दै आएको एउटा कुरा हो– मौलिकताको खडेरी । यही प्रसंगमा यसै साता प्रदर्शित चलचित्र जय श्री दामको कुरा गरौं, यो चलचित्रको कथा गहन छ जसमा आश्रम र विभिन्न कुटीमा बस्ने बाबाहरूको प्रतिनिधि चर्तीकला तथा बेराजगार र खाली गोजीमा भौंतारिने युवाहरू पैसा कमाउन कतिसम्म गर्न सक्छन् ? भन्ने कुरा देखाउन खोजिएको छ । यद्यपि यो चलचित्र अपेक्षा गरेजस्तो चलेन । चलचित्रका निर्देशक हुन्– विप्लोप उप्रेती । उनी अमेरिकामा चलचित्रसम्बन्धी अध्ययन गरेर आएका हुन् ।

यो चलचित्र विगतमा प्रदर्शन हुँदै आएका चलचित्रको धङधडीबाट त मुक्त छ तर चलचित्रमा आउनुपर्ने ट्विस्ट, संवाद अनि मुख्य कुरा यसको प्रस्तुतीकरण फितलो छैन । निर्देशक विप्लोप उप्रेतीका अनुसार जय श्री दामले केही दिन त हल पायो तर यसले भनेजस्तो आम्दानी गर्न सकेन । चलचित्रका लेखक यसका पात्र, कथा र तिनका प्रवृत्तिमार्फत जय श्रीदामप्रति अपनत्वबोध गराउन पनि सफल भएनन् । यद्यपि अभिनयमा अमृत ढुंगाना, विनोद न्यौपाने र राजन खतिवडाको उपस्थितिले चलचित्रलाई प्रभावशाली बनाउने प्रयास नगरेको होइन ।

मौलिक कथा र कथावाचनलाई आत्मसात् गरेकाले चलचित्र जय श्री दामका केही दृश्य सम्झनलायक छन्, तर चलचित्र निर्माणमा पर्याप्त मेहनत गर्न नसक्दा निर्देशक विप्लोबलाई पहिलो गाँसमै ढुंगा लागेको छ ।

# चलेन दुई अर्थी संवाद



कुनै बेला दोहोरो अर्थ लाग्ने संवाद भएका चलचित्र निर्माण हुने क्रम ह्वात्तै बढेको थियो । यौन दृश्यलाई प्रशस्त स्थान दिइने त्यस्ता चलचित्र अहिले फेज आउट जस्तै भएका छन् । ठूलो बजेट, भव्य सेट, आकर्षक लोकेसन भएका चलचित्रले बजार पाउन थालेपछि त्यस्ता चलचित्रको निर्माणमा कमी आएको हो । यद्यपि यदाकदा सानो बजेट, नयाँ अनुहार अनि नयाँ निर्माता-निर्देशकले केही त्यस्ता चलचित्र निर्माण गर्छन्, जसले सिनेमा हलमा न त दर्शक पाउँछन् न त लगानी गरिएको रकम नै सुरक्षित हुन्छ । गत शुक्रबार प्रदर्शनमा आएको चलचित्र 'जे सुकै होस्' को अवस्था पनि त्यस्तै रह्यो ।

चलचित्रको कथामा खासै खराबी छैन । अहिलेको युवापुस्ता कतिसम्म बिन्दास छ भन्ने कुरालाई यो चलचित्रले पनि उठाएको छ । अहिलेको पुस्तालाई भोलिको चिन्ता छैन भन्ने कुरा नै चलचित्रको मेरुदण्ड हो । अहिलेको पुस्तालाई घरपरिवार मात्र होइन समाजको पनि डर छैन, भविष्यको चिन्ता हुने त कुरै भएन । शारीरिक सम्बन्धमा केन्द्रित माया-प्रेम, अम्मल, टाइम पास आदि कुरामै अहिलेको पुस्ताको ध्यान छ भन्ने कुरा समेटिएको यो चलचित्रका अधिकांश कलाकारले सामान्य भन्दा माथिको अभिनय गर्न सकेका छैनन् ।

करिब ५० लाख रुपैयाँमा तयार पारिएको यो चलचित्रले लगानी सुरक्षित गर्न कम्तीमा डेढ करोड रुपैयाँ कलेक्सन गर्नुपर्छ, तर प्रदर्शन भएको भोलिपल्ट गत शनिबार सिंगल थिएटरमा देखिएको दर्शकहरूको सानो समुहले यसका निर्मातालाई कतिसम्म निराश बनायो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ ।


सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक
रिजु मानन्धर
मिस नेवा: ११३८



Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान

लोकेसन : वञ्जला, नक्साल

मेकअप : अम्बु रुचाल, मिरर ब्युटी क्लब, मैतीदेवी





# अभिनय र टिकटकमा फरक

अभिनय र नृत्यमा रहर भएका तर सार्वजनिक जीवनमा आफ्नो कला प्रस्तुत गर्न नसकेकाहरूका लागि सामाजिक सञ्जाल टिकटक उत्कृष्ट विकल्प सावित भएको छ । मोबाइल एप डाउनलोड गरेपछि जो-कोहीले आफ्नो कला प्रदर्शन गर्न सक्ने टिकटकमा लोकप्रिय कलाकारहरूसमेत व्यस्त छन्, सर्वसाधारणको त कुरै बेग्लै । खासगरी टिनएजका युवतीहरू टिकटकमा झुम्मिरहेका छन् । यसबीच प्रदर्शनको तयारीमा रहेको चलचित्र गरुड पुराणबाट पदार्पण गरेकी अभिनेत्री प्रियंका सिंह ठकुरीले चलचित्रको अभिनय र टिकटकको भिडियोबीच तुलना गरेकी छिन् । उनको भनाइ छ- 'चलचित्रमा अभिनय गर्नु भनेको घरमा बसेर टिक टक भिडियो बनाउनु जस्तो होइन । चलचित्रको अभिनयका लागि वर्कसप हुन्छ, निर्देशक हुन्छन् अनि दर्शकहरू पनि हुन्छन् । त्यसैले चलचित्रमा अभिनय गर्ने कलाकारले धेरै कुरामा ध्यान पुर्‍याउनुपर्छ ।'

# श्राप दिने निर्देशक



मिलन चाम्स अहिलेका सर्वाधिक व्यस्त र सफल निर्देशक हुन् भन्ने कुरामा दुईमत छैन । यही वर्षको प्रारम्भमा ब्लाइन्ड रक्स तथा लिलिबिलीजस्ता सफल चलचित्र दिएका चाम्सले भरखरै चलचित्र वीर विक्रम-२ को छायांकन सम्पन्न गरेका छन् भने लगत्तै बोबी-२ को छायांकनमा जुट्दैछन् । आफ्नो कामबाहेक अन्य कुरामा ध्यान नदिने यी निर्देशकले हालै एउटा सार्वजनिक समारोहमा भने राम्रै जोक गरेका छन् । चाम्पले ठाडै भनिदिए- 'मेरा बारेमा गलत चर्चा गर्नेहरूलाई म श्राप दिन्छु, मैले दिएको श्रापले त्यस्ता गलत ब्यक्तिलाई केही न केही हानि भएकै छ ।' चाम्स यतिमै रोकिएनन् । उनले थपे- 'अनमोल केसीसँग जोडेर केही सञ्चारकर्मीले गलत समाचार लेख्नु भएको रहेछ, म गलत समाचार लेख्नेहरूलाई पनि श्राप दिन्छु ।' चाम्सले श्राप दिने विषयलाई प्राथमिकता दिँदा समारोहमा भेला भएका दर्जनौं सञ्चारकर्मी भने गललल्ल हाँसिरहेका थिए ।

# डिभोर्स सार्वजनिक

टेलिभिजनको विशेष कार्यक्रम 'सीधा कुरा जनतासँग'का प्रस्तोता रवि लामिछानेले आफ्नी श्रीमती इशा श्रेष्ठसँगको लामो वैवाहिक सम्बन्ध टुंग्याएका छन् । सञ्चारकर्मी रविले केहीअघि मात्र आफ्नी श्रीमति इशासँग सम्बन्ध-विच्छेद गरेका हुन् । रविले फेसबुकमा स्टाटस लेख्दै कानुनी रूपमै २५ वर्ष लामो वैवाहिक सम्बन्ध टुंग्याएको जानकारी गराएका छन् । रविले आफ्नो फेसबुक स्टाटसमा नचाहँदा-नचाहँदै पनि आफ्नो व्यक्तिगत कुरा गर्नु परेको उल्लेख गरेका छन् । रविका दुई छोरी छन्, जसको जिम्मा इशासँगको सम्बन्ध-विच्छेदपछि आफैंले लिएको पनि उनले बताएका छन् । आफू नेपाल बसे पनि आफ्नी पूर्वपत्नीसहित आफ्ना सन्तानलाई अमेरिकाजस्तो देशमा आफ्नो सम्पूर्ण जायजेथा सुम्पेर, अझै अमेरिका बस्दाको पूरै व्यवस्थापन यतिबेलासम्म गर्दै आएको कुरा रविले आफ्नो फेसबुकमा लेखेका छन् ।



## मलाई मन पर्छ

### सुगम र अञ्जु मनपर्छ

**गायक** – सुगम पोखरेल
**गायिका** – अञ्जु पन्त
**अभिनेता** – प्रदीप खड्का
**अभिनेत्री** – नम्रता श्रेष्ठ
**साहित्यकार** – सुविन भट्टराई
**नेता** – केपी शर्मा ओली
**डाक्टर** – डा. भोला रिजाल
**व्यवसायी** – विनोद चौधरी
**पत्रकार** – विजयकुमार

प्राश्ना शाक्य, गायिका

# साम्राज्ञी-देवांश सँगसँगै



तस्बिर : मेरो फिल्म डटकम

नेपाली चलचित्रका अभिनेता/अभिनेत्रीहरूको प्रेम सम्बन्धको कुराले निकै चर्चा पाउँछ । यस्तै चर्चामा आइरहने अभिनेत्रीमध्येकी एक हुन्- साम्राज्ञी राज्यलक्ष्मी शाह । कहिले प्रेम सम्बन्ध, कहिले बिछोडका कुराले त कहिले उनका विभिन्न गतिविधिका कारण साम्राज्ञी चर्चामा आइरहन्छिन् । अहिले उनी प्रेमसम्बन्धका कारणले चर्चामा आइरहेकी छिन् । अभिनेत्री शाह केही महिनादेखि नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाका छोरा देवांश राणासँगको प्रेममा छिन् । उनले केही समयअघि आफ्नो जन्मदिन तिनै प्रेमीका साथ मनाएकी थिइन् । त्यतिबेला उनको मिड फिंगर काण्डले निकै चर्चा पाएको थियो । केही समय अघिसम्म प्रेम सम्बन्धका बारेमा खुलेर कुरा नगर्ने अभिनेत्री शाह अहिले आफ्ना प्रेमीलाई सार्वजनिक कार्यक्रममा सँगसँगै लिएर हिँड्न थालेकी छिन् । अहिले साम्राज्ञी जहाँ पुग्छिन् त्यहाँ देवांश पनि पुगेका हुन्छन् । गत शनिबार युरेसा लेडिज रेडी वेयर सपको उद्घाटनका लागि अभिनेत्री शाह आमा र प्रेमी देवांशका साथ उपस्थित थिइन् । उक्त कार्यक्रममा साम्राज्ञीले आफ्नी आमा र प्रेमी देवांशसँगै तस्बिरसमेत खिचाएकी थिइन् ।

# किन छाडे ४५ लाख ?




४५ लाख रुपैयाँमा अभिनय गर्ने सम्झौता पत्रमा हस्ताक्षर गरिसकेका अभिनेता अनमोल केसीले प्रि-प्रोडक्सनमा रहेको चलचित्र 'ब्याचलर बन्टि' बाट हात झिकेका छन् । निर्माता सुदीप खड्कासँग केही अघि मात्र वैशाखदेखि फ्लोरमा जाने गरी सम्झौता गरेका अनमोलले साइनिङ अमाउन्डका रूपमा लिएको १० लाख रुपैयाँसमेत फिर्ता गरेका छन् । अनमोलले गत आइतबार औपचारिक रुपमा उक्त चलचित्र छाडेको घोषणा गरेका हुन् । भनिन्छ, अनमोललाई चलचित्रको कथा चित्त बुझ्दो लागेन । स्क्रिप्टमा समस्या नभए पनि कथा मन नपरेकै कारण अनमोलले ठूलो धनराशि पारिश्रमिक पाउने चलचित्र छाडेको बताइन्छ । 'मेरा लागि तयार पारिएको चरित्रमै मैले चित्त बुझाउन सकिन्, अनमोल भन्छन्- 'आफूलाई नसुहाउने चरित्रमा जबर्जस्ती अभिनय गर्नु गलत हो जस्तो लागेर पछि सरेको हुँ ।' अनमोलले आफ्नो अभिनय करियरमा पहिलो पटक सम्झौता गरिसकेको चलचित्र छाडेका हुन् ।



# स्वस्तिमाको प्रयोग

चलचित्र प्रदर्शनको पूर्वसन्ध्यामा निर्माता, निर्देशकदेखि कलाकारसम्मले प्रचार-प्रसारका अनेकौं उपाय अपनाउँछन् । यतिबेला अभिनेत्री स्वस्तिमा खड्काले फुराएको नौलो प्रयोगलाई धेरैले रमाइलो मानेका छन् । चलचित्र बुलबुलको प्रचारका लागि स्वस्तिमाले आफ्नै भिडियो अन्तर्वार्ता लिएकी छिन्, जसमा चलचित्रको निर्माण टोलिले दुई भिन्न पहिरन र गेटअपमा सजिएकी स्वस्तिमालाई एउटै फ्रेममा प्रस्तुत गरेको छ । युट्युबमार्फत सार्वजनिक उक्त भिडियो सामग्रीमा स्वस्तिमाले चलचित्रमा टेम्पो चालक रनकला बनेकी स्वस्तिमासँग रमाइलो कुराकानी गरेकी छिन् । रनकलाको चरित्र निर्वाह गर्न स्वस्तिमाले झन्डै एक महिना टेम्पो चलाउन सिकेकी थिइन् ।



# जसले मेरी बास्सै जन्माए

दीपक आचार्यको परिचय धेरै छ । आचार्य चलचित्रमा लगानी गरेर निर्माता बने । विभिन्न चलचित्रको स्क्रिप्ट लेखे । दुई दर्जनभन्दा बढी डकुमेन्ट्री निर्देशन गरे । हाल उनी काकु नामले चर्चित टेलिश्रृंखला भद्रगोलमा अभिनय पनि गरिरहेका छन् । यति मात्र होइन भद्रगोलका श्रृंखला निर्देशक तथा स्क्रिप्ट राइटर पनि हुन् उनी । आचार्य भद्रगोल टिमले हालसालै सञ्चालनमा ल्याएको इचिवान नामक रेस्टुराँको म्यानेजिङ डाइरेक्टरसमेत हुन् । झन्डै २० वर्षदेखि नेपाली रंगिन दुनियाँमा सक्रिय आचार्यले सक्ने र भ्याएसम्म सबै काम गरेका छन् । टेलिभिजनमा कार्यक्रम चलाउँदा लागेको ऋण तिर्न दुबई गएका आचार्य फेरि फर्किएर कला क्षेत्रमै संघर्ष गर्न थाले । आचार्यका बारेमा धेरै कुरा धेरैलाई थाहा भए पनि उनका बारेमा एउटा कुरा भने धेरैलाई थाहा छैन । कुनै बेलाको चर्चित टेलिश्रृंखला मेरी बास्सै जन्माउने यिनै आचार्य हुन् भन्दा धेरैलाई आश्चर्य लाग्न सक्छ तर यथार्थ यही हो । मेरी बास्सैको पहिलोदेखि दर्जनभन्दा बढी स्क्रिप्ट उनैले लेखेका हुन् । उनले लेखेको पहिलो डमिको छायांकन गरेर मेरी बास्सै सुरुवात भएको थियो । हाल धुर्मुस-सुन्तलीको नयाँ चलचित्र सेन्टि भाइरस र आफ्नै एक चलचित्रको कथा लेखनमा व्यस्त आचार्यले लेखेको मेरी बास्सै मन पराइएपछि धमाधम टेलिश्रृंखलाको छायाँकन गरिएको थियो । यद्यपि अचम्मको कुरा मेरी बास्सैको इतिहासमा स्क्रिप्ट राइटरमा दीपक आचार्यको नाम कहिल्यै आएन ।



# ऋचा बिनै अर्पणको घर

यहाँ उनीहरूको प्रेम, अफेयर, डेटिङ र अन्य विभिन्न व्यक्तिगत पाटोलाई छुन खोजिएको होइन । अर्पण-ऋचा केही वर्षदेखि निरन्तर चलचित्र निर्माण गरिरहेका छन् । यति मात्र होइन अन्य ब्यानरमा समेत उनीहरूले सँगै अभिनय गरे प्रेमि-प्रेमीका बनेर । यद्यपि केही वर्षदेखि चलचित्रमा देखिएको उनीहरूको बलियो सम्बन्ध पातलो हुँदै गएको अनुमान गर्न थालिएको छ । उनीहरूले संयुक्त रूपमा चलचित्र आधा लभ तथा सुनकेसरीको निर्माण गरेका थिए । एकपछि अर्को चलचित्रमा निरन्तरसँगै काम गरेपछि एक पत्रकार सम्मेलनमा उनीहरूको प्रेमको विषयमा प्रश्न समेत उठ्यो । गत वर्ष चलचित्र फिर्केको पत्रकार सम्मेलनमा अभिनेत्री ऋचा अर्पण विवाहित भएको र आफ्नो नाम उनीसँग जोड्नु पाप हो भन्दै कड्किएकी थिइन् । त्यतिबेला अर्पणले पनि मुसुक्क हाँसेर कुरा टारिदिएका थिए । केही समयअघि उनीहरूले चलचित्र सुनकेशरीको सिक्वेल निर्माण गर्ने घोषणा समेत गरेका थिए । उक्त चलचित्रको असफलतापछि उनीहरूको सम्बन्ध सन्तुलित हुननसकेको चर्चा छ । यही साता अभिनेता तथा निर्देशक अर्पणले नयाँ चलचित्र घर निर्माणको घोषणा गरे । त्यसको निर्देशनसँगै लेखन एवं अभिनय पनि उनकै हो । शर्मिला पाण्डेको लगानीमा निर्माण हुने यो हरर चलचित्र माघतिर छायांकनमा जाँदैछ । तामझामका साथ चलचित्रको घोषणा भयो तर ऋचाको नाम कहीँ पनि सुनिएन । ऋचा नहुनु र अर्पणले मात्र चलचित्र घोषणा कार्यक्रममा बोल्दा उनीहरूको सम्बन्ध भत्किएको अनुमान धेरैले गरे । उक्त समयमा केही पत्रकारले ऋचा र तपाईंको सम्बन्ध टुटेको हो ? भनेर प्रश्नसमेत गरे ।

## मेरा ५ फयान

# एउटै केटीले दिनमै १ सय ५० कल



तस्बिर : विक्रम कार्की

### दिनमै १ सय ५० कलगर्ने पोखराकी युवती

पोखरामा एक युवती मेरो डाइहार्ड फ्यान हुनुहुन्छ । मलाई उहाँको नाम चाहिँ याद भएन । उहाँ मलाई निरन्तर फोन गरिरहनुहुन्छ । यतिसम्म कि एक दिन उहाँले मलाई १ सय ५० पटकसम्म फोन गर्नुभएको छ । म फुर्सद भएका बेला फोन रिसिभ गर्थें । मैले फोन रिसिभ नगरे पनि उहाँ मलाई फोन गरिरहनुहुन्थ्यो ।

### ज्याकेट च्यातिदिए

केही समयअघि म गाईघाटको एउटा कार्यक्रममा सहभागी भएको थिएँ । त्यहाँ दर्शकहरूको ठूलो भीड थियो । त्यही भीडमा केटीहरूको अलग भीड पनि थियो । मलाई त्यो भीड छिचोल्न निकै गाह्रो भयो । त्यसपछि मलाई कार्यक्रम आयोजकहरूले घेरेर स्टेजमा लाँदै हुनुहुन्थ्यो, त्यही क्रममा त्यही केटी फ्यानहरूको ग्रुपले मलाई पछाडिबाट तानेर मेरो ज्याकेट नै च्यातिदिए ।

### मसँग बिहे गर्छु भन्छिन्

इटहरीमा भएकी एक डाइहार्ड फ्यानले सामाजिक सञ्जालमा मलाई निरन्तर म्यासेज पठाइरहनुहुन्छ । यद्यपि उहाँसँग मेरो भेट भएको छैन । उहाँ मसँग जसरी पनि विवाह गर्छु भन्नुहुन्छ । यतिसम्म कि उहाँ मसँग विवाह गर्न मेरो बुबाममीसँग कुरा गर्छुसम्म भन्नुहुन्छ ।

### स्केच बनाएर दिने फ्यान

केही दिनअघि म वसन्तपुरको एउटा कार्यक्रमा सहभागी थिएँ । त्यहाँ एक जना फ्यानले पेन्सिल स्केच बनाएर मलाई गिफ्ट दिनुभएको थियो । त्यो स्केच यति राम्रो छ कि त्यसलाई मैले आफ्नो कोठामा सजाएर राखेको छु ।

### बर्थ डे केक बोकेर आउने फ्यान

मेरो जन्मदिन जेठ २९ गते हो । यसपालि म बिहानै घरमा जन्मदिन मनाएर बेलुका साथीहरूसँग बाहिर बसेको थिएँ । भोलिपल्ट घरमा आउँदा त मेरा दुई जना फ्यान वर्थ डे केक र गिफ्ट बोकेर मेरो घरमा आउनुभएको रहेछ । त्यो देखेर म आश्चर्यचकित भएँ, किनभने मैले उहाँहरूलाई चिनेको थिइनँ र उहाँहरूले पनि मेरो घर देख्नुभएको थिएन । कसरी मेरो घर पत्ता लगाएर आउनुभयो पत्तो भएन ।

● निशान भट्टराई, गायक

प्रस्तुति : महेश तिमल्सिना




**प्रियालाई मिस नोबेल नेपाल :** यो वर्षको मिस नोबेल नेपाल-२०१९ को उपाधि प्रिया मल्लले जितेकी छिन् । एमाजोन इन्टरटेन्मेन्टले आयोजना गरेको प्रतियोगितामा प्रियाले फोटोजेनिक, ड्रेस तथा पपुलर विधाको शीर्षक एवार्ड पनि जितिन् । प्रतियोगितामा रश्मि बर्तौला फस्ट रनर्सअप तथा सुष्मा तिमल्सिना सेकेन्ड रनर्सअप घोषित भएका थिए ।

**मिसेज हिमालयन नेपाल :** मिसेज हिमालय नेपाल-२०१९ को उपाधि बेस्ट डिसिप्लिनको एवार्डसहित गंगा शर्माले जितेकी छिन् । बेस्ट स्माइल एवार्डसहित रेखा बलामी फस्ट रनर्सअप तथा मोस्ट एक्टिभ एवार्डसहित कविता लामा सेकेन्ड रनर्सअप भएका थिए ।



## ट्यालेन्ट शोमा मिस लिटिल नेवाः



नेप्लिज फेसन होमले आयोजना गरिरहेको मिस लिटिल नेवाः-११३९ का प्रतिस्पर्धी बालिका तथा किशोरीहरूले आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका छन् । गत शनिबार काठमाडौंमा आयोजित ट्यालेन्ट शोमा २३ जना प्रतिस्पर्धीले प्रतिभा प्रस्तुत गरेका हुन् । नेवार समुदायका बालिका तथा किशोरीहरूले सहभागिता जनाइरहेको मिस लिटिल नेवाः-११३९ का प्रतिस्पर्धीहरूले ट्यालेन्ट शोमा गायन, नृत्य, बाद्यवादन तथा खेल कौशल प्रस्तुत गरेका थिए । नेवार समुदायका बालिका तथा किशोरीहरूलाई नेवार भाषा, नेवारी कला, संस्कृति र वेशभूषासम्बन्धी ज्ञान दिने उद्देश्यले यो प्रतियोगिता आयोजना गरिएको आयोजक संस्थाकी अध्यक्ष हेमा मानन्धरले बताइन् ।

## अमेरिकामा कालीप्रसाद

अमेरिकामा कालीप्रसाद गायक तथा संगीतकार कालीप्रसाद बाँस्कोटा यतिबेला अमेरिकामा छन् । उनले आफ्नो प्रस्तुतिमार्फत संगीतप्रेमीहरूलाई नचाइरहेका छन् । गत साता टेक्सासको लवकमा नेपाली समुदायले आयोजना गरेको कार्यक्रममा बाँस्कोटाले प्रशस्त मनोरञ्जन प्रदान गरे । लाइभ कन्सर्ट विथ कालीप्रसाद शीर्षकको उक्त कार्यक्रममा नेपाली समुदायको बाक्लो उपस्थिति थियो । कार्यक्रममा उनीसँगै मिस नेपाल यूएस-२०१८ की फस्ट रनर्सअप पोसा जिटी, मोडल प्रविन सापकोटा आदि स्थानीय कलाकारहरूसमेत प्रस्तुत भएका थिए । त्यसपछि गायक तथा संगीतकार बाँस्कोटाले टेक्सासको राजधानी अस्टिनमा लाइभ कन्सर्ट सम्पन्न गरे । डी एन्ड डी मुभीद्वारा आयोजित उक्त कार्यक्रममा सानै उमेरमा गीत गाएर एल्बमसमेत निकालेकी प्रिशा श्रेष्ठले समेत प्रस्तुति दिएकी थिइन् ।



## माघी महोत्सवको रौनक



थारु समुदायको महान् पर्व माघीका अवसरमा दाङका गाउँ-सहर माघी महोत्सवले रंगिन थालेका छन् । घोराही, तुलसीपुर आदि मुख्य बजारका साथै गाउँ-गाउँमा माघीका सांगीतिक कार्यक्रमहरू देखिएका छन् । थारु कल्याणकारिणी सभाले बिहिबार र शुक्रबार घोराहीमा प्रादेशिक माघी महोत्सवको आयोजना गरेको छ । थारु कला-संस्कृतिको जगेर्ना गर्दै स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न महोत्सव आयोजित गरिएको सभाका अध्यक्ष भुवन चौधरीले बताए । महोत्सवमा थारु जातिका विविध सांस्कृतिक झाँकीहरूका साथै भाषा-साहित्यसम्बन्धी बहससमेत गरिएको थियो । थारु समुदायले माघ १ गतेलाई नयाँ वर्षका रूपमा मनाउँछ । माघीको अवसरमा साताभरि नाचगान गरी विभिन्न परिकार खाइन्छ । ढिक्री, माछा, घोंगीजस्ता विशेष परिकार थारु समुदायका आकर्षक खानेकुरा हुन् । महोत्सवमा थारु समुदायका विशेष परिकार पनि राखिएको छ । कार्यक्रममा थारु समुदायका चर्चित कलाकारहरूले आ-आफ्नो प्रस्तुति दिइरहेका छन् । तुलसीपुरमा पनि क्षेत्रीय स्तरको माघी विशेष सांस्कृतिक कार्यक्रम आयोजित गरिएको छ भने विभिन्न थारु गाउँमा माघी मिलन कार्यक्रमहरू पनि सम्पन्न गरिएका छन् ।

दुर्गालाल केसी

**सन्थाल जातिको सहोराय**

संथाल समुदायले मनाउने सहोराय पर्व सुरु भएको छ । मोरङको जहदा गाउँपालिका-७, सिर्सियास्थित दिसोम मंझी थानमा विशेष पूजा गरेर सहोराय पर्व मनाउन थालिएको हो । पुस २५ गतेदेखि ६ दिनसम्म मनाइने उक्त पर्व विशेष पूजा गरेपछि प्रारम्भ हुन्छ । पूजाको अवसरमा युवायुवती, महिलापुरुषहरू सहोराय नाचमा समेत सहभागी भैरहेका छन् । धान बाली भित्र्याएको खुसीयालीमा ६ दिनसम्म मनाइने सहोराय पर्व सन्थाल समुदायको सबैभन्दा ठूलो पर्व हो ।

अनिल श्रेष्ठ



## मिस ग्राण्ड नेपाल-२०१९ खुल्यो

आरके इन्टरटेनमेन्ट ग्रुपको ब्यानरमा मिस ग्रान्ड नेपाल-२०१९ को आयोजना हुँदैछ । प्राप्त समाचारअनुसार मिस ग्रान्ड नेपाल-२०१९ का प्रमुख तीन उपाधि विजेताहरूले विभिन्न अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा नेपालका तर्फबाट सहभागिता जनाउने अवसर प्राप्त गर्नेछन् । काठमाडौं तथा मोफसलका मुख्य सहरहरूमा अडिसन सञ्चालन गरेर अन्तिम प्रतिस्पर्धीहरू निर्क्यौल गरिएपछि करिब पाँच साताको ग्रुमिङपश्चात् काठमाडौंमा ग्रान्ड फिनाले सञ्चालन गरिने बताइएको छ ।

## प्रदेशस्तरीय मिस लुम्बिनी

ड्रिम इभेन्ट्स एन्ड इन्टरटेन्मेन्टको आयोजनामा तेस्रो संस्करणको मिस लुम्बिनी-२०७५ को तयारी प्रारम्भ भएको छ । दुई पटक जिल्लास्तरीय प्रतियोगिता आयोजना गरेको ड्रिमले यसको अर्को संस्करण भने प्रदेशस्तरमा सञ्चालन गर्न लागेको हो । सौन्दर्य तथा प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यसहित आयोजना गरिने यो प्रतियोगितामा १७ देखि २८ वर्षसम्मको उमेरका युवतीहरूले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको पहिलो अडिसन बुटवल सुखा नगरमा सम्पन्न भएको छ भने ५ नम्बर प्रदेशका दाङ, नेपालगन्ज, कपिलवस्तु, पाल्पा तथा भैरहवामा समेत अडिसन लिने काम भैरहेको छ । अडिसनबाट छनौट भएकाहरूमध्येबाट अन्तिम राउन्डमा २५ जनाले प्रवेश पाउने ड्रिम इभेन्टसका अध्यक्ष प्रकाश मगरले बताए ।

स्वस्तिक श्रेष्ठ

## हस्पिटालिटी नेपाल हुने

हस्पिटालिटी नेपालको तेस्रो संस्करण आयोजना हुने भएको छ । एपी इन्टरटेनमेन्टले आयोजना गर्ने यो प्रतियोगिताका लागि आवेदन खुलेको छ । देशभरका हस्पिटालिटी क्षेत्रसँग आबद्ध युवायुवतीले आवेदन दिन सक्ने उक्त प्रतियोगिताका लागि पोखराबाहेक काठमाडौं, बुटवल र चितवनमा समेत 'कलेज क्याम्पेन' गरेर देशभरबाट २५ प्रतियोगी छनौट गरिनेछ । प्रतियोगितामा हस्पिटालिटी क्षेत्रका विज्ञहरूले सहभागीलाई प्रशिक्षण दिनेछन् । प्रशिक्षण हस्पिटालिटी क्षेत्रसँगै सम्बन्धित हुनेछ । सहभागी प्रतिस्पर्धीका लागि वारिष्टा ट्रेनिङ, बारटेन्डर ट्रेनिङ, पब्लिक स्पिकिङ, ड्रेसिङ सेन्स, लिडरसिप तथा सेल्फ मार्केटिङ स्किल, कम्युनिकेसन स्किल डेभलपमेन्ट, मोटिभेसन स्किल आदि तालिमहरू प्रदान गरिने बताइएको छ ।

## दमकमा बाल-महोत्सव

झापाको दमकमा माघ १४ देखि १८ गतेसम्म ५ दिने बृहत् बाल-महोत्सव-२०७५ हुने भएको छ । आयोजक संस्था दमक नगरपालिकाले महोत्सवको सबै तयारी तीव्र पारिएको जनाएको छ । स्थानीय सरस्वती माध्यमिक विद्यालयमा हुने बाल महोत्सवमा बाल गायन, चित्रकला, वक्तृत्वकला, कविता, निबन्ध, हाजिरीजवाफ, विज्ञान प्रदर्शनी प्रतियोगिता, म्याथ ओलम्पीयस, बाल झाँकी आदि १२ वटा विधामा १५ हजारभन्दा बढी विद्यार्थीले प्रतिस्पर्धा गर्नेछन् । त्यस्तै, महोत्सवमा बाल-बालिकामा उत्प्रेरणा जगाउने खालका विभिन्न व्यवसायिक स्टलसमेत राखिनेछन् । महोत्सव अवधिभर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त बालप्रतिभाहरूले प्रस्तुति दिने बताइएको छ ।

विष्णु सुब्बा

## चौथो अर्घाखाँची महोत्सव हुने


अर्घाखाँचीको सन्धिखर्कमा आज शुक्रवारदेखि माघ ८ गतेसम्म चौथो अर्घाखाँची महोत्सव-२०७५ सञ्चालन हुने भएको छ । अर्घाखाँची उद्योग वाणिज्य संघले आयोजना गर्ने उक्त महोत्सवमा सन्धिखर्क नगरपालिका तथा औद्योगिक शान्ति नेपालको संलग्नता रहनेछ । उक्त मेलामा २ सयभन्दा बढी स्टल रहनेछन् । महोत्सवमा अटोमोबाइल, मोबाइल आदि इलेक्ट्रोनिक्स सामानसमेत उपलब्ध हुनेछ । मेलामा सामानहरूमा २५ देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिनेछ । अर्घाखाँची महोत्सव-२०७५ करिब ५ लाख उपभोक्ताले अवलोकन गर्ने अनुमान गरिएको छ । उक्त मेलामा ४ दर्जनभन्दा बढी राष्ट्रिय तथा स्थानीय कलाकारले कला प्रदर्शन गर्ने बताइएको छ । मेलामा बालबालिकाहरूका लागि पनि छुट्टै बालउद्यान, रोटे पिङ, सर्कस, चिडियाघर, जादुका साथै अन्य खेल सामग्रीसमेत रहनेछ ।

पहिलो विश्व










# चिसो स्नान

युरोपमा जाडो महिनाको तापक्रम शून्यभन्दा तल झरेको हुन्छ । यस्तो अवस्थामा नुहाउने काम घरभित्र त्यो पनि तातोपानीले मात्र सम्भव हुन्छ । यतिबेला खुला स्थानमा जमेको पोखरी वा समुद्रको पानीमा नुहाउनु कल्पनाभन्दा बाहिरको विषय मानिन्छ । यद्यपि डेनमार्कमा जनवरी महिनाको पहिलो दिन यस्तै चिसो पानीमा नुहाउने उत्सव आयोजित गरिन्छ । नयाँ वर्षले नयाँ किसिमको जिम्मेवारी दिने हुँदा उक्त जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्न सक्ने धैर्य मिलोस् भनेर डेनमार्कका नागरिकहरू चिसो पानीमा डुबुल्की लगाउँछन् । अत्यधिक चिसो हुने भएकाले यो उत्सवमा सहभागी हुनेहरूको संख्या कम भए पनि जति जना हुन्छन् उनीहरू त्यसमा निकै रमाउँछन् ।

तस्बिरहरू : एपी





# गोल्डेन ग्लोबकी पानी गर्ल

यसपटकको गोल्डेन ग्लोब एवार्ड समारोहमा पानी बोक्ने एक युवती र उनले बोकेको पानीको बोतलसहितको ट्रे निकै चर्चा पायो । पुरस्कार वितरण समारोहमा आउने अतिथिहरूका लागि पानीको व्यवस्था गर्न फिजी वाटर ब्रान्डको पानी बोकेर उभिएकी युवती थुप्रै सेलिब्रेटीको फोटोसुटको पछाडि देखापरिन् । यो कार्यक्रमका लागि फिजी वाटरले १२ लाख डलर खर्च गरेको थियो । यद्यपि ती युवतीको तस्बिर संचारमाध्यममा यति भाइरल भयो कि फिजी वाटरले त्यसबापत १ करोड २० लाख डलरभन्दा बढी खर्च गरे बराबरको चर्चा पायो । यसमा ती युवतीको सुन्दरताले काम गरेको हो कि मार्केटिङ कम्पनीको रणनीति सफल भएको हो, सबै रणभुल्लमा छन् ।

# सुन्दरीका लागि राजगद्दी त्याग




मलेसियाका सुल्तान मोहम्मद पाँचौले एक सुन्दरीका लागि राजगद्दी त्याग गरेका छन् । मलेसियाका ४९ वर्षीय राजा मोहम्मद रुसी सुन्दरीको प्रेममा थिए । सुल्तानले ती सुन्दरीसँग विवाह गर्न चाहेकाले राजगद्दी त्यागेको बताइएको छ । एक्काइसौं सताब्दीमा पनि प्रेमका खातिर राजगद्दी परित्याग गरिएको यो घटना पछि फेरि एक पटक पुरानो इतिहास मात्र दोहोरिएको छैन, त्यसले सारासंसारलाई नै आश्चर्यचकित तुल्याएको छ ।

मलेसियाका सुल्तान मोहम्मदको १८ महिनाअघि मिस मस्कोको उपाधि जितेकी सुन्दरी ओक्साना भोइभोदिनसँग भेट भएको थियो । केही संचारमाध्यमले मोहम्मद र २५ वर्षीया सुन्दरी ओक्सानाबीच गोप्य रूपमा विवाह सम्पन्न भैसकेको बताइरहेका छन् । उनीहरूले मोहम्मदले राजगद्दी त्याग्नुको मुख्य कारण ओक्सानासँग विवाह गर्नु नै रहेको दाबी गरेका छन् । सामाजिक सञ्जालमा मोहम्मद र ओक्सानाका केही अन्तरंग तस्बिर सार्वजनिक भएपछि सुल्तानले ती रुसी सुन्दरीसँग विवाह गरिसकेको कुरालाई बल मिलेको छ ।

मिस मस्कोको उपाधि पाएकी ओक्साना मोडल तथा फेसन डिजाइनर समेत हुन् । युरोपमा पहिलो पटक भेट भएपछि झाँगिएको सुल्तान र सुन्दरीको प्रेम विवाहमा परिणत हुनुअघि ओक्सानासमक्ष इस्लाम धर्म स्वीकार गर्नुपर्ने सर्त राखिएको थियो । त्यसलाई ओक्सानाले स्वीकार गरिसकेको बताइन्छ । विवाहको प्रसंग चल्नुअघि सोसल मिडियामा निकै सक्रिय ओक्साना राजपरिवारसँग जोडिने भएपछि सामाजिक सञ्जालहरूमा समेत देखापर्न छाडेकी थिइन् ।

ब्रिटेनको उपनिवेशबाट सन् १९५७ मा स्वतन्त्र भएपछि मुस्लिम बाहुल्य मलेसियामा शाही परिवारका सदस्यहरू मात्र सुल्तान हुन पाउने नियम छ । यो नियमअनुसार त्यहाँका सुल्तानको पदावधि ५ वर्षको हुन्छ । मोहम्मद पाँचौं १५ औं सुल्तानका रूपमा सन् २०१६ मा राज्याभिषेक गरेका थिए । मलेसियामा राजघरानालाई सम्मानपूर्वक हेरिने र राजपरिवारको आलोचना हत्तपत्त नहुने हुनाले पनि मोहम्मदले राजगद्दीलाई विवादमा नपार्न पद त्याग गरेको बताइदै आएको छ ।




तस्बिरहरू : राजाराम

# गाउँ-गाउँका सिँढीमा डर्ट बाइक

राजाराम पौडेल

उनीहरू लालायित थिए सुन्दर गाउँ घुम्न । साथमा डर्ट बाइक लिएर निस्किए यात्रामा । बाइकमै साहसिक पदयात्रा गर्ने उनीहरूको योजना हो । उनीहरूका लागि यसपालिको गन्तव्य थियो– कास्कीको सुन्दर गाउँ सिक्लेस । सामान्यतः जहाँ सडक छ त्यहाँ सवारी साधन पुग्छ, तर आठ जना युवाको टोली सिँढीको बाटोमा सवारी साधन गुडाउदै गाउँ पुगे । उनीहरूलाई त्यहाँसम्म पुऱ्याउने व्यवस्था मिलाएको थियो ओजन एक्स्पिडिसन नेपालले ।

पोखराबाट ती युवा आफ्ना ज्यानको परवाह नगरी सिक्लेस गाउँका आँगनको सिँढी-सिँढी बाइक दौडाउँदै गाउँको पछाडि पर्ने भ्यू प्वाइन्ट पुगे । यात्रा कठिन र जोखिमपूर्ण थियो, तर उनीहरूको साहसले त्यसलाई सहज बनाइदियो । उनीहरूले सिँढीको बाटोमा बाइक चलाएको देख्दा गाउँलेहरूले चासो राखे । एक गाउँलेले सोधिहाले, तपाईंहरूलाई आफ्नो शरीरको माया लाग्दैन ? बाइक राइडरले हाँस्दै जवाफ दिए– हामीले खोजेको ट्र्याक नै यस्तै हो । यो ट्र्याकलाई यस्तै रहन दिनु ।

यस्तो साहसिक यात्रा गर्न विदेशीले बढी रुचाउने ओजन एक्स्पिडिसन नेपालका सञ्चालक महेन्द्र गुरुङ बताउँछन् । विदेशीमा पनि रसियन पर्यटकको रोजाइमा पर्छ यस्तो ठाउँ । अब दोस्रो चरणमा सिक्लेसमा विदेशी र नेपाली गरी ४० जनाको बाइक राइड गराइने गुरुङले बताए ।

बाइक राइडमा गएका युवाहरूले गाउँलेहरूसँग कुराकानी पनि गरे । पुर्खाले बनाएको बाटोको महत्व बढाउदै बाइक राइडमार्फत पर्यटकीय स्थलको प्रचार गर्न सके यसको महत्व अझ बढ्ने उनीहरूले बताए । यसो भनिरहँदा गाउँलेहरूले खबर गरेर आउन आग्रह गर्दै आउँदा गाउँको चलनअनुसार स्वागत गर्ने जवाफ दिए । यस्ता साहसिक कार्यक्रमले विदेशी पर्यटकलाई आकर्षित गर्छ । यस्तो बाइक राईड नेपाली युवाहरूमा समेत बढ्दै गएको छ । नेपालमा एड्भेन्चर गेम र कार्यक्रमहरू आयोजना गर्दै जाने हो भने मात्र अहिलेको तथ्यांकअनुसार पर्यटनमा ४० प्रतिशत बृद्धी हुने उनीहरूको दावी छ ।

कास्कीको मादी गाउँपालिकामा पर्ने सिक्लेस गाउँमा गुरुङ कला-संस्कृतिको जीवन्त अनुभव गर्न पाइन्छ । सिक्लेस लमजुङ हिमालको काखमा अवस्थित छ । करिब ४ सय घरधुरी रहेको यो गाउँ झुप्प परेर बसेको छ । समुद्री सतहबाट २ हजार मिटरको उचाइमा रहेको यो गाउँबाट डेढ घण्टा उकालो चढेपछि मनमोहक रिसिङ डाँडा पुगिन्छ । गुरुङ संस्कृतिको धनी सिक्लेसमा चरा एवं वन्यजन्तु प्रेमीहरू रमाउन



सक्छन् । उक्त क्षेत्रको जंगलमा विभिन्न पशुपन्छी पनि सजिलै देख्न सकिन्छ ।

पोखरा महानगरपालिका-१३ मा पर्ने काहुँखोलाबाट ३८ किलोमिटर उत्तरमा पर्छ सिक्लेस । सिक्लेसमा खान र बस्न स्थानीय बासिन्दाले सञ्चालन गरेका १५ घरमा घरबास (होमस्टे) तथा १२ वटा होटल उपलब्ध छन् । त्यहाँ स्पेसल लोकल अर्गानिक खाना, ढिँडो आदि खाना पाइन्छ । गुरुङ कला संस्कृतिको जीवन्त अनुभव गर्न पाइने यो गाउँ समुद्री सतहबाट २ हजार मिटर उचाइमा छ ।

यहाँ ढुङ्गाले छाएको एवं छापिएको गुजुमुच्च तर अत्यन्त सफा र सुन्दर नमुना बस्ती देख्न पाइन्छ । अन्नपूर्ण-२, अन्नपूर्ण-४, लमजुङ हिमाल आदि दृश्यले त्यहाँ पुग्दाको थकान तुरुन्तै मेटिन्छ ।

नेपालकै ठूलो गुरुङ बस्तीका रुपमा रहेको यो गाउँ अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको घलेखर्क सिक्लेस ईको ट्रेकभित्र पर्छ । यहाँ रहेका दुइवटा टावरबाट दृश्यावलोकन गर्न सकिन्छ । पर्यटकलाई आमा टोली बोलाएर स्वागत गर्ने चलन सिक्लेसमा छ । त्यहाँ 'कफुचे' हिम ताल समेत छ ।

डर्ट बाइक राइडमा सिक्लेस यात्रा अवधि एक रात दुई दिन हो, जसको ७ हजार रुपैयाँ खर्च लाग्छ । त्यसमा फ्युल, खाने र बस्ने सुविधा, मेडिकल टिम, प्राविधिक टिम समेत उपलब्ध हुन्छ । बाइक बिग्रिए बोक्न ब्याकअप गाडीको समेत व्यवस्था हुन्छ । यस्तो यात्रा जोखिमसँगै रमाइलो पनि हुन्छ । यो एडभेन्चर मन पराउनेहरूको रोजाइमा पर्छ । ओजन एक्सिपिडिसन नेपालले यसअघि अपर मुस्ताङ, रारा ताल, मनाङ आदि ठाउँमा यस्तै कार्यक्रम सञ्चालन गरेको थियो । यो ट्राभल कम्पनी हो । यसको प्राथमिकतामा साहसिक पर्यटनमा छ । अग्ला पहाडदेखि होचा खोचसम्म आन्तरिक तथा बाह्य पर्यटकलाई पुऱ्याउने ओजन एक्सिपिडिसनको लक्ष्य छ । बाटो खनिएको तर व्यवस्थित तरिकाले सवारी सञ्चालन नभएका ठाउँमा आन्तरिक तथा बाह्य पर्यटकलाई पुऱ्याउँदै पर्यटकीय स्थलको प्रवर्द्धन गर्ने उद्देश्यले यस्तो कार्यक्रम सञ्चालनमा ल्याइएको हो ।

# सर्वाधिक कमाइ गर्ने मोडलहरू

रोजिन शाक्य



### केन्डल जेनर

वर्ष २०१६ मा फोर्ब्सको सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीको तेस्रो स्थानमा रहँदा सुपर मोडल केन्डल जेनरको कमाइ १० करोड अमेरिकी डलर थियो । गत वर्ष उनको कमाइ दुई गुणाभन्दा बढी हुँदै २ करोड २० लाख अमेरिकी डलर पुगेको थियो । यो वर्ष उनको कमाइ २ करोड २५ लाख अमेरिकी डलर पुगेको छ । यो कमाइलले केन्डललाई सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीको पहिलो स्थानमा उभ्याएको छ । २३ वर्षीया केन्डलको आबद्धता कस्मेटिक ब्रान्ड एस्टी लाउडर, स्पोर्ट्स वेयर ब्रान्ड एडिडास तथा क्याल्भिन क्लाइन जस्ता ब्रान्डसँग छ ।

### कार्ली क्लस

वर्ष २०१६ मा फोर्ब्स पत्रिकाको वर्ष २०१६ को सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीमा तेस्रो स्थानमा रहँदा कार्ली क्लसको कमाइ १ करोड अमेरिकी डलर थियो भने गत वर्ष त्यो ९० लाख अमेरिकी डलरमा झरेको थियो, जसले गर्दा उनी गत वर्षको सूचीमा सातौं स्थानमा थिइन् । यो वर्ष उनको कमाइ ह्वात्तै बढेर १ करोड ३० लाख अमेरिकी डलर पुगेको छ र उनी यो सूचीको दोस्रो स्थानमा छिन् । भोग म्यागाजिनका विभिन्न संस्करणमा ३६ पटकसम्म कभर गर्ल भैसकेकी कार्ली क्लसको आबद्धता एडिडास, स्वारोस्की, एस्टी लाउडर जस्ता विश्व विख्यात ब्रान्डसित छ ।

### क्रिस्सी टिएगन


फोर्ब्सको सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीमा गत वर्ष पदार्पण गर्दै सीधै तेस्रो स्थान ओगट्न सफल क्रिस्सी टिएगन यो वर्षको सूचीमा पनि तेस्रो स्थानमै छिन् । स्पोर्ट्स् इलस्ट्रेटेड म्यागजिनको कभर गर्ल समेत रहिसकेकी क्रिस्सीको यो वर्षको कमाइ गत वर्षको तुलनामा घटेको पाइन्छ । यो वर्ष उनको कमाइ १ करोड १५ लाख अमेरिकी डलर रहयो । जबकि गत वर्ष उनको कमाइ १ करोड ३५ लाख अमेरिकी डलर थियो । द लिप सिन्क ब्याटल नामक टेलिभिजन शोकी होस्ट तथा कुक बुककी लेखिका क्रिस्सीले यो वर्ष कुक बुकको दोस्रो संस्करणसमेत बजारमा ल्याएकी छिन् ।


### रोजी हन्टिङटन ह्वाइट्ली

इङ्लिस मोडल एवं अभिनेत्री रोजी हन्टिङटन व्हाइट्ली फोर्ब्स पत्रिकाको वर्ष २०१८ को सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीमा क्रिस्सी टिएगनसँगै तेस्रो स्थानमा छिन् । यो वर्ष उनको कमाइ गत वर्षको तुलनामा बढेर १ करोड १५ लाख अमेरिकी डलर पुग्यो । गत वर्षको सूचीमा पाँचौं स्थानमा रहँदा रोजीको कमाइ ९५ लाख अमेरिकी डलर थियो । उनको कमाइ आफ्नै ब्रान्डको लिङ्गरी, मेकअप तथा सुगन्धका कारण बढेको बताइन्छ । यसका साथै रोजी रोज इन्क नामक आफ्नै ब्युटी वेबसाइटसमेत चलाउँछिन् ।

### गिसेली बन्डछेन

सन् २००२ देखि फोर्ब्स पत्रिकाको वर्षको





सबैभन्दा बढी कमाइ गर्ने मोडलहरूको सूचीमा अग्र स्थानमा रहँदै आएकी ब्राजिलियन मोडल गिसेली बन्डछेनको कमाइ विगतको तुलनामा निरन्तर ओरोलो लाग्दै गएको छ । उनी गत वर्ष दोस्रो स्थानमा धकेलिन पुगेकी थिइन् भने यो वर्ष अझ घटेर १० करोड अमेरिकी डलरमा समेटिन पुगेकी छिन् । वार्षिक कमाइ निरन्तर ओरालो लागे पनि फोर्ब्सको वर्ष २०१८ मा सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीमा गिसेली पाँचौं स्थानमा छिन् । यस वर्ष उनले आफ्नो जीवनीमा आधारित लेसन्स शीर्षकको पुस्तक प्रकाशित गरिन् । उनको आबद्धता भिभारा तथा आरेजो नामक ब्राजिलियन ब्रान्डसँग पनि रहयो ।

### कारा डेलिभिङ्नी

बढी कमाइ गर्ने मोडलको सूचीबाट गत वर्ष बाहिरिएकी कारा डेलिभिङ्नी यो वर्ष पुनः फर्किएकी छिन् । उनको यो वर्षको कमाइ गिसेली बन्डछेन जत्तिकै अर्थात् १० करोड अमेरिकी डलर रहयो । उनी यस वर्षको सूचीमा संयुक्त रूपमा पाँचौं स्थानमा छिन् । उनी फोर्ब्सको २०१५ को सूचीमा दोस्रो स्थानमा थिइन् भने २०१६ को सूचीमा सातौं स्थानमा थिइन् । किड्स इन लभ तथा सुसाइड स्क्वाड जस्ता चलचित्रमा समेत देखा परिसकेकी काराको यो वर्षको कमाइमा डगलस कस्मेटिक्स, रिमेल, ट्याग ह्युगर, डिओर ब्युटीजस्ता ब्रान्डको योगदान छ ।

### गिगी हाडीड

इन्स्टाग्राममा निकै लोकप्रिय मोडल गिगी हाडिड सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीको सातौं स्थानमा छिन् । गत वर्ष झैं यो वर्ष पनि गीगीले आफ्नो खातामा ९५ लाख अमेरिकी डलर जम्मा गरेकी छिन् । २३ वर्षीया गिगी मेबिलिइन, टमी हिलफाइगर, भोग आइवेयर, मेस्सीका ज्वेलरी जस्ता टप ब्रान्डसँग आबद्ध छिन् ।

### बेला हाडिड

फोर्ब्स पत्रिकाको गत वर्षको सूचीमा नवौं स्थानमा पदार्पण गरेका बेला हाडिडको कमाइ गत वर्ष ६० लाख अमेरिकी डलर थियो । यो वर्ष उनको खातामा ८५ लाख मिलियन अमेरिकी डलर छ । योसँगै फोर्ब्सको सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीमा बेलाको नाम आठौं स्थानमा छ । गिगी हाडिडकी सहोदर बहिनी बेलाको इन्टाग्राममा २ करोड १७ लाख फलोअर छन् । उनको कमाइको मुख्य अंश डियोर ब्युटी, बुलगारी तथा ट्याग ह्युअर जस्ता चर्चित ब्रान्डहरूबाट सम्भव भएको हो ।

### जोआन स्मल्स

प्युर्टो रिकोकी ३० वर्षिया जोआन स्मल्सको यो वर्ष कमाइ ५० लाख अमेरिकी डलर रहयो । यो कमाइले उनलाई फोर्ब्सको वर्ष २०१८ को सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीमा बेला हाडिडसँगै आठौं स्थानमा उभ्याएको छ । रनवेमा छाइरहने जोआन यसपटक एस्टी लाउडर तथा मोस्चीनोको सुगन्धको विज्ञापनसमेत देखा परिन् ।

### डचेन क्रोज

डच पावर हाउसका रूपमा परिचित डचेन क्रोज सर्वाधिक कमाइ गर्ने मोडलहरूको सूचीको दसौं स्थानमा छिन् । यो वर्ष उनको आम्दानी ८० लाख अमेरिकी डलर छ । लोरियाल कस्मेटिक्ससितको सम्झौता, पियागेट नामक ब्रान्डको ब्रान्ड मुहार हुनुका साथै उनको आफ्नै नामको काश्मिरी स्वेटरको व्यापार छ ।

तस्बिरहरू : एपी

## फेसबुक फन्डा



संकलक : जीवन भट्टराई

हरिबोल : यो फेसबुक नभाको भए के हुन्थ्यो होला नि ?
खडानन्द : यो फेसबुक नभाको भए केटीहरूलाई थाहै हुँदैनथ्यो, उनी कति Nice, Awesome, Beautiful, Gorgeous छिन् भन्ने कुरा ।

खडानन्द र उनकी पत्नी बेलुका खाना बनाउने बेलामा
पत्नी : के बनाऊँ आज ?
खडानन्द : स-साना कुरालाई तिलको पहाड बनाउन छोडेर अरू जे बनाए पनि हुन्छ ।

खडानन्द र हरिबोल
खडानन्द : गोरो हुने कुनै एउटा राम्रो क्रिमको नाम बता न यार !
हरिबोल : किन चाहियो हौ गोरो हुने क्रिम तँलाई ?
खडानन्द : मलाई काले भनेर छोडेर गई यार !

खडानन्द र हरिबोलको फोनवार्ता
खडानन्द : कहाँ छस् हरि ?
हरिबोल : छिमेकी बाइक एक्सिडेन्टमा परेछ । करङ भाँचिएछ । टाउकोमा रगत जमेको छ रे । एउटा खुट्टो पनि भाँचिएछ । उपचार गराउन आएको छु ।
खडानन्द : कहाँ ? हस्पिटलमा हो ?
हरिबोल : होइन, उहिले कोइराला बाले ५ जना पुरोहित राखेर बिहे गराइदिएको वरपीपलको फेदको चौतारोमा ।

खडानन्द र हरिबोल
हरिबोल : ओए खड्, पत्रिका पढ्दा तँ राशिफल हेर्छस् कि हेर्दैनस् ?
खडानन्द : हेर्दिनँ यार !
हरिबोल : किन नहेऱ्या त ?
खडानन्द : विश्वासै लाग्दैन के हेर्नु ? अब हेर न । म अविवाहित मान्छे, तर मेरै राशिफलमा चाहिं प्राय सन्तानसुख र पुत्रलाभ लेख्या हुन्छ ।

खडानन्दकी पत्नी माइत गएकी थिइन् । पत्नीकै देखासिकी गरेर खडानन्द निराहार व्रत बसे मङ्गलबारको दिन ।
खडानन्द : ए छोरा, घाम डुब्यो ? हेर त ।
छोरा : डुबेको छैन बुबा ।
(फेरि एकछिन पछि )
खडानन्द : अबचाहिँ घाम डुब्यो कि हेर त ।
छोरा : अझै डुबेको छैन बुबा ।
खडानन्द : उफ ! यो घाम पनि मलाई लिएर मात्र डुब्ला जस्तो छ आज ।

खडानन्द र हरिबोल
खडानन्द : पहिले-पहिलेका पाहुना अलि सजिला खालका हुन्थे, हिजोआजका साह्रै अप्ठ्यारा हौ ।
हरिबोल : किन र ?
खडानन्द : पहिलेका पाहुनालाई चियाखाजा दिए पुग्थ्यो । आजकालका पाहुनालाई चियाखाजाका साथै वाइफाईको पासवर्ड र मोबाइलको चार्जर समेत दिनुपर्छ यार ।

खडानन्दकी पत्नीले बजारबाट एकजोडी कुर्ता सलवार लिएर आइन्
खडानन्द : फेरि अर्को नयाँ कुर्तासलवार लिएर आयौ ? अस्तिका दिन मात्रै.... ।
पत्नी : (चिच्याउँदै) के अस्तिका दिन मात्रै ? के भन्न खोज्या ? के हो ? भन न, के अस्तिका दिन भनेको ? बोल न, के भन्न खोज्या ? के भनेको अस्ति ? किन मुख बन्द गरेको ? के हो ? भन न मलाई खुरुक्क, के भन्न खोज्या तिम्ले ?
खडानन्द : केही होइन हौ, एक जोडी त अस्तिका दिन मात्र ल्याएको, आज त अरु दुई जोडी ल्याएको भए हुन्थ्यो नि, भनेको क्या ।

खडानन्द र हरिबोल
हरिबोल : तेरी श्रीमती त त्यति धेरै नबोल्ने, साह्रै शान्त स्वभावकी रै'छिन् ? तेरो घरमा त सधैं नै शान्ती र खुसीयाली होला नि ?
खडानन्द : तँलाई के थाहा हौ हरि, उच्च गुणस्तरको रिभल्वरमा साइलेन्सर राख्या हुन्छ भन्ने कुरा ।

कन्जुस खडानन्दका काका मरे । यो सुचना आफन्तलाई दिन खडानन्दले स्थानीय पत्रिकामा समवेदना छपाउने विचार गरे ।
पत्रिकावाला : एक शब्दको पचास रुपैयाँ लाग्छ हजुर ।
खडानन्द : हुन्छ । लेखिदिनुस् न 'काका मरे'
पत्रिकावाला : कम्तीमा ५ शब्द चाहिन्छ हजुर !
खडानन्द : ल ठीक छ, उसो भए लेखिदिनुस् 'काका मरे, ह्वीलचेयर बिक्रीमा छ' ।

खडानन्द छोरो पढ्ने स्कुलमा पुगे ।
प्रिन्सिपल : तपाईंको छोरो पढाइमा साह्रै कमजोर छ हजुर
खडानन्द : ए हो ? अनि लेखाइमा चाहिँ कस्तो छ नि हजुर ?
प्रिन्सिपल : लेखाइमा त झन् के भन्नु र हजुर, उसले लेख्या ऊ आफैंले पनि बुझ्दैन ।
खडानन्द : ल हजुर बधाई छ मलाई बधाई छ, छोरामा डाग्डर हुने लक्षण देखिएछ ।

खडानन्द र हरिबोल
हरिबोल : संसारमा एउटा यस्तो पनि सम्बन्ध हुन्छ, जसमा जातपात, धनि गरिब, कालोगोरो, उचनिच, धर्म, सम्प्रदाय केही हेरिँदैन, त्यो कुन सम्बन्ध हो ?
खडानन्द : अवैध सम्बन्ध ।

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी
yogeshkhapangi@gmail.com




## पत्याउनु हुन्छ ?



अमेरिकाको न्युयोर्क सहरको एक सैलुनमा काम गर्ने १ सय ८ वर्षका एन्थोनी म्यान्सिलिनी पछिल्ला ९६ वर्षदेखि नियमित रूपमा केश काट्ने काम गरिरहेका छन् । उनी यो संसारकै सबैभन्दा वृद्ध हेयर ड्रेसर हुन् । ९६ वर्षको हुँदा ११ वर्षअघि उनको नाम गिनिज बुक अफ वर्ल्ड रेकर्डमा दर्ता भएको थियो । एन्थोनी अहिले पनि हरेक साता ५ दिन आफ्नो सैलुनमा ८ घण्टा नियमित काम गर्छन् ।

## तथ्य - सत्य

# जापानमा छ सबैभन्दा धेरै खाली घर



जापानमा त्यहाँको जनसंख्याको तुलनामा मानिस बस्ने घर धेरै छन् । १२ करोड ७० लाख जनसंख्या भएको जापानमा अहिले ६ करोड १० लाख घर छन् । तीमध्ये १ करोडभन्दा बढी घर खाली छन् । अहिले त्यस्ता खाली घर जापान सरकारका लागि टाउको दुखाइको विषय भएका छन् । जापानको तथ्यांक विभागका अनुसार जापानमा खाली घरको संख्या आगामी दिनमा अझ बढ्दै जानेछ । विभागका अनुसार घट्दो दरमा रहेको जापानको जनसंख्या वृद्धिदरका कारण सन् १९६५ सम्ममा त्यहाँको जनसंख्या ६ करोड ८० लाखमा झर्नेछ जसका कारण खालीघरको संख्या बढेर २ करोडसम्म पुग्न सक्छ । घट्दो जनसंख्याका कारण सन् २०४० सम्ममा जापानका ९ सयभन्दा बढी गाउँ तथा साना सहरको अस्तित्व नै मेटिने आशंका गरिएको छ ।

अपराध

अर्जुन राजवंशी

# ट्रान्जिट बन्दै गौरीगन्ज



झापाको गौरीगन्ज आपराधिक गतिविधिको 'ट्रान्जिट प्वाइन्ट' का रूपमा विकास हुँदै गएको छ । गौरीगन्ज क्षेत्रमा हत्या, अपहरण, शरीर बन्धक, चोरी, तस्करी, बलात्कारजस्ता घटनामा वृद्धि भएको छ ।

गत मंसिर २५ गते सात वर्षीय भारतीय बालकलाई अपहरण गरेको आरोपमा गौरीगन्ज गाउँपालिका-६ का एक दम्पतीसहित तीन जनालाई प्रहरीले पक्राउ गर्‍यो । पक्राउ पर्नेमा संघीय समाजवादी फोरमका नेता गौरीगन्ज-६, खजुरगाछीका ४७ वर्षीय बद्री यादव, ३१ वर्षीय बिटु भनिने श्रीप्रसाद मुखिया तथा श्रीप्रसादकी श्रीमती २७ वर्षीया अञ्जुदेवी मुखिया छन् । उनीहरूले भारतीय व्यक्तिको सहयोगमा बिहार राज्य सुपोल जिल्ला किसनपुर थाना चोहट्टा पञ्चायत ठाढीधता-२, पोस्ट मौजाहा निवासी मोहमद सद्दामका ७ वर्षीय छोरा महफुज आलमको अपहरण गरेको जिल्ला प्रहरी प्रमुख एसपी भीमप्रसाद ढकालले बताए ।

सुपोल जिल्लाकै राघोपुर थाना देवानगन्ज-२ स्थित मावली गाउँमा खेलिरहेका आलमलाई नामथर वतन नखुलेका दुई भारतीय नागरिकले मंसिर २० गते ललाइफकाइ मोटरसाइकलमा राखेर नेपालतर्फ ल्याएका थिए । उनीहरूले बालकलाई नेपालतर्फ मुखिया दम्पती र यादवलाई जिम्मा लगाएका थिए । ती बालकलाई उनीहरूले दुई दिनसम्म गौरीगन्जमै राखेको र त्यसपछि दमकस्थित देउराली होटलको कोठा नम्बर १०७ मा बन्धक बनाएर राखेको एसपी ढकालले बताए । बालकलाई अपहरण गरी उनीहरूले बालकको परिवारसँग १५ लाख भारतीय रुपैयाँ फिरौती माग गरेका थिए । उनीहरूले फिरौती रकम नदिए बालकको हत्या गरिदिने चेतावनीसमेत दिएको एसपी ढकालले बताए । घटनामा संलग्नहरूलाई पक्राउ गर्नुका साथै अपहरण गरी बन्धक बनाएर राखिएका बालकको सकुशल उद्धार गर्न सफल भएको एसपी ढकालले बताए । अपहरणमा संलग्न भनिएका बद्री यादव समाजवादी फोरमका तर्फबाट गत स्थानीय तहको निर्वाचनमा गौरीगन्ज गाउँपालिकाको अध्यक्ष पदका उम्मेद्वार थिए ।

कात्तिक १६ गते सीमावर्ती क्षेत्रको भारततर्फ गौरीगन्ज-२, केराबारीका ५५ वर्षीय अलकचन राजवंशीको शव फेला परेको थियो । परिवारजनसँग सम्पर्कविहीन भएको ५ दिनपछि स्थानीय बासिन्दाले सीमावर्ती भारतीय क्षेत्रको काँसघारीमा राजवंशीको हत्या गरी पुरेको अवस्थामा शव फेला पारेका थिए । बिहारको किसनगन्ज जिल्ला खरखरिया भन्ने स्थानमा 'झारफुक' गर्न गएका राजवंशी ५ दिनसम्म घर नफर्किएपछि परिवारका सदस्यले खोजतलास गर्ने क्रममा काँसघारीमा गन्हाएको अवस्थामा उनको शव फेला परेको थियो । भारतीय व्यक्तिहरूले नै उनको हत्या गरेर शव गाडेको हुन सक्ने मृतकका परिवारजनको आशंका छ ।

मंसिर १७ गते प्रहरीले गौरीगन्ज-२, बघाहाचौधरी बस्ने २० वर्षीय उपेन्द्र मिश्रलाई जबरजस्ती करणीको आरोपमा पक्राउ गर्‍यो । मिश्रले २५ किलोमिटर टाढा दमक घर भएकी १८ वर्षीया शारीरिक अपांगता भएकी युवतीलाई गौरीगन्ज लगेर बलात्कार गरेको प्रहरीको आरोप छ । राम्रोसँग बोल्न नसक्ने अपांगता भएकी युवतीलाई मिश्रले ललाइफकाइ गौरीगन्ज लगेर रातभर बलात्कार गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

कात्तिक १३ गते प्रहरीले भारत पश्चिम बंगाल उत्तर दिनाजपुर जिल्लाको इस्लामपुर ग्राम पञ्चायत थाना बस्ने २० वर्षीय कृष्ण रोयलाई चोरी गरेको आरोपमा पक्राउ गर्‍यो । प्रहरीका अनुसार रोयले १२ गते राति गौरीगन्ज बजारस्थित लक्ष्मी मोबाइल सेन्टरबाट ५५ थान साधारण मोबाइल, २५ थान एन्ड्रोइड मोबाइल, २ थान ल्यापटप, ४० थान मोबाइलका ब्याट्री, ५ थान बनाउन राखिएको मोबाइल सेट, १ थान इन्टरनेट राउटर तथा नगद ३५ हजार रुपैयाँ चोरी गरेका थिए । उनले दिउँसो चोरी गर्ने स्थान पत्ता लगाएर राति पछाडिको पर्खाल भत्काएर चोरी गरेको बयान प्रहरीलाई दिएका थिए ।

भदौ २६ गते दमकका कपडा व्यवसायी ३८ वर्षीय खेमराज पौडेलको आफ्नै साझेदारबाट वीभत्स हत्या भयो । स्थानीय बासिन्दाले गौरीगन्ज ६ देवीगन्जस्थित नेपाल-भारत सीमा नजिक खेतको नालामा पौडेलको विभत्स शव देखेका थिए । उनको घाँटी, छाती, पाखुरा, पिढ्युसहित शरीरका विभिन्न भागमा धारिलो हतियारले काटेको गहिरो चोट थियो । पौडेलको गौरीगन्ज-६ का २८ वर्षीय सद्दाम हुसेनले हत्या गरेको स्वीकार गरेका छन् । पौडेलको पसलबाट उधारो कपडा लगेर गौरीगन्ज क्षेत्रमा व्यापार गर्ने हुसेनले बाँकी रहेको पैसा लिन बोलाएर पौडेलको हत्या गरेका थिए ।

भदौ १० मा प्रहरीले भन्सार छलेर चोरी तस्करीको माध्यमबाट सुर्ती भिœयाएको आरोपमा गौरीगन्ज-२, केराबारीकी २५ वर्षीया मुना राजवंशीलाई पक्राउ गरेको थियो । प्रहरीका अनुसार उनले भारतबाट चोरी निकासीको बाटो प्रयोग गरि सुर्ती भिœयाउने गरेकी थिइन । प्रहरीले विशेष सूचनाका आधारमा पछ्याउँदा मोटरसाइकलमा एक बोरा सुर्ती लोड गरी नेपाल भिœयाइरहेको अवस्थामा राजवंशीलाई पक्राउ गरिएको थियो ।

गत साउन ९ गते प्रेमिकाले भेट्न नमानेपछि भारत बिहार किसनगन्ज जिल्ला दिगलबैंक गाउँ पञ्चायत-२ का २५ वर्षीय ओमप्रसाद सिंहले गौरीगन्ज ३ का १० वर्षीय बालक सुजन ताजपुरियालाई बन्धक बनाई हत्याको प्रयास गरेका थिए । भारतीय युवक सिंहले घाँटीमा चक्कु राखेर बन्धक बनाएका बालकलाई प्रहरीले घाइते अवस्थामा उद्धार गरेको थियो ।



# अपराधमा युवा

अनिल श्रेष्ठ

भदौ २५ गते नै दमकका युवा व्यवसायी ३८ वर्षीय खेमराज पौडेलको आफ्नै व्यवसायिक सहकर्मीबाट हत्या गरियो । पौडेलको हत्या गौरीगन्जका २८ वर्षीय सद्दाम हुसेनले गरेका थिए । पौडेलको हत्याको कारण पनि आर्थिक लेनदेन नै थियो । असोज १ गते विराटनगर–१७ का १८ वर्षीय महम्मद अस्फाकको अपहरणपछि हत्या भयो । अस्फाकको हत्याको आरोपमा उनकै साथी २० वर्षीय मोहम्मद सद्दिम हुसेन र २१ वर्षीय मोहम्मद अरिफ आलम पक्राउ परे । विदेश जाने तयारीमा रहेका हुसेनले रमाइलोका लागि खर्च जुटाउन योजनाबद्ध रुपमा अस्फाकको अपहरण गरेकै दिन हत्या गरेर उनको परिवारसँग फिरौती मागे, तर असोज ७ गते ह्युमपाइपभित्र अस्फाकको शव फेला परेपछि अनुसन्धानका क्रममा पक्राउ परेका आलम र हुसेन अनुसन्धानकै क्रममा कात्तिक ९ गते इलाका प्रहरी कार्यालय रानीबाट फरार भए ।

कात्तिक २ गते विराटनगर-११ का १८ वर्षीय कुहिरा भनिने विशाल सहनीले विराटनगर-१९ का राहुल भगतको पेट तथा छातीमा छुरा प्रहार हत्या गरे । विशालको समूहले चाडपर्वको अवसर पारेर लागेको स्थानीय मेला घुम्ने क्रममा दुर्व्यवहार गरेको झोकमा भगतको हत्या गरेका थिए ।

माथि उल्लेखित घटनाहरू सबैमा अभियुक्त देखिएका युवाहरूको उमेर २८ वर्षभन्दा कम छ । घटनाक्रमअनुसार तीममध्ये केहीले प्रेम, केहीले तत्कालीन आवेग थेग्न नसक्दा त केहीले आर्थिक लेनदेनका कारण जघन्य अपराधको बाटो रोजेको देखिन्छ । युवा अवस्थालाई एकदमै संवेदनशील मानिन्छ । यस्तो अवस्थामा किशोर-किशोरीलाई अभिभावकहरूले बेलैमा राम्रो निगरानीमा राख्न नसक्दा उनीहरू कुलतमा फसेर जघन्य अपराध गर्न पुग्छन् ।

१ नम्बर प्रदेश प्रहरी कार्यालय, विराटनगरले सार्वजनिक गरेको पछिल्लो ३ वर्षको तथ्याङ्क हेर्ने हो भने अपराधमा युवाहरूको संलग्नता डरलाग्दो देखिन्छ । आर्थिक वर्ष ०७४/७५ को अभिलेखअनुसार जघन्य प्रवृतिको अपराधमा युवा उमेर समूहको संलग्नता बढी छ । गत आर्थिक वर्षमा १ नम्बर प्रदेशका १४ जिल्लामा ७ हजार ६ सय ९१ वटा आपराधिक घटना घटेका थिए, जसमध्ये जघन्य अपराधका घटना ९ सय ९८ वटा छन् । प्रहरीले जघन्य अपराधमा संलग्न १ हजार २४ जना पुरुष तथा ५७ जना महिलासमेत गरी १ हजार ८१ जनालाई पक्राउ गरेको थियो ।

प्रदेश प्रहरीको अभिलेखअनुसार जघन्य अपराधमा १ हजार ८१ जना पक्राउ परेका मध्ये ३ सय २६ जना १६ देखी २५ वर्ष उमेर समूहका छन् । त्यस्तै २६ देखी ३५ वर्षसम्मका ४ सय ८७ जना, ३६ देखि ४५ वर्ष उमेरका १ सय ९० जना छन् । ४६ देखि ६० वर्षका ७४ जना, ६० वर्षमाथिका १ जना र १६ वर्ष मुनिका ३ जना रहेको देखिन्छ ।

प्रदेश नम्बर १ मा कर्तव्य ज्यान, जबर्जस्ती करणी, ज्यान मार्ने उद्योग, हातहतियार खरखजाना तथा लागू औषधमा संलग्नहरूमध्ये १६ देखि २५ वर्ष उमेर समूहका युवाहरूको संख्या बढी छ । आर्थिक वर्ष ०७३/०७४ मा प्रदेशमा कर्तव्य ज्यानका १ सय ३८ मुद्दामध्ये १ सय ४ जना १६ देखि २५ वर्ष उमेर समूहका युवाहरूको संलग्नता पाइएको थियो । जबरजस्ती करणीमा पनि चालू आर्थिक वर्षको ३ महिनामा दर्ता भएका १ सय ६० वटा मुद्दामध्ये ९२ वटा मुद्दामा युवाहरू संलग्न छन् । यसैगरी ज्यान मार्ने उद्योगका ८४ वटा घटनामा ५५ जना युवा संलग्न पाइएको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगर प्रवक्ता डिएसपी सिद्धराज न्यौपानेले जानकारी दिए । यसैगरी हातहतियार खरखजना र लागूऔषध ओसार पसारमा पनि १६ देखि २५ वर्ष उमेर समूहका युवाहरूको संलग्नता बढी छ ।

बेरोजगार व्यक्तिले आफू अनुकूल उपलब्धि प्राप्त नगरेपछि अपराधतर्फ उन्मुख हुने जानकारहरू बताउँछन् । वरिष्ठ मानसिक रोग विशेषज्ञ डा. रोशन पोखरेलका अनुसार किशोर उमेरका युवाहरूमा अचानक स्वभाव परिवर्तन भै रिसाउने, झोक्किने, इन्टरनेटमा बढी झुम्मिने र अश्लील चलचित्र हेर्ने बानी देखिए उनीहरूलाई तत्काल चिकित्सकको सम्पर्कमा पुर्‍याउनुपर्छ । डा. पोखरेलका अनुसार एक्लै बस्न रुचाउँछन् वा ढोका थुनेर बस्छन् भने उनीहरू लागूऔषधको लतमा परेका हुन सक्छन् । मदिरा र लागुपदार्थको लत लागेका किशोर-किशोरीहरू ट्र्याकभन्दा बाहिर जान सक्छन् । उनीहरू बिस्तारै अपराधतर्फ उन्मुख हुन पुग्छन् । युवाहरूको व्यवहारमा अचानक आएको परिवर्तन बुझ्न सके बढी परामर्श र थोरै औषधिबाट उनीहरूलाई गलत बाटोमा जान बाट रोक्न सकिन्छ । महेन्द्र मोरङ क्याम्पस समाज शास्त्रका उपप्राध्यापक चन्द्र उपाध्याय सामाजिक विचलनका कारण युवापुस्तामा आपराधिक मनोवृत्ति बढ्दै गएको बताउँछन् ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

पुस २७ गते
पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस

माघ १ गते
मकर (माघे) संक्रान्ति
सूर्य उत्तरायन हुने

माघ २ गते
राष्ट्रिय भूकम्प सुरक्षा दिवस

माघ ३ गते
पुत्रदा एकादशी

## मेष

साझेदारीमा थालिएका कार्यले फाइदा पुऱ्याउँदै अन्य अवसरको ढोका खोल्नेछ। रोजगारी वा पदोन्नति प्राप्त गर्न कडा मेहनत गर्नुपर्ला। सुरु गरिएको व्यवसायबाट प्रशस्त मुनाफा हात लाग्नेछ। प्रेमी-प्रेमीकासँगको खटपटमा मौन रहनु नै उपयुक्त हुन्छ। पूर्वतर्फको यात्रा फाइदाजनक हुनेछ।

## वृष

बाल्यकालका मित्रलाई मुनाफा हात लाग्ने व्यवसायमा संलग्न गराइनेछ। सामाजिक जिम्मेवारीको कार्यमा उत्कृष्ट भै चर्चित हुँदा अभिभावकहरू हर्षले गद्‌गद हुनेछन्। सवारी साधन खरिद गर्न पारिवारिक मत मिल्नेछ। सेतो रंगको प्रभावबाट थप उपलब्धि हात पार्न सकिनेछ।

## मिथुन

मझौला किसिमका लगानीबाट मुनाफा आर्जन गर्न केही समय कुर्नुपर्नेछ। मन पराउने साथीको दोहोरो चालचलनले नैराश्यता उत्पन्न गराउनेछ। नयाँ स्थानको भ्रमणमा केही बढी खर्च होला। सामाजिक क्षेत्रमा काम गर्ने अवसर जुट्नेछ।

## कर्कट

विशेष प्रकारका व्यक्तिहरूसँग परिचित हुने अवसर जुट्नेछ। आलोचना गर्नेहरू बढी नै हुने भए पनि तपाईंको दृढताका कारण पराजयको सामना गर्नुपर्ने छैन। ईंटा रंग प्रयोग गर्दा आफ्नो मेहनत खेर जानेछैन। कार्य क्षमतामा स-साना त्रुटिले मर्यादामा चोट पुऱ्याउन सक्छन्।

## सिंह

हूलमूलमा धन तथा गहना जोगाउने चेष्टा गर्नुहोला। पारिवारिक खिचतानीले सम्पन्न भैसकेको कार्यलाई पनि ओझेलमा पार्न सक्छ। पैतृक सम्पत्ति उपयोग गर्दा थप पाइदा उठाउन सकिनेछ। प्रेम सम्बन्धमा सावधानी अपनाउनुमै आफ्नो कल्याण छ। यात्रा गर्दा चिसोबाट जोगिने प्रयत्न गर्नुहोला।

## कन्या

कर्मचारीवर्गले कार्य सम्पादन गर्दा विशेष होसियारी अपनाउनु उचित हुन्छ। भोजभतेरमा समय खर्च गरिनेछ। परिवारका ज्येष्ठ सदस्यको भूमिकामा विशेष लगानीको वातावरण बन्दैछ। झिना-मसिना कुरामा नलागी एकचित भै लक्ष्यतर्फ लम्कन सकिनेछ।

## तुला

कतिपय अधुरा चाहना पूरा गर्ने समय आएको छ। आर्थिक क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। रोकिएका कार्यको गाँठो फुक्ने सम्भावना छ। कुनै कार्य सम्पन्न गर्दा ढिलाइ नगर्नुहोला। साताको अन्त्यमा प्रेमी-प्रेमिकाले नयाँ प्रस्ताव राख्ने सम्भावना छ। सवारी साधन चलाउँदा संयम अपनाउनुपर्नेछ।

## वृश्चिक

नयाँ मित्रसँग मनोरञ्जक स्थलको भ्रमण गर्ने अवसर जुट्न सक्छ। आवेशमा गरिएको कामले उल्टो परिणाम दिनेछ। सभा-सम्मेलन, तालिम आदिमा सहभागी हुने अवसर प्राप्त हुनेछ। विपरीत लिंगी साथी तपाईंप्रति आकर्षित भएको अवस्थाले उमंग सिर्जना गर्न सक्छ। पश्चिमतर्फको यात्रा लाभदायक हुनेछ।

## धनु

कार्यस्वरूप एवं परिस्थितिअनुरूप कम बोल्नुमै कल्याण छ। आफ्नो बहुमूल्य सरसामानप्रति विशेष निगरानी राख्नुहोला। जटिल सामाजिक कार्य सम्पन्न गर्न तन, मन, धन खर्च गरी सहयोग गर्नुपर्नेछ। सवारी साधन चलाउँदा संयम अपनाउनुहोला।

## मकर

सहयोगीले दिएको सुझावको उपेक्षा नगर्नुहोला। विलासिताका सामग्रीको खरिदमा पारिवारिक मत मिल्नेछ। छात्रवृत्ति तथा प्रतिस्पर्धाबाट प्राप्त उपलब्धिले विदेशको यात्रा तय गर्ने सम्भावना टरेको छैन। भोजभतेरमा संयमपूर्वक मनोरञ्जन गर्नुपर्नेछ। सप्ताहन्तमा रोजगारीको अवसर जुट्न सक्छ।

## कुम्भ

आफन्त तथा अभिभावकको सुझावले व्यवहारिक बन्न प्रेरणा दिनेछ। नयाँ क्षेत्रमा लगानी गरे फाइदा नै होला। अरूलाई छिटो विश्वास गर्ने बानीले पछि परिनेछ। सभा, सम्मेलन तथा तालिममा सहभागी हुने वातावरण सिर्जना हुन सक्छ, जसमा आफ्नो प्रतिभाले उच्च कदर प्राप्त गर्नेछ।

## मीन

पुरुषार्थले अप्ठ्यारा समस्या सुल्झाउँदै धन एवं प्रतिष्ठा दिलाउन सक्छ। प्रतिकुल परिस्थितिमा शुभचिन्तकहरू कमै हुनेछन् भने फाइदा उठाउनेहरू प्रशस्त फेला पर्नेछन्। तत्काललाई समस्या देखिए पनि सोमबारपछि प्रगतिको मार्ग पहिल्याउन सकिनेछ। काम देखाएर धेरैको प्रशंसा बटुल्न सकिनेछ।

**अब हाम्रो पालो**

# वाइडबडी प्रकरणको छानबिन कति निष्पक्ष होला ?

कारबाही हुनेत कुरै छैन बरु यो विषयमा समचार नलेख्न भन्दै ठूलै प्रस्ताव आउला है पत्रकारज्यू।

**विमल वराल**

निष्पक्ष छानबिन होला भन्न गाह्रो छ। सरकारका गतिविधि हेर्दा आफ्ना मान्छे, पैसा र पावर वालाहरूविरुद्ध कारबाही होला भन्ने लाग्दैन।

**सन्तोष**



राजाको हत्यारा त पत्ता लगाएर नाम उल्लेख गर्न नसक्ने देशमा, वाइडबडी प्रकरणको छानबिन निष्पक्ष होला भन्नु र आकाशको तारा ल्याएर प्रेमीकालाई दिन्छु भन्नु उस्तै-उस्तै हो।

**मनिस श्रेष्ठ**

निर्मला बलात्कार एवं हत्या काण्ड, ३३ केजी सुन काण्ड, वाइडबडी खरिदजस्ता काण्ड छानबिन तथा कामकारबाही ले प्रष्ट पार्छ नेपालको कानुन दैब ले जानुन अब यसको न्याय पनि दैवलाई नै थाहा होला।

**राम बस्नेत**

लाउडा विमान जतिको निष्पक्ष होला नि !

**सुदर्शन न्यौपाने**

छानबिन प्रक्रिया फितलो बनाउने शतप्रतिशत प्रयास हुनेछ।

**राजेश परीयार**

लाउडा खाने देशमा वाइडबडी कुन ठूलो कुरा हो र ? बरु अब ल्याइसकेको विमान चलाउन तिर ध्यान दिनु जरुरी छ।

**सुरज शिवाकोटी**

एकदमै निष्पक्ष हुन्छ, कसैलाई पनि करबाही हुँदैन। ढुक्क भए हुन्छ।

**विजय तिमिल्सिना**

हुँदैहुँदैन। सरकार मात्र होइन प्रतिपक्षी कांग्रेसका नेताहरू पनि मुछिने भएका कारणले अन्तिममा मिलेमतो हुन्छ। सरकारले गठन गरेको समिति ढाकछोप समिति हो, छानबिन समिति होइन।

**दल आले मगर**

सुन काण्ड र निर्मला काण्ड जस्तै निष्पक्ष छानबिन हुन्छ।

**एम पोखेल**

यदि निष्पक्ष छानबिन गर्नेहो भने विषय विज्ञता भएको समिति बनाएर छानविन गर्न जरुरी छ।

१.एयरक्राफ्ट सम्बन्धी विज्ञता भएको,

२.चार्टट एकाउन्टेट,

३.सामान खरिदसम्बन्धी विज्ञ,

४.न्यायाधीश

५. लेखासमितिका एक जना सांसद (जो सत्तामा छैनन्)।

**अर्जुन आले**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।

१. तपाईंले आफ्नो प्रेमी प्रेमीसँग भन्न नसकिएको कुरा के हो ?

अब यो बाइडबडीका कारण विमान नै बेपत्ता होला जस्तो छ।

**रामचन्द्र चाम्लिङ**

केही दिनको रमझम हो। घोटाला गर्नेले अलिकति चुहाइ दिन्छ, चुहिएको हात चाट्दा-चाट्दै यो इशु त्यसै हराउँछ।

**राम राना**

अपुरो प्रतिवेदन प्रस्तुत गर्ने उपसमितिलाई चाहिँ कारबाही हुन्छ कि हुन्न होला।

**राज श्रेष्ठ**

छानबिन समितिको छानबिन गर्न बनेको छानबिन समितिले ल्याएको प्रतिवेदन छानबिन गर्न अर्को छानबिन समिती बनाउने देश हो यो। बुझ्नुभयो ? यही समाचार २ महिनादेखि नबुझेर दोहोऱ्याइ, तेहेऱ्याइ हेर्दा त मैले बुझ्नसक्या छुइन।

**लोकसेवा वाली**

'मै राजा मै मन्त्री' सर्वेसर्वा नै उनीहरू छन, उतिबेलाका शासकहरूलाई समान्ति देख्नेहरू अहिले सत्तामा पुग्दा आफैं सामन्तवादका मतियार भएका छन्, गरिखान देऊ न उनीहरूलाई, निष्पक्ष त आशा मात्र ?

**तेज ठकुरी**

यो कलियुग हो, यहाँ जो बिक्छ त्यही टिक्छ।

**भुवन त्रिपाठी**

यो देशमा उच्च पदस्थ व्यक्तिहरू कहिले पो दोषी ठहर भएका थिए र ? मलाई लाग्छ यो विषय पनि त्यसै हराउँछ।

**हीरासिहं राना**

न्याय हराउँदै गएको मेरो देशमा नियमन, निरीक्षण, अनुगमन, मूल्यांकन, पारदर्शिता एवं नागरिक सर्वोच्चता केवल कानुनका पानाहरू सजाउनका लागि मात्र हो।

**सरोज भूजेल**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,**
ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म २० वर्षीया युवती हुँ । अहिलेसम्म पनि मेरो स्तनको विकास भएको छैन । मैले एकपटक चिकित्सकलाई देखाउँदा पहिला महिनावारी हुनुपर्ने बताइएपछि मैले ओभरल भन्ने औषधी खाएँ । त्यसपछि महिनावारी त भयो, तर त्यो औषधी छोडेपछि महिनावारी पुनः बन्द भयो । जब त्यो औषधी लिन्छु तब मात्र महिनावारी हुन्छ । मलाई आफ्नो स्तन देखेर धेरै चिन्ता लाग्छ । अरूले पनि नराम्रो नजरले हेर्छन्, जसका कारणले मैले एकपटक आत्महत्या गर्ने प्रयास समेत गरेँ । म जसरी भए पनि यो समस्याबाट मुक्त हुन चाहन्छु । के गर्ने होला ? ब्रेस्ट सर्जरी गर्न कति खर्च लाग्छ ?

६५९८



### स्तनको विकास

स्तनको वृद्धि धेरैजसोमा ११ वर्षको उमेरमा सुरु भएर १५ वर्षमा पूरा हुन्छ । सामान्यतः दुई-तीन वर्ष चाँडो-ढिलो हुन सक्छ । स्तनको विकासको कुरा गर्दा आकृति (shape) आयतन (size) लाई नै Tanner Stage भनिने पाँच चरणमा बाँडिएको छ ।

**पहिलो चरण** : यो किशोरावस्था भन्दा पहिलेको अवस्था हो । यो अवस्थामा स्तनको मुन्टो मात्र उठेको हुन्छ ।


**दोस्रो चरण** : Bud जस्तो देखा पर्छ, यो चरणमा स्तन र मुन्टो अलिकति माथि उठेको हुन्छ । Areola (मुन्टोको वरिपरिको कालो रंगको छाला भएको क्षेत्र) अलि ठूलो भएर आउँछ ।

**तेस्रो चरण** : स्तन अझ बढ्ने र ग्रन्थिय तन्तु (glandular tissue) बन्ने क्रम जारी रहन्छ ।

**चौथो चरण** : Areola र मुन्टो अझै उठ्ने, स्तनको सबै भागमा अझ वृद्धि हुन्छ ।

**पाँचौं चरण** : स्तन वयस्कको जस्तै विकसित हुने, स्तनले गोलाकार आकृति लिने, Areola स्तनको अन्य भागको सतह समान हुने र मुन्टो मात्र उठेको स्थितिमा हुने ।

पूर्ण विकसित स्तनको आकार र साइजमा धेरै भिन्नता पाइन्छ । गर्भवती र स्तनपान गराइरहेको अवस्थामा स्तन केही ठूलो हुन्छ । व्यक्तिको वजन बढी भए यसको आकार पनि ठूलो हुन्छ । किशोरावस्थामा स्तनको तीव्र वृद्धि हुनुको मुख्य कारणचाहिं स्तनमा बोसो जम्मा हुनु हो र स्तनको आकार (आयतन) निर्धारण गर्ने मुख्य कुराचाहिँ हार्मोन हो, त्यसैले यसको आयतनलाई सजिलै परिवर्तन गर्न सकिँदैन । माथिका चरणहरूले स्तनको विकासलाई देखाउँछ नकि यसको वास्तविक आकृति वा आयतनलाई ।



### स्तनको आकार र आयतनको महत्व

तपाईंले भन्नु भएजस्तै यसको आफ्नै प्रकारको महत्व छ । स्तनले महिलालाई यौन आकर्षक बनाउँछ र स्तनको स्पर्श महिला तथा पुरुष दुवैलाई यौन आनन्दको स्रोत हुन सक्छ । स्तनको आकृति तथा आयतनले महिलाको मानसिकतामा महत्वपूर्ण प्रभाव पार्छ । कतिले यसलाई आत्मसम्मानको कुरा मान्छन् । महिलाहरूमा स्वास्थ्य भन्दा सुन्दरताका कारणले बढी चिन्ता गरिने पाइएको छ । तपाईंको चिन्ताको मूल जरो पनि यही हो ।

अचेल शरीरलाई अति नै दुब्लो तर स्तनचाहिँ ठूला हुनुपर्ने फेसन छ, जुन त्यति सजिलो छैन । फेरि चित्रहरूमा जुन चलाखीले स्तनलाई आकर्षक दे खाइएको हुन्छ त्यसो गर्न त्यति सजिलो पनि छैन, कतिपय स्थितिमा हामी दिग्भ्रमित हुन पुग्छौं । आमसञ्चारमा चित्रित गरिने व्यक्तित्वहरू आमव्यक्तिभन्दा फरक हुन्छन् भन्ने कुरा हामीले बुझ्नुपर्छ । हामी सबैको शरीर तथा आनीबानी आमसञ्चारमा देखाइएका पात्र जस्तै हुनुपर्छ भन्ने छैन । स्तन सानो हुँदैमा यौन क्रियाका लागि आवश्यक संवेदनशीलता नरहने वा शिशुलाई स्तनपान गराउन असक्षम हुने होइन । केही पुरुष ठूला स्तनप्रति आकर्षित हुने भए पनि वास्तविक यौन क्रियाका बेला स्तनको आयतनलाई नै सुखमय यौन जीवनका लागि मुद्दा बनाउँदैनन् । त्यसैले साना स्तन हुनेहरूको वैवाहिक जीवन पनि सहज र रमाइलो भएका थुप्रै उदाहरण छन् । त्यसैले यस विषयमा अनावश्यक चिन्ता गर्नु र आत्महत्याको प्रयास त के सोच आउनसम्म दिनु बुद्धिमानी होइन, तर तपाईंले यसलाई निको पार्ने सोच राख्नुभएको कुराले भने म उत्साहित छु ।

### स्तनको विकास नहुने कारण र महिनावारी नियमित नहुनुको संकेत

हामीलाई थाहै छ, किशोरावस्थामा विभिन्न शारीरिक परिवर्तनहरू हुन्छन् । तपाईंले स्तन तथा महिनावारीको बाहेक सहायक यौन चिन्हहरूका बारेमा भने केही लेख्नुभएको छैन । १४ वर्षको उमेरसम्म पनि स्तनको विकास नहुनु वा यौनकेश (यौनाङ्ग वरिपरि रौं) नआउनु वा १६ वर्ष सम्म महिनावारीको सुरुवात नहुनु, स्तनको विकास हुन थालेको ५ वर्ष पछिसम्म पनि महिनावारी नहुनुले तपाईंको यौवनावस्थामा प्रवेश हुने कुरामा ढिलाइ भएको संकेत गर्छ । यसरी यौवनावस्था सुरु हुने कुरामा ढिलाइ हुनुका अनेक कारण हुन सक्छन् । कुनै दीर्घरोग, कुपोषण वा वंशाणुमा भएका खराबी अनि हार्मोन (पिट्युटरी वा थाइराइड) मा भएका खराबी त्यसका कारण हुन सक्छन् । तपाईंले यस विषयमा केही पनि जानकारी दिनुभएको छैन, त्यसमा पनि चिकित्सकले तपाईंको समस्याका बारेमा के भन्नुभयो, जानकारी दिनुभएको छैन । तपाईंका आमा वा दिदी-बहिनीमा पनि यस्तो समस्या भए/नभएको कुरा पनि पत्रमा केही उल्लेख छैन ।

### समाधान के होला त ?

यदि यौनावस्थाको सुरुवातमा ढिलाइ भएको हो भने त्यसको कारण अनुसार उपचार गर्नुपर्ने हुन्छ । यस्तो समस्याका लागि चिकित्सक त्यसमा पनि हार्मोनसम्बन्धी विशेषज्ञ (Endocrinnologist) सँग सम्पर्क राख्नु उपयुक्त हुन्छ । कतिपय समाजमा ठूला आकारका स्तनलाई आकर्षक मानिने भएकाले विकसित मुलुकहरूमा शल्यक्रिया (mammoplasty) गरेर स्तनको साइज बढाउने चलन नै चलेको छ । यो निकै खर्चिलो भएको र शल्यक्रिया तथा यसमा प्रयोग गरिने वस्तुहरूको आफ्नै कतिपय नकारात्मक असर पर्न थालेको देखिएको हुनाले त्यसका वैकल्पिक उपायहरूको अवलम्बनका बारेमा पनि निकै प्रचार गर्न थालिएको छ ।

तपाईंलाई थाहै छ कि भाग्यवश स्तन खुला राख्नु नपर्ने अङ्ग हो । यसको उभारलाई शल्यक्रिया नै नगरी बढी भएजस्तो देखाउन सकिन्छ । थुनचोली (ब्रा) भित्र कपडा, कपास वा यस्तै कुनै वस्तुको प्रयोग गर्नुबाहेक स्तनलाई माथितिर उचाल्न प्रयोग गरिने साधनहरूले स्तनको वास्तविक साइजमा परिवर्तन नगरे पनि देख्दा स्तन ठूलो भएको भान पर्न जान्छ र सुन्दरतामा वृद्धि हुन्छ । यसै किसिमले स्तनलाई पूरै ढाक्ने साधन पनि प्रयोग गर्न सकिन्छ, जसको मद्दतले स्तन केही ठूलो भएको भान पार्न सकिन्छ । यसैगरी वक्षस्थलमा उभार ल्याउन बाक्लो तरल सिलिकोन भएका साधनहरू पनि पाइन्छन् । ब्राभित्र लगाउन मिल्ने यस्ता साधन प्रयोग गर्दा लुगाबाहिरबाट स्पर्श गर्दासमेत सजिलै वास्तविक स्तन हो वा होइन भन्न सकिँदैन । यी साधनको प्रयोगले स्तनको आकारलाई यस्तै १ वा २ साइज बढी देखाउन सकिने भएकाले ब्रा पनि त्यही आकारको लगाउनुपर्ने हुन्छ ।

## सूचना

तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## महिला स्वास्थ्य



म ३० वर्षीया गृहिणी हुँ । मेरा दुई सन्तान छन् । मेरो महिनावारी नियमित छ, तर विगत पाँच महिनादेखि महिनावारीको समयमा बढी रक्तश्राव हुन्छ । महिनावारीमा दैनिक ५-६ वटा प्याड फेर्नुपर्छ । रगत पनि ६-७ दिनसम्म जान्छ । मैले के गर्ने होला ?

जे.



डा.बालकृष्ण शाह
स्त्री तथा प्रसूति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

महिना-महिना दिनको अन्तरमा हुने रक्तश्राव नै महिनावारी हो र सामान्यतः यो २१ देखि ३५ दिनको अन्तरमा ३ देखि ५ दिन वा ७ दिनसम्मको हुन्छ । पहिलो दिन कम रगत गए पनि दोस्रो-तेस्रो दिन ८० मिलिग्रामसम्म रगत जान सक्छ, अर्थात् दैनिक ३-४ वटा प्याड फेर्नुपर्ने हुन सक्छ । यद्यपि त्यो अवधिभन्दा बढी दिन वा ८० मिलिग्रामभन्दा बढी रगत गए वा दुवै भएको अवस्थालाई मेनोरेजिया भनिन्छ । यो अवस्थामा शरीरको रगत धेरै जाने भएकाले उपचार आवश्यक हुन्छ । मेनोरेजियाका अनेकौं कारण भएकाले पत्ता लगाउन आवश्यक परीक्षणहरू गराउनुपर्ने हुनसक्छ । हार्मोनको असन्तुलन, पाठेघरको ऐंजेरु (फाइब्राइड), पाठेघरको भित्री तहको खराबी त्यसका लागि जिम्मेवार हुन सक्छन्, धेरैजसो अवस्थामा औषधीको सेवनबाटै यस्तो समस्या निवारण गर्न सकिन्छ । कुनै-कुनै अवस्थामा वा औषधिले सम्भव नभएको खण्डमा पाठेघरको शल्यक्रियासमेत गर्नुपर्ने हुनसक्छ । यस्तो अवस्थामा झोल तथा पोषिलो खानेकुरा बढी सेवन गर्नुपर्छ । प्रसस्त आइरनयुक्त खानेकुरा तथा फलफूल खानुका साथै जतिसक्दो चाँडो परीक्षण गराउनु होला ।




*जब मलाई विश्वविजेता घोषित गरियो । अगाडि हेरें, त्यहाँ कोही पनि नेपाली देखिनँ । लगत्तै हाम्रो राष्ट्रिय गीत बज्न थाल्यो । श्याम श्रेष्ठले नेपाली झन्डा ओढाइदिए । रिप्ले भएझैं एकाएक पुराना कुरा आँखामा सलबलाउन थाले । आमा, सहयोगी एवं प्रशंसकहरुलाई सम्झिएँ । मिस्टर वर्ल्डमा सहभागी हुनुअघि फेसबुकमा गरेको पोस्टमा आएका हजारौं लाइक, कमेन्ट र विशहरु सम्झिएँ । आँखा टिलपिलाएर आँसु छचल्कियो ।*



तस्बिर : नवराज बाग्ले




# विश्वविजेता महेश्वर

जनक तिमिल्सिना

'मिस्टर वर्ल्ड बडी बिल्डर' अर्थात् विश्वविजेता महेश्वर महर्जन विश्वस्तरीय प्रतियोगितामा आफूले स्वर्ण पदक जितेको सुन्दर क्षणको बयान शब्दमा गरिरहेका थिए । कुनै पनि नेपालीले विश्व खेलकुदमा स्वर्ण पदक जित्नु सपना हो, त्यही सपना पूरा गर्ने सौभाग्यशाली भए उनी । २०७५ मंसिर २९ गतेको त्यो ऐतिहासिक क्षण । थाइल्यान्डको च्याङमाई सिटीमा भएको १० औं विश्व शारीरिक सुगठन तथा फिजिकल स्पोर्टस च्याम्पियनसिपमा च्याम्पियन घोषित भएसँगै ३५ वर्षीय महेश्वर महर्जन विश्वमञ्चमा नयाँ सम्भावनाका रूपमा उदाएका छन् ।

संसारभरका ५५ किलोदेखि १ सय किलोसम्म विभिन्न तौल समूहका विजेता खेलाडीहरूबीच प्रतिस्पर्धा गराएर त्यसको विजेतालाई 'मिस्टर वर्ल्ड बडी बिल्डर' घोषित गरिन्छ । ४८ देश सहभागी उक्त प्रतियोगितामा महेश्वरले सबैलाई पछार्दै विश्व बडी बिल्डिङको मञ्चमा नेपाली झन्डा फहराएका हुन् । उक्त प्रतिस्पर्धामा भारत दोस्रो तथा सिंगापुर तेस्रो भएका थिए । विश्वविजेता भएसँगै महेश्वर निरन्तर सञ्चारमाध्यम एवं सार्वजनिक समारोहहरूमा व्यस्त छन् । सामाजिक सञ्जाल एवं फोनमा उनलाई बधाई दिनेहरूको ओइरो लागेको छ । त्यही व्यस्तताका बीच महेश्वर महर्जनले आइतबार विहान साप्ताहिकसँग झन्डै एक घण्टा गफिए ।

लामो संघर्ष र प्रतीक्षापछि प्राप्त ऐतिहासिक सफलताले उनलाई कस्तो अनुभव गराइरहेको छ ? '३ करोड नेपालीका लागि स्वर्ण पदक ल्याउन सफल भए,' उनको अनुहार गौरवले फुल्यो, 'यो नेपालको ऐतिहासिक सफलता हो । रमाइलो लागिरहेको छ ।' महर्जन सम्भवतः यो स्तरको स्वर्ण पदक जित्ने पहिलो नेपाली खेलाडी हुन् ।

## खेलकुदका सौखिन

२०४० सालमा काठमाडौंको ढोकाटोलमा मध्यवर्गीय परिवारमा जन्मिएका हुन्– महेश्वर महर्जन । बुवा नेपाल बैंकका जागिरे थिए । उनले स्थानीय गौरीशंकर माध्यमिक विद्यालयबाट प्रारम्भिक शिक्षा पूरा गरे । खेलकुदप्रतिको अभिरुचिकै कारण उनी विद्यालयले आयोजना गर्ने सबैजसो खेल गतिविधिमा संलग्न हुन्थे । बास्केटबल, टेबलटेनिस, ब्याडमिन्टन, भलिबलदेखि जम्प, कंगारु रेससम्म भाग लिएकै हुन्थे । 'खेलकुद भन्नेबित्तिकै मेरो ध्यान तानिन्थ्यो, म लगभग सबै खेलमा सहभागी हुन्थे,' उनले स्कुले दिन सम्झिए, तर बाल्यकालमा उनको सपना होटल क्षेत्रमा काम गर्ने थियो ।

होमल्यान्ड सेकेन्डरी स्कुलबाट २०५८ सालमा फस्ट डिभिजनमा एसएलसी उत्तीर्ण गरेका महेश्वरले पिपुल्स क्याम्पसबाट २०६० सालमा आईकम उत्तीर्ण गरे । त्यसपछि उनी मलेसियामा साढे दुई वर्षको होटल म्यानेजमेन्ट कोर्स गर्न चाहन्थे, तर झन्डै ५ लाख रुपैयाँ तिर्नुपर्ने उक्त कोर्सका लागि पैसा जुटाउन सकेनन् । त्यसपछि उनले शंकरदेव क्याम्पसबाट व्यवस्थापनमा स्नातक गरे ।

त्यसअघि स्कुल जीवनका अन्तिम दिनहरू मै उनको बाटो अलि फरक भैसकेको थियो । कुरा सन् १९९७ हो, जतिबेला उनी मात्र १५ वर्षका थिए । महर्जन पहिलो पटक जिम जान थाले । फिटनेसतर्फ आकर्षित हुनुको कारण थियो– बुवा, दाजु तथा साथीहरूले जिममा गएर बनाएको शरीर । 'जिम गरेपछि शरीर स्मार्ट, राम्रो र फिट देखिने,' उनले कारण सुनाए, 'टोलका दाइहरूले ठूलाठूला आर्म्स बनाएका थिए, म त्यही देखेर फिटनेसप्रति आकर्षित भए ।'

## राष्ट्रिय प्रतियोगितामा नजर

महेश्वर सन् १९९९ मा युनिभर्सल जिममा प्रवेश गरे । त्यहाँ उनले १९९९ देखि २००३ सम्म जिम गरे । 'सुरुमा म शरीर मेन्टेन गर्न र फिट रहन मात्रै जिम गएको थिए,' महर्जन भन्छन्, 'जब एक्ससाइज गर्दै गए, मेरो शरीर परिवर्तन हुँदै गयो ।'

सन् २००५ मा पहिलो पटक उनको जीवनमा युटर्न आयो । युट्र्न मेकर थिए– युनिभर्सल जिमका गुरु मोहनमान जोशी । उनले नै महेश्वरको शारीरिक बनावट देखेर सन् २००५ को राष्ट्रिय बडी बिल्डर प्रतियोगिता धर्मश्रीमा भाग लिन उक्साए । महेश्वर पनि त्यसका लागि तयार भए । उनले ७० किलो वर्गमा प्रतिस्पर्धा गरे । महर्जन सहभागी १७ जनामध्ये पाँचौं भए । 'पहिलो प्रयासमै १७ जनामध्ये पाँचौंमा पर्न सफल भएपछि म अत्यन्तै उत्साहित भए,' उनले भने, 'केही नभए पनि १२-१३ जनालाई त पछारे भन्ने अनुभूति भयो ।'

त्यसपछि उनको बडी बिल्डिङ प्रतियोगिताको उडान अघि बढ्दै गयो । सन् २००६ मा मिस्टर हिमालयमा दोस्रो भएँ । खर्चको जोहो गर्न केही समय वैदेशिक रोजगारीमा गएपछि उनको बडी बिल्डिङ यात्रामा ब्रेक लाग्यो । यद्यपि विदेशमा पनि उनले जिम र बडी बिल्डिङलाई छोडेनन् । सन् २०१२ मा उनी पुनः बडी बिल्डिङको मञ्चमा देखिए । राष्ट्रियस्तरको १२ औं धर्मश्रीमा ७५ किलो वर्गमा उनले स्वर्ण पदक जिते । त्यसपछि पुनः वैदेशिक रोजगारीका सिलसिलामा दुबई पुगे ।









## यु-टर्न

दुबईको जागिर सकेर सन् २०१४ को मध्यतिर उनी नेपाल फर्किए। सन् २०१४ मा नेशनल वर्ल्डवाइड बडी बिल्डिङ च्याम्पिनसीय (१३ औं धर्मश्री) मा स्वर्ण पदक जिते। राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शनकै कारण उनलाई नेपाल बडी बिल्डिङ एसोसिएसनका राजेशबाबु श्रेष्ठ, दिनेश राजभण्डारी, राजन श्रेष्ठ आदिले अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन प्रोत्साहित गरे। उनी पहिलो पटक भियतनाममा भएको ४७ औं एसियन बडी बिल्डिङ च्याम्पियनसिपमा सहभागी भए। त्यहाँ उनलाई सबै कुरा फरक लाग्यो। 'उनीहरू र हामीबीच आकाश-पातालको फरक,' महर्जन पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिताको अनुभव सुनाउँछन्, 'हाम्रो फिनिसिङ नै नआउने, उनीहरूको फ्याट बर्न भएर पूरा मसलसहरू देखिने तर हाम्रो वाटर बडी देखिने।' त्यति बेला उनलाई लाग्यो– बडी बिल्डिङ भनेको नेपालीहरूका लागि रहेनछ।

केही गर्न नसकिने रहेछ भन्ने विचार बोकेर उनी स्वदेश फर्किए। यद्यपि उनका शुभेच्छुकहरूले प्रेरित गर्न छाडेनन्। भन्थे, तिम्रो जिउको फर्म राम्रो छ, प्रयास गर्न नछाड, तिमी अवश्य सफल हुन्छौ। त्यही प्रेरणाकै कारण उनी बडी बिल्डिङमा निरन्तर सक्रिय रहे। सन् २०१४ मा भारतको मुम्बईमा भएको छैटौं मिस्टर वर्ल्ड बडी बिल्डिङ च्याम्पियनसिपमा उनी ७० किलो तौल वर्गमा सातौं स्थानमा रहे भने सन् २०१५मा बैंककमा भएको सातौं मिस्टर वर्ल्ड बडी बिल्डिङ च्याम्पियनसिपमा ७० किलो तौल वर्गमा चौथो स्थानमा उक्लिए।

सन् २०१६ मा पाकिस्तानको लाहोरमा आयोजित साउथ एसियन बडि बिल्डिङ च्याम्पियनसिपमा उनले ७० किलो वर्गमा कांस्य पदक जिते। उनको खेल जीवनमा युटर्न ल्याउने काम भने सन् २०१६ को ५० औं साउथ एसियन बडी बिल्डिङ च्याम्पियनसिपमा भयो। महर्जनले ७५ किलो तौल वर्गमा स्वर्ण पदक जिते। त्यो उनको पहिलो ठूलो अन्तर्राष्ट्रिय सफलता थियो। प्राप्त नयाँ नतिजाहरूले उनमा आत्मविश्वास भर्दै गयो। 'बडि बिल्डिङ नेपालीहरूका लागि होइन भन्ने सोच भएको मान्छे, प्राप्त सफलताहरू पछि माइण्ड मेकअप गर्दै गएँ,' उनले भने।

महर्जन तालिम एवं राष्ट्रिय प्रतियोगिताहरूमा निरन्तर क्रियाशील रहे। राष्ट्रिय प्रतिस्पर्धाहरूमा महेश्वरले आफ्नो तौल वर्गमा स्वर्ण पदक जिते पनि समग्रमा स्वर्ण पदक जित्न सफल हुन सकिरहेका थिएनन्। यसमा उनी स्वयंलाई अलि चित्त बुझेको थिए, तर जजहरूको निर्णयलाई उनले शीरोधार्य गरे। राष्ट्रिय मन्चहरूमा जित हात पार्न नसकेर निराशा छाइरहेको थियो। कतिपयले महेश्वरले टाइटल जित्न सक्दैन, उसका दिन सकिए पनि भने तर, धेरै प्रशंसकले अनेकन् प्रेरणादायी सुझाव दिइरहे। कतिपयले भने, 'तिमीले अब अन्तर्राष्ट्रिय प्रतिस्पर्धाहरूमा पदक जितेर देखाउनुपर्छ।' यी सकारात्मक-नकारात्मक प्रतिक्रियाहरूलाई उनले आफ्नो उर्जा बनाए।

## खाडीदेखि कल सेन्टरसम्म

जिम जान थालेसँगै उनले पकेटमनीका लागि काम पनि सुरु गरे। सुरुका दुई वर्ष जति प्रिन्टिङ लाइनमा काम गरे। त्यसपछि कार्गो एन्ड कुरियर्समा काम गरे। सन् २००९ मा खर्च जुटाउन साउदी अरेबिया गए। त्यहाँ उनले एक हजार रियालमा फिटनेस सेन्टरमा काम गरे। 'त्यो बेला मासिक २२/२३ हजार हुन्थ्यो,' उनले वैदेशिक रोजगारीको अनुभव साटे, 'म्यानेजमेन्टमा इजिप्सियन, कामदारमा बंगलादेशीहरू थिए भने ट्रेनरमा प्रायः नेपालीहरू थिए। मअघि पाँच जना नेपाली थिए, म गरेर ६ जना भयौं। त्यहाँ हामी सिफ्टमा काम गर्थ्यौं।'

मैले झन्डै डेढ वर्ष त्यहाँ बिताउदा नयाँ अनुभव मात्र हासिल गरिन्, तालिमसमेत लिए। साउदी अरेबियामा डेढ वर्ष बिताएपछि सन् २०११ मा उनी नेपाल फर्किए। नेपाल फर्किसकेपछि एक वर्ष त्यतिबेलाको स्पाइस नेपालको कल सेन्टरमा काम गरे। सन् २०१२ मा रामादा होटल एन्ड स्विटमा काम गर्न दुबई गएँ। पुराना मानिसहरूको तलब नबढाउने नयाँ मानिसहरूको तलब बढाउने किसिमको नीति भएपछि उनलाई चित्त बुझेन। म्यानेजमेन्टसँग गुनासो गरे। उनको तलब १ हजार २ सयबाट बढाएर १ हजार ५ सय दिराम बनाइयो, तर अरूको २ हजार ५ सयदेखि ६ हजार दिरामसम्म थियो। त्यसैले उनी राजीनामा गरेर सन् २०१२ मा नेपाल फर्किए।

सन् २०१२ मा त्यहाँको म्यानेजमेन्ट परिवर्तन भएछ, नयाँ म्यानेजरले पहिलेका सबै म्यानपावरको प्रोफाइल हेरेको हुनुपर्छ, इमेलमार्फत मसँग सम्पर्क गरेर मलाई २ हजार दिराम तलब दिने खबर पठाए। त्यसपछि मैले त्यहाँ दुई वर्ष काम गरे। सन् २०१४ को मध्यमा नेपाल फर्किएपछि उनी पुनः बडि बिल्डिङमा सक्रिय भए। अहिले उनी नेपालमै साथीहरूसँग मिलेर दुई वटा फिटनेट सेन्टर चलाइरहेका छन्।

## एक दिनमै ३० अन्डा

विश्वविजेता महेश्वर फुर्सदमा अंग्रेजी एक्सन चलचित्र हेर्छन्। अलि बढी समय भयो भने भ्रमणमा निस्कन्छन्। उनी हेटौंडा, वीरगन्ज, चितवन, पोखरा आदि ठाउँ पुगिरहन्छन्। महेश्वर केही हिन्दी तथा प्रायःजसो बडी बिल्डिङका मोटिभेसन सङ सुन्छन्। महर्जन भन्छन्- यस्ता गीतले इन्टरनल इनर्जी बुस्ट गर्ने काम गर्छन्।

महेश्वरलाई मन नपर्ने खानेकुरा केही छैनन्। तै पनि, उनलाई सबैभन्दा मनपर्ने दालभात नै हो। गुलियो मन नपराउने महर्जन स्टीम गरिएको तीते करेला रुचिपूर्वक खान्छन्। 'सबैभन्दा बढी खाने त दालभात नै हो,' उनी भन्छन्, 'कहिलेकाहीं दिनमै तीन पटकसम्म दाल-भात खाइरहेको हुन्छु।'

बडी बिल्डिङको उनको छुट्टै फर्मूला छ। वर्कआउटका दौरान कार्डियो गर्छन्। त्यसपछि वेट टेनिङ गर्छन्। त्यसपछि उनी डाइटमा अन्डा, कुखुराको मासु आदि खान्छन्। एकछिन आराम गरेपछि फिजिकल ट्रेनिङ गर्छन्। साढे दुईदेखि तीन घण्टामा उनको विहानको वर्कआउट सकिन्छ। उनी हरेक साँझ वेट ट्रेनिङ गर्छन्। त्यसपछि जिउलाई फर्ममा ल्याउन १०-१५ मिनेट साउना र स्टिम गर्छन्। त्यसले जीउ राम्रो बनाउनुका साथै अनावश्यक पानी बहिर फाल्छ। कट डाउनमा ४ देखि ६ महिनामा ४ महिनासम्म हप्ताको एकदिन मात्र साउना स्टिम गर्छन्, डाइट पनि त्यही अनुसार मिलाउँछन्। अन्तिमतिर हप्ताको तीन चार दिन साउना बस्छन्।

डाइटमा हरेक दुई घण्टामा उनको एउटा खाना हुन्छ। बिहान ६ बजे उठ् नेबित्तिकै ब्रेकफास्ट लिन्छन्। ब्रेकफास्ट वेटअनुसार फरक पर्छ। ७५ किलोको वेटअनुसार उनको ब्रेकफास्टमा पोर्क मिल थ्री स्पुन, विन्स (चना, केराउ आदि) एक गिलास, वोयल अण्डा सामान्यतया ४ देखि ५ वटा, माछा अथवा कुखुराको मासु र ब्ल्याक कफी हुन्छ। कार्डियो, हिप र एप्सको वर्कओभर सकिएपछि उनी जिममै त्यही खानेकुरा दोहोऱ्याएर खान्छन्। त्यसपछि लन्चमा उनी ब्राउन राइस, कुखुराको मासु तथा चम्सुर-पालुङ्गो खान्छन्। उनको चौथो खानाका रूपमा केरालगायतका फलफूल हुन्छन्। त्यसबाट पनि इनर्जी आएन भने उनी कफी पिउँछन्। त्यसपछि दुई तीन घण्टा आराम गर्छन्। दिउँसो तीन चार बजेतिर फोर्थ मिल लिन्छन्, जसमा बिहानैको मेनु हुन्छ, प्रोटिनबार आदि खानेकुरा थपिन्छन्। त्यसपछि वेट ट्रेनिङ गर्छन्। आफट्र वर्कआउट फिफ्थ मिलका रुपमा उनी सामान्य खानेकुरा, सलाद र कफी खान्छन्। राति डिनरमा ब्राउन राइस, रोटी र ढिडोमध्ये एक तथा त्यसमा भेजिटेबल सलाद वा फ्रुट सलाद, कुखुराको मासु आदि खान्छन्।

मानसिक रूपमा फिट हुनुका पछाडि उनको खेलप्रतिको अभिरुचि, सपनाका पछाडि दौडने र चुनौतीसँग लडन सक्ने बानी नै हो। उनी जुन कुरामा लाग्छन्, त्यसलाई पूरा नगरेसम्म विश्राम लिँदैनन्। खेलाडीका लागि बल्की र कटिङ फेज ६/६ महिनाको हुन्छ। बल्की चरणमा जे खाए पनि हुन्छ। कटिङ चरणमा ४ देखि ६ महिना कडा मेहनत हुने भएका कारण उनी बढी रिसाउँछन्। 'कटिङ चरणमा उसिनेका खानेकुरा खाने, नो पार्टी नो ग्यादरिङ, नो मुभी केही पनि छैन लाइफमा,' महर्जन थप्छन्- 'जिम गऱ्यो, खायो, सुत्यो। एक दिन होइन, दुई दिन होइन, सधैं त्यही। अन्तिम दुई महिना नुन र पानीसमेत कम गर्नुपर्छ, त्यसपछि मानिस बौलाइहाल्छ।'

परिवारलाई आफ्नो प्रेरणाको स्रोत मान्ने महेश्वर आफ्नो आदर्श राजेशबाबु श्रेष्ठलाई मान्छन्, जसले उनलाई परेका बेला मानसिक एवं आर्थिक सहयोग गर्दै आएका छन्। त्यसो भए यी मिस्टर वर्ल्ड बडी बिल्डरको सबैभन्दा खुसीको क्षण कुन होला त ? भन्छन्- 'सन् २०१६ मा भुटानमा पदक जितेको क्षण र अहिले स्वर्ण पदक जित्दाको क्षण जीवनकै सबैभन्दा खुसीको क्षण हुन्।'

## सर्वाधिक ठूलो उपलब्धि

आफूभित्रको सारा ऊर्जा लगाएर उनले १० औं विश्व शारीरिक सुगठन तथा फिजिकल स्पोर्ट्स च्याम्पियनसिपका लागि तयारी थाले। '६ महिना समय थियो, राम्रो तयारी गर्ने अवसर पाए,' महेश्वरले भने, 'बडी भनेको आजको भोलि चेन्ज हुँदैन, मसल्स गेन तथा फ्याट बर्न हुन समय लाग्छ।' उनले बैंककबाट एभोकाडो, किवी, स्ट्रबेरी आदिका डाइट मगाए। झन्डै ७० देखि ८० हजार मासिक खर्च गरे। ' हाम्रो डाइट साधारण मानिसले खाने डाइटभन्दा अलि फरक हुन्छ,' महर्जन भन्छन्- 'त्यसैले डाइटमा मात्र सबै गरेर ८ देखि १० लाख रुपैयाँ खर्च गरे।' यस क्रममा उनले आफ्नो बैंक ब्यालेन्स सके, त्यसपछि साथीभाइबाट सापटी लिए। राम्रो तयारीले प्रतिफल पनि राम्रै दिनेमा ढुक्क हुँदै उनी थाइल्यान्ड हान्निए। 'इन्टरनेसनल मेडल टच नगरी नफर्कने वाचा गरेरै गएको थिए,' उनले भने। कडा परिश्रम कै प्रतिफल मान्नुपर्छ, सिंगो देशलाई खुसी बाँड्दै उनी १० औं विश्व शारीरिक सुगठन तथा फिजिकल स्पोर्ट्स च्याम्पियनसीपमा विश्वविजेता बन्न सफल भए।

अब उनको ध्यान बडी बिल्डिङको सबैभन्दा ठूलो प्रतियोगिता मिस्टर युनिभर्समा छ। 'त्यो सबैभन्दा ठूलो प्रतियोगिता हो, त्यसका लागि दसौं गुणा ठूलो खर्च चाहिन्छ,' महेश्वर भन्छन्, 'जुन सरकार र व्यवसायिक घरानाहरूले सहयोग गरे मात्र सम्भव छ।' उनले आफू २०२० को मिस्टर युनिभर्सको तयारीमा लाग्ने कुरा बताउँदै त्यसका लागि सरकारबाट सकारात्मक सहयोगको अपेक्षा राखेको बताए। 'यो एकदमै सही समय हो,' उनले भने, 'यही खेलबाट नेपाल विश्वविजेता भएको छ, अब सरकारले गहिरो रूपमा ध्यान दिनुपर्छ। आशा गरेको छु, अब केही हुन्छ।'

# असहाय बालकहरूको सहयोगमा सहारा

राजाराम पौडेल



पोखराको सहारा क्लबले असहाय बालकहरूको सहयोगार्थ बर्सेनि फुटबल प्रतियोगिता आयोजित गर्दै आएको छ । विगत १७ वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको आहा रारा गोल्डकप फुटबल प्रतियोगिताबाट बचत रकम क्लबले सहारा फुटबल एकेडेमीमा खर्च गर्छ । यो प्रतियोगिताको १७ औं संस्करण फागुन ९ गतेदेखि फागुन १८ गतेसम्म पोखरा रंगशालाको खेल मैदानमा सञ्चालन हुनेछ । प्रतियोगितामा विदेशी, ए डिभिजनका क्लबहरू, पूर्व र पश्चिम क्षेत्रका टिमहरू तथा आयोजक सहारा क्लब पोखरासहित कुल १२ वटा टिमको सहभागिता रहने क्लबले जनाएको छ । सहारा क्लबद्वारा सञ्चालित एकेडेमीमा हाल तेस्रो ब्याचका १६ जिल्लाका २८ जना बालक आश्रित छन् ।

एकेडेमीमा कास्की जिल्लाका मात्र ८ जना बालक छन्, जसमा सन्तोष खत्री, निश्चल भण्डारी, रोजित नेपाली, सन्दीप क्षेत्री, अविशेक राना, सूर्य सुनार, समीर ढुङ्गाना तथा शेखर भेट्टाल छन् । यो एकेडेमी सुर्खेतका कमल सोमै मगर, ताप्लेजुङका अनिस पोमु लिम्बू, पाल्पाका दानु चिदी मगर, तनहुँका सुस्मान दुरा, विशाल नेपाली तथा नवराज धमेलसमेतको सहारा बनेको छ ।

स्याङजाका स्वलोक गुरुङ, सन्देश गुरुङ तथा निरज विक, बाग्लुङका मुकुन्द कुमार निउरे, झापाका सागर थापामगर, रुकुमका कुशाल बूढामगर, चितवनका प्रमिश गुरुङ, स्याग्दीका शंकर थापामगर, मुस्ताङका सुविन परियार, कैलालीका भागवत चौधरी तथा समीर चौधरी, पर्वतका शिशिर क्षेत्री, डोल्पाका सन्तोष शाही, लमजुङका युकेश गुरुङले पनि सहारा एकेडेमीको सहयोगमा आफ्नो भविष्य उज्वल बनाउने प्रयास गरिरहेका छन् ।

कक्षा ७ देखि ९ सम्म अध्ययनरत उनीहरू सबै पोखराको शिशु कल्याण आधारभूत विद्यालयमा पढ्छन् । उनीहरू बिहान ५ बजे उठ्छन् । बिहानको खाजा साढे ५ बजे खान्छन् । ६ बजे उनीहरू फुटबल खेल्न तयार हुन्छन् अनि एकेडेमी परिसरमा रहेको फुटवल मैदानमा जम्मा हुन्छन् । झन्डै आठ बजेसम्म फुटबल खेलेपछि ९ बजे स्कुलतर्फ लाग्छन् । स्कुलबाट फर्किएपछि खाजा खाएर साढे ५ बजेदेखि फुटबल खेल्छन् । बेलुकाको खाना पश्चात् उनीहरू अध्ययनमा व्यस्त हुन्छन् । विद्यालयको होमवर्क लगायतका काम सकेर उनीहरू सुत्छन् । फेरि भोलिपल्ट उस्तै दैनिकी सुरु हुन्छ । परीक्षाको समय र बिदाका दिन भने उनीहरूको यो दैनिकीमा केही परिवर्तन आउँछ । लामो छुट्टिमा कोही आफन्तकहाँ जान्छन् त कोही अभिभावककहाँ । अन्य समयमा भने एकेडेमीमै रहेर अध्ययन एवं खेलमा मेहनत गर्छन् । उनीहरूलाई अत्यास नलागोस् भनेर एकेडेमीले विभिन्न कार्यक्रम मार्फत रिर्फेससमेत गराउँछ । सानै उमेरमा परिवार गुमाएका ती बालकलाई त्यानो माया र साथ प्रदान गर्दै एकेडेमी उनीहरूका लागि अघि बढ्न दरिलो सहारा बनेको छ । एकेडेमीमा रहेका २८ जना सँगै खेल्छन्, सँगै पढ्छन् त्यसले उनीहरूलाई एक्लो महसुस हुन दिँदैन ।

सहारा एकेडेमीको स्थापना २०५८ सालमा भएको हो । फुटबल खेलाडी उत्पादन गर्ने सोचका साथ सुरु भएको एकेडेमीमा पहिलो पटक २ सय जनाले आवेदन दिए, जसमा सबै फुटबलप्रति रुचि भएकाहरू थिए । त्यसबाट २० जना छानिए । नेपाली फुटबलर अनिल गुरुङ एकेडेमीको पहिलो उत्पादन हुन् । २०६१ मा भने कठिन परिस्थितीका विभिन्न १६ जिल्लाका २० जना एकेडेमीमा भर्ना भए । छनौट गर्दा पहिलो पटकको जस्तो फुटबल खेलाडी मात्र प्राथमिकतामा थिएनन् । उनीहरूलाई विपन्न वर्ग तथा कठिन परिस्थितिका बालकबीचबाट छानियो । यसबाट पनि लक्ष्मण जिसी, अजित भण्डारी आदि खेलाडी जन्मिए ।

दोस्रो चरणका बालकहरू पास आउट भएपश्चात् २०७० को वैशाखदेखि पोखरा १७ दोविल्लामा एकेडेमी सञ्चालन गरी पुनः विपन्न वर्ग तथा कठिन परिस्थितिका ८ देखि १० वर्ष उमेर समुहका १३ जना छनौट गरिए । विस्तारै बालक छनौट गर्दै थप्ने क्रममा १६ जिल्लाका २८ जना बालक पुगे । राष्ट्रिय खेलकुद परिषद, जिल्ला फुटबल संघ, सञ्चारमाध्यम तथा विभिन्न संघसस्थाको सहकार्यमा ती बालकहरू छनौट गरिएका थिए । यसमा सधैं क्लबले तोकेको मापदण्ड पूरा गर्नेहरू छानिने संयोजक विक्रम थकालीले बताए । अहिले तीनै बालक एकेडेमीमा रहेर एकेडेमीले आफुप्रति लगाएको गुनअनुरूपको परिणाम देखाउने गरी मेहनत गर्दैछन् । राज्यले सहयोग गरेको खण्डमा फुटबल खेलाडी मात्र उत्पादन गर्ने अर्को एकेडेमी पनि सञ्चालन गर्न तयार रहेको थकालीले बताए ।

पोखराको सहारा क्लबद्वारा सञ्चालित एकेडेमीका संयोजक विक्रम थकाली भन्छन् । 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सेवा गरौं भन्ने भावनाका साथ एकेडेमी सञ्चालन गरेका हौं ।' उनको टिममा बसेर केशवबहादुर थापा, हरिराम गुरुङ, विश्वराज बराल, राजु लालचन, सुर्दशन रञ्जित तथा रामजी कार्कीले सघाएका छन् । यसका अतिरिक्त थुप्रै शुभचिन्तकको साथ-सहयोग सहारालाई छ ।

एकेडेमीमा ४ जना कर्मचारी छन् । एकेडेमी सञ्चालनका लागि मासिक खर्च झन्डै १ लाख ८० हजार रुपैयाँ चाहिन्छ । उनीहरूले एकेडेमी सञ्चालनका लागि बर्सेनि आहा रारा गोल्डकप फुटबल प्रतियोगिता आयोजित गरेर बचत भएको रकम खर्च गर्ने गरेका छन् भने खर्च जुटाउन देउसी-भैलो कार्यक्रमसमेत सञ्चालन गरिन्छ । उनीहरूले विभिन्न दाताबाट उठाएको अक्षयकोषको रकम झन्डै १ करोड रुपैयाँ पुगेको छ । अक्षकोषको रकम तथा त्यसबाट प्राप्त हुने ब्याज एकेडेमी सञ्चालनमा खर्च गर्नु नपरेको संयोजक थकालीले बताए । बेला-बेला विभिन्न व्यक्ति तथा संघ संस्थाका प्रतिनिधिहरू एकेडेमी पुगेर त्यहाँ रहेका बालकहरूलाई हौसला प्रदान गर्छन् । ती बालकहरूका लागि देश-विदेशमा रहेका नेपालीहरूले आर्थिक तथा अन्य सहयोग सहारा क्लबमार्फत प्रदान गर्दै आएका छन् ।

# ग्रासरूट क्रिकेट सिकाउँदै स्टिभ



कपिलवस्तु बहुमुखी क्याम्पस परिसरको खेलमैदानमा अस्ट्रेलियाका स्टिभ एल रोबर्ट कपिलवस्तुका विभिन्न विद्यालयका केटाकेटीहरूलाई समेटेर क्रिकेट सिकाइरहेका छन् । अहिले उनी क्याम्पसको मैदानलाई क्रिकेट खेल्न र सिक्न मिल्ने गरी सम्याउन जुटेका छन् । 'मैदानको पूर्वतर्फ दुईवटा ट्रेनिङ नेट बनाउने तयारी छ,' रोबर्टले भने । रोबर्टले कपिलवस्तुस्थित निर्भाना क्रिकेट क्लबमार्फत खेल पूर्वाधार र उमेर समूहका खेलाडीलाई एक वर्षदेखि प्राविधिक सहयोग गर्दै आएका छन् । उनले क्लबमा रहेका १० छात्रा एवं ३५ छात्र गरी ४५ जनालाई जर्सी तथा खेलकुद सामग्रीसमेत उपलब्ध गराएका छन् । नेपाल क्रिकेट संघ (क्यान) अहिले निष्क्रिय अवस्थामा छ । क्रिकेट खेलको गतिविधि शून्यको स्थितिमा छ । यस्तो अवस्थामा एक जना विदेशीले नेपाली क्रिकेटमा योगदान पुर्‍याउनु निश्चय नै प्रशंसनीय छ ।

सामाजिक सञ्जालमा नेपालको क्रिकेटका सम्बन्धमा सुनेका रोबर्ट नेपालमा क्रिकेटको राम्रो सम्भावना भएको बताउँछन् । यहाँको हावापानीसमेत क्रिकेट खेललाई साथ दिने खालको भएको उनले बताए । रोबर्टको पहलमा अहिले कपिलवस्तु बहुमुखी क्याम्पसको मैदानमा २२ यार्डको पिच निर्माण भैरहेको छ, जहाँ अत्याधुनिक बलिङ मेसिन जडान गरिनेछ । एक जना साथीसँग घुम्न आउँदा नेपाली क्रिकेटका बारेमा बुझ्ने अवसर पाएका रोबर्टले यसअघि बर्दिबासमा बर्दिबास नोबेल एकेडेमीलाई ग्रास रुट क्रिकेटका लागि सहयोग गरिसकेका छन् भने दाङमा समेत ग्रास रुट क्रिकेटका लागि आवश्यक सहयोग अघि बढाएका छन् ।

कुनै समय क्रिकेटका बारेमा अनभिज्ञ रोबर्ट अहिले भने यही खेलको विकास एवं प्रचारमा सक्रिय छन् । प्रिन्टिङ, रेसिङ कार एवं प्रोपर्टी किनबेचको काम गर्दै आएका रोबर्टमा क्रिकेटप्रति रुचि जगाउने काम उनका छोराले गरेका हुन् । रोबर्टले अस्ट्रेलियामै क्रिकेट कोचको तालिम लिएका छन् । लेभल-२ सम्मको तालिम पूरा गरेका रोबर्ट



अहिले क्रिकेट सिकाउन र चिनाउन जुटेका छन् । नेपालमा क्रिकेटको क्रेज धेरै भएको र युवाहरूमा समेत राम्रो लगन देखेको उनी बताउँछन् । नेपालका ७७ वटै जिल्ला घुम्ने र क्रिकेटका लागि आवश्यक पूर्वाधार एवं प्राविधिक सहयोग गर्ने चाहना राख्ने रोबर्ट राष्ट्रिय टिमका लागि खेलाडी उत्पादन गर्ने काम ग्रास रुट लेभलबाट मात्र सम्भव हुने बताउँछन् । हरेक खेलमा समान अवसरको खाँचो रहेको बताउने रोबर्ट उमेर समूहको खेलाडीलाई साथ दिनुपर्ने बताउँछन् । पुरुष-महिला सबै खेलाडीले समान अवसर पाउनुपर्छ, -उनले बताए । रोबर्ट निकट भविष्यमा तीन जना अन्तर्राष्ट्रिय प्रशिक्षक तथा क्रिकेट खेलाडीलाई नेपाल ल्याएर युवाहरूलाई क्रिकेट सिकाउने योजनामा छन् । त्यसका लागि कुवेतका क्रिकेट प्रशिक्षक मेरियन ओभा, अस्ट्रेलियाका ग्लेन म्याक्सवेल तथा प्रशिक्षक रिचर्ड नेपाल आएर सहयोग गर्न तयार रहेको उनले बताए ।

स्वस्तिक श्रेष्ठ

# फिक्का लिगको तीतो सत्य




नेपालमा लिग फुटबलको इतिहास निकै लामो छ। हामीकहाँ २०११ सालमा लिग सुरु भएको हो। अहिलेसम्म लिगका जति पनि संस्करण भए, ती सबै उत्तिकै गतिला भने हुन सकेनन्। केही लिग सर्वथा बिर्सनलायक रहे। यसैमा एउटा लिगको संस्करण रहनेछ, यसपटकको सहिद स्मारक लिग ए डिभिजन-२०७५। यसपटकको लिग वास्तवमै फिक्का-फिक्का रह्यो। यसका उपलब्धि नगण्य रहे। त्यसैले जति-जति बेला यो लिगलाई सम्झिइनेछ, यो लिगको कमी-कमजोरीकै लागि सम्झिइनेछ।

अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष कर्माछिरिङ शेर्पाले यसपटकको लिगलाई वार्म-अप लिगको संज्ञा दिए। उनको तर्क थियो, धेरै वर्षको अन्तरमा लिग भएकाले यसलाई वार्म-अप लिग भनिएको हो। साँच्चै यो त्यस्तै रह्यो, ख्याल-ख्यालको लिगजस्तो। यसपटकको लिगमाथि लाग्ने सबैभन्दा ठूलो आरोप हो, यो स्तरहीन हुनु। पूरा लिगका क्रममा कुनै पनि खेलले प्रतियोगिता स्तरीय रहेको प्रमाणित गर्न सकेनन्।

यसको प्रमुख कारण थियो, रेलिगेसन नहुनु। लिगको सबैभन्दा ठूलो आधार नै बढुवा र घटुवा हुन्छ। यसपटकको लिगमा त्यही थिएन, त्यसैले यसको स्पष्ट प्रभाव प्रतियोगितामा देखियो। अंक तालिकाको पुछारमा रहेका केही क्लब, जस्तै एनआरटी, फ्रेन्ड्स र मछिन्द्रले सहभागिताका लागि मात्र प्रतियोगिता खेले। न त उनीहरूले प्रतियोगिताका लागि राम्रो तयारी गरे, न त राम्रा खेलाडी अनुबन्ध गर्नमै ध्यान दिए। रेलिगेसनको डर नभएपछि यस्तो हुनु स्वभाविक पनि थियो।

सहभागी केही टिम त्यही कारणले उमेर समूहका खेलाडीमा मात्र निर्भर रहे। केही टिम यू-१८ भन्न लायक थिए। खास-खास प्रशिक्षकले त खुलेरै भने, रेलिगेसन नभएको लिग हुनाले हामीले राम्रो तयारी र टिमका लागि खासै ध्यान दिएनौं। त्यसैले त खेलहरू आकर्षक रहेनन् र नीरस सावित भए। खासमा भन्ने हो भने जुन दिन मनाङ मर्स्याङ्दीले लिग जितेको तय भैसकेको थियो, त्यही दिन लिगको औचित्य समाप्त भएको थियो। त्यसपछिका खेलहरू औपचारिकताका लागि मात्र खेलिएका थिए। प्रत्येक लिगले देशको फुटबललाई एउटा दिशा प्रदान गर्छ। केही खेलाडी अरू भन्दा ठ्याक्कै छुट्टिने गरेर अगाडि आउँछन् र आफूलाई अब्बल सावित गर्छन्। केही युवा र नयाँ खेलाडीको पनि उदय हुन्छ। यसपटकको लिगमा त्यस्तो केही पनि भएन्। मनाङले लिग जित्ने क्रममा हार्न जानेन्। यसको एउटा कारण बाँकी टिम कमजोर भएकाले नै हो, तर यसभित्र पनि अर्को तथ्य छ, यी कमजोर टिमविरुद्ध पनि मनाङको जित प्रभावशाली र आहा भन्ने लायकको थिएन।


मनाङले अंक तालिकाका पुछारमा रहेका टिमविरुद्ध प्राप्त गरेको जित पनि संघर्षपूर्ण नै थियो। यसपटकको लिग कमजोर हुनुका पछाडि राष्ट्रिय टिमका अधिकांश खेलाडीको कमजोर प्रदर्शन पनि मुख्य कारकका रूपमा रह्यो। राष्ट्रिय टिमका अधिकांश खेलाडी मनाङ र थ्री स्टारमा थिए। एकाध अपवादलाई छाडेर अधिकांश खेलाडीले आफूले लगाउने राष्ट्रिय टिमको जर्सीप्रति न्याय गर्न सकेनन्। लिगका बाँकी खेलाडी सरह नै उनीहरूको प्रदर्शन पनि औसत नै रह्यो, कमजोर नै देखियो।

यसपटकको लिगको अर्को एउटा ठूलो विशेषता रह्यो, विदेशी खेलाडीको प्रभाव। विभागीय तीन टिमले विदेशी खेलाडी ल्याउने त कुरै भएन, अन्यथा बाँकी सबै क्लब धेरै हदसम्म विदेशी खेलाडीमै निर्भर रहे, त्यसमा पनि अफ्रिकी खेलाडी। विदेशी खेलाडीको आगमनपछि त केही टिमको प्रदर्शनमा आकाश जमिनको परिवर्तन आयो। यद्यपि यी विदेशी खेलाडी पनि गतिला थिएनन्। कमजोर विदेशी खेलाडी नै हाम्रो लिगका केही खेलमा निर्णायक हुँदै दमदार देखिए।

नेपालमा खेल्न जति पनि विदेशी खेलाडी आए, त्यसमध्ये अधिकांश भारतको प्रान्तीय फुटबलमा नबिकेर आएका हुन्। केही सय डलरमा खेल्ने विदेशी खेलाडीबाट कसैले राम्रो प्रदर्शनको अपेक्षा गर्नु पनि गलत थियो। यी सबै कारणले यसपटकको लिग वास्तवमै कमजोर सावित भयो। यसले अपेक्षाअनुसार नेपाली फुटबललाई कुनै दिशा दिन सकेन। भविष्यमा खराब लिगको उदाहरण दिन यसपटकको संस्करणलाई पनि सम्झिइनेछ, यसपटकको लिगको तीतो सत्य यही नै हो।

मैदान बाहिर

## निक्कीले भेटिन् नयाँ प्रेमी




स्टार पहलवान जोन सेनाका साथ आफ्नो उतारचढावपूर्ण सम्बन्धलाई समाप्त गरेकी निक्की बेलाले अब नयाँ जीवनतर्फ अघि बढ्ने संकेत गरेकी छिन्। ३५ वर्षीया अमेरिकी स्टार निक्की आफैं पनि डब्लूडब्लूई पहलवान हुन्। हालै उनलाई रूसी डान्सर तथा डान्सिङ विथ द स्टार्स कार्यक्रमका डान्सर अर्टेम चिगविनसेभसँग डेटिङमा रमाइरहेको देखिएको छ।

कुनै बेला निक्की १६ पटकका डब्लूडब्लूई च्याम्पियन जोन सेनाकी गर्लफ्रेन्ड थिइन्। उनीहरूबीच अफेयरको सुरुवात २०१२ मा भएको थियो र २०१७ अप्रिल २ मा रिङमै जोन सेनाले उनलाई प्रपोज गरेका थिए। गत मे महिनामा उनीहरुको विवाह हुने पक्का भएको थियो। यद्यपि अप्रिलमै निक्कीले विवाह रद्द भएको घोषणा गरेर सनसनी मच्चाएकी थिइन्। जोन सेनाकै कारण उक्त विवाह रद्द गर्नुपरेको उनको भनाइ थियो। तैपनि उनीहरूबीच फेरि पनि सम्बन्ध विकसित हुन सक्ने अड्कल काटिएको थियो, तर अब निक्कीले अर्को बाटो रोजेको समाचारले अन्तर्राष्ट्रिय मिडियाहरू भरिएका छन्। औपचारिक रूपमा भने उनीहरूले यस विषयमा केही भनेका छैनन्।







## नेयमारले फेला पारे नयाँ गर्लफ्रेन्ड

ब्राजिलियन फुटबलर नेयमारका लागि वर्ष २०१८ का दिन सुखद रहेनन्। पीएसजी क्लबबाट खेल्ने नेयमारले गत अक्टोबरमा ब्रुनो माक्विजिनसँगको सम्बन्ध समाप्त भएको बताएका थिए। माक्विजिनसँग नेयमारको सम्बन्ध विगत ६ बर्ष यता चल्दै आएको थियो। अहिले उनी २० वर्षीया ब्राजिलियन मोडल मेरी टाभर्ससँग रमाइरहेका छन्। मेरी ब्राजिलकी प्रतिष्ठित मोडलमध्ये एक हुन्। उनीहरू साथै रमाएका तस्बिर सोसल मिडियामा भाइरल भएका छन्। एक तस्बिरमा उनीहरू होटलको स्वीमिङ पुल नजिक भएको पार्टीमा देखिन्छन्। यसबाट नेयमारले नयाँ गर्लफ्रेन्ड फेला पारेको अनुमान लगाउन गाह्रो छैन। नेयमारकी पूर्वप्रेमिका माक्विजीले भने नेयमारकै कारण उनीहरूको सम्बन्ध विच्छेद भएको कुरा बताएकी छिन्।

जाँदा-जाँदै

# सक्किगो नि !




**मानिसका आ-आफ्नै दु:ख छन् । कसैलाई नभएर दु:ख, कसैलाई भएर, कसैलाई नपुगेर दु:ख, कसैलाई पुगेर । हास्य टेलिश्रृंखलाबाट परिचित कुमार कट्टेल अर्थात् जिग्री ब्रोले नाम र दाम दुवै कमाएका छन् । उनका फ्यान फलोईङ ठन्नै छ । उनलाई के-को दु:ख होला ? कुमार कट्टेल यसै साता रामजी ज्ञवालीसँग गफिए ।**

**दिनहरु कसरी बिताउँदै हुनुहुन्छ ?**

बिहान उठेदेखि साँझ सुत्ने बेलासम्म विभिन्न काममा व्यस्त हुन्छु । हिजो भद्रगोल मात्र थियो, अहिले चारखालमा यो रेस्टुराँ चलाउन थालेका छौं । चाँडै क्रिकेट स्टेडियमको काम पनि सुरु हुँदैछ । मैले कल्पना गरेको क्रिकेट स्टेडियमको काम धुर्मुस-सुन्तली फाउण्डेसनमार्फत अघि बढ्दैछ । त्यसबाहेक मेरा दाजुभाउजूले निर्माण गर्न लागेको चलचित्रको स्क्रिप्टको काम पनि हेरिरहेको छु ।

**भनेपछि दु:खै रहेछ ?**

यति दु:ख नगरे त सुख कहाँ पाइन्छ र ?

**भद्रगोल टिमले चलचित्र निर्माणमा पनि हात हाल्दैछ भन्ने कुरा सही हो ?**

सही हो । हामी चाँडै चलचित्र घोषणा गरी छायांकनमा जाने तयारीमा छौं ।

**त्यो कस्तो चलचित्र हुनेछ ?**

सामाजिक कमेडी ।

**बजारमा यस्ता चलचित्र चलेका आधारमा त्यस्तै विषय छान्नुभएको हो ?**

किन ढाँट्नु ? अहिले हास्य चलचित्रको बजार राम्रो छ । त्यही भएर यता हात हाल्न लागेको हो ।

**माघ लाग्दैछ, विवाह गर्ने बेला भएन ?**

तपाईंले भनेको कुरा ठीकै हो, तर कहिले हुन्छ ठ्याक्कै भन्न सक्दिनँ ।

**फेला त पार्नुभएको होला ?**

भेटिएकी छैनन् । भेटिइन् भने जानकारी गराइहाल्छु ।

**तपाईंकी ड्रिम गर्ल कस्ती छिन् ?**

मसँग जिन्दगी बिताउन सक्नुपर्‍यो । मेरो पारिवारिक एवं व्यवसायिक सबै जिम्मेवारीमा एडजस्ट हुनुपर्‍यो । त्यति भए, भैगो नि, अरू के चाहियो र ?

**बिहान कति बेला उठ्नुहुन्छ ?**

ढिलो सुत्ने बानी छ । सधैं जसो १-२ बजे सुत्छु । त्यसैले उठ्न ढिलो हुन्छ । अझ यो जाडोमा त बिहान १० बजेसम्म सुतिन्छ ।

**खाना घरमै खानुहुन्छ कि बाहिर ?**

मन पर्ने खाना त घरकै हो । आमाले बनाएको खानाको त वर्णन नै गर्न सक्दिनँ । यद्यपि कामका कारण प्राय: बाहिरकै खाना खानुपर्छ ।

**कस्तो खाना मन पर्छ ?**

टिपिकल दाल, भात, तरकारीसँगै थोरै चटनी ।

**चिया-कफी के पिउनुहुन्छ ?**

कालो चिया पिउने बानी छ ।

**जाडो मौसम छ, गर्मी मन पर्छ कि जाडो ?**

गर्मीमा जाडो मन पर्छ, जाडोमा गर्मी, तर दुवैलाई दाँज्ने हो भने जाडोनै मन पर्छ ।

**तपाईंले बोल्ने थेगो सक्किगो नि निकै हिट भयो, यसको आइडिया कसरी आयो ?**

भद्रगोलको सुटिङ भैरहेको थियो । सुटिङ सकिनै लाग्दा अन्तिममा अन द स्पट सक्किगो नि भन्दिएछु सबैले दामी भो भन्नुभयो । त्यो दृश्य जस्ताको तस्तै प्रसारण भयो । मिस्टेकमा बोलिएको त्यो शब्द यति हिट भयो कि, अचम्मै लाग्यो । त्यसपछि सक्किगो निको गीत बन्यो, जसलाई सबैले गुनगुनाउँदै हिँडे ।

# भिडियो प्रतियोगितामा मेरो गाउँ मेरो ठाउँ

आफ्नो गाउँको पर्यटकीय सम्भावना उजागर गर्ने अवधारणामा वि विल राइज फाउण्डेसनले भिडियो च्यालेन्ज सार्वजनिक गरेको छ । नेपाल भ्रमण वर्ष-२०२० लाई टेवा पुगोस् भन्ने अभिप्रायले फाउण्डेसनले नेपाल पर्यटन बोर्डसँग सहकार्य गर्दै उक्त कार्यक्रमको घोषणा गरेको हो । भिडियो निर्माताहरूले कुनै पनि गाउँको प्राकृतिक, सांस्कृतिक, भेषभूषा, खानपान, कला आदि जुनसुकै विषयलाई आधार बनाएर भिडियो तयार पार्न सक्छन् । अहिले पर्यटकहरूको अत्याधिक आवागमन हुने क्षेत्रलाई पनि फरक ढंगले प्रस्तुत गर्न सके त्यस्ता भिडियो पनि प्रतियोगितामा समावेश हुनसक्छ ।

आयोजक फाउण्डेसनका अनुसार कुनै पनि भिडियो निर्माताले आफूसँग भएको स्मार्टफोनको एचडी क्वालिटिमा भिडियो खिचेर समेत यो प्रतियोगितामा सहभागिता जनाउन सक्छन् भने त्योभन्दा बढी गुणस्तरको भिडियो पनि मान्य हुनेछ । अधिकतम ५ मिनेटको उक्त भिडियोको सबै पक्षको उत्कृष्टताको निर्णय निर्णयकहरूको उच्चस्तरीय समिति तथा सामाजिक सञ्जालहरूको लाइकका आधारमा हुनेछ ।

वि विल राइजले दिइएको जानकारी अनुसार




भिडियो निर्माताले आफूलाई मन परेको विषयमा फाउण्डेसनको आधिकारीक वेबसाइट डब्लुडब्लूआरएफ डट ओआरजी डट एनपी wwrf.org.np मा गएर जानकारी गराउनु पर्नेछ । निर्णायकहरूबाट चयन भएका उत्कृष्ट भिडियोलाई फाउण्डेसनको युट्युब च्यानल, फेसबुक पेजमा राखेर प्रचार-प्रसार गरिनेछ । यसमा सर्वाधिक लाईक, कमेन्ट र सेयर हुने भिडियोलाई 'पिपुल च्वाइस एवार्ड' प्रदान गरिनेछ । निर्णायक समितिले भने उत्कृष्ट भिडियोको निर्णय गर्नेछन् । दुवै विधामा पहिलो हुने भिडियोले १-१ लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । यो प्रतिस्पर्धा अप्रिल महिनाभित्र सम्पन्न गरिने फाउण्डेसनले जनाएको छ ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।